नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

शुक्रबार, कात्तिक १७, २०७४ | Friday, November 3, 2017 | www.newsofnepal.com | नेसं ११३८ कछलाथ्वः १४ | वर्ष २३, अंक २८८ | पृष्ठ १२ | मूल्य रू. १०/–










# मनोनयन दर्ता शान्तिपूर्ण

◆ महिला उम्मेदवारको संख्या नगन्य ◆ प्रतिनिधिसभा र प्रदेशसभाका लागि ४७०८ जनाको उम्मेदवारी





सुनील महर्जन, काठमाडौं

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको प्रत्यक्षतर्फका लागि बिहीबार ४ हजार ७ सय ८ जनाको उम्मेदवारी परेको छ।

आयोगस्थित संयुक्त निर्वाचन सञ्चालन केन्द्र (जेईओसी)बाट प्राप्त विवरणअनुसार सो संख्यामा उम्मेदवारी परेको हो। ४५ जिल्लामा प्रतिनिधिसभा सदस्यतर्फ १ सय २८ निर्वाचन क्षेत्र र प्रदेशसभातर्फ २ सय ५६ वटा निर्वाचन क्षेत्रका लागि सो उम्मेदवारी परेको निर्वाचन आयोगले जनाएको छ। दोस्रो चरणको निर्वाचन आउँदो मंसिर २१ गते हुनेछ।

आयोगका अनुसार प्रतिनिधिसभाका लागि १ हजार ७ सय ४२ र प्रदेशसभाका लागि २ हजार ९ सय ६६ जनाको उम्मेदवारी परेको हो। परेका उम्मेदवारीमध्ये महिलाको संख्या अत्यन्त न्यून रहेको आयोगले जनाएको छ।

शुरूमा स्वतन्त्र उम्मेदवारहरूले उम्मेदवारी दर्ता गराएका थिए। अपराह्नपछि राजनीतिक दलका उम्मेदवारले उम्मेदवारी दर्ता गराएका थिए। उम्मेदवारहरूले फूलमाला लगाएर बाजागाजाका साथ विजय उत्सवझैं कार्यकर्ता लिएर जिल्ला सदरमुकाममा खोलिएका मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयमा गई मनोनयनपत्र दर्ता गराएका थिए।

मनोनयन दर्ताका लागि बिहान १० देखि अपराह्न ५ बजेम्म समय तोकिएको थियो। ५ बजेभित्र प्रवेश गरेका उम्मेदवारले भने साँझसम्म पनि मनोनयन दर्ता गर्न पाउने व्यवस्था गरिएको थियो। एक जनाले प्रस्ताव र अर्को एक जनाले समर्थन गरी सही छाप गरेको मनोनयनपत्रसहित प्रतिनिधिसभातर्फ पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ मनोनयन दर्ता गराइएको थियो।

प्रस्तावक र समर्थक सोही निर्वाचन क्षेत्रअन्तर्गतको गाउँपालिका वा नगरपालिकाको वडा सदस्यको मतदाता नामावलीमा नाम समावेश भएको निस्सासमेत मनोनयन-पत्रमा संलग्न गराउनुपर्ने कानुनी व्यवस्था छ। धरौटी रकमको हकमा प्रतिनिधिसभा सदस्यका लागि १० हजार रुपियाँ र प्रदेशसभा सदस्यका लागि ५ हजार रुपियाँ निर्धारण गरिएको छ। महिला, दलित वा अल्पसङ्ख्यक समुदाय वा आर्थिकरूपले विपन्न उम्मेदवारको हकमा धरौटी रकममा ५० प्रतिशत छुट गरिएको थियो।

यस पटकदेखि एक व्यक्तिले एक पटकमा कुनै एक निर्वाचन क्षेत्रका लागि मात्र उम्मेदवारी दिन सक्ने प्रावधान लागू गरिएको छ। एकभन्दा बढी निर्वाचन क्षेत्रमा उम्मेदवारी दिएमा त्यस्ता उम्मेदवारको सबै क्षेत्रको उम्मेदवारी बदर हुने व्यवस्था रहेको आयोगले जनाएको छ। समानुपातिक निर्वाचन प्रणालीको बन्दसूचीमा नाम समावेश भएकाले प्रत्यक्षतर्फको निर्वाचनमा उम्मेदवारी दिन नपाउने प्रावधान रहेको छ।

त्यस्तै, प्रदेशसभा सदस्यतर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फका उम्मेदवारले भने मनोनयनपत्रका साथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, धरौटी जम्मा गरेको रसिद र प्रदेशभित्रको गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा पेस गरेर मात्र उम्मेदवारको मनोनयन दर्ता गरिएको थियो।

काठमाडौं उपत्यकाका मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत कार्यालयमा सुरक्षा व्यवस्था कडा पारिएको थियो। निर्वाचन अधिकृत कार्यालयमा उम्मेदवार र तिनका प्रस्तावक र समर्थकलाई मात्र भित्र छिर्न दिइएको थियो। आयोगले उम्मेदवार मनोनयन दर्ताको दिन सुरक्षा प्रबन्ध मिलाउन पनि सरकारलाई आग्रह गरेको थियो। उम्मेदवार मनोनयन दर्ता उत्साहजनक र शान्तिपूर्वक भएको निर्वाचन आयोगले जनाएको छ।

उम्मेदवारको मनोनयन दर्ता कार्य शान्तिपूर्ण रहेको प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवले जानकारी दिनुभयो। 'यसबाट प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनप्रतिको सबै किसिमका आशंका हटेको छ।' -डा. यादवले भन्नुभयो।

(क्रमशः पृष्ठ ८ मा)

# कांग्रेसका शीर्ष नेता को कहाँ?

रामकृष्ण चापागाईं, काठमाडौं

दोस्रो चरणअन्तर्गत मंसिर २१ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले डडेल्धुराबाट प्रतिनिधिसभामा उम्मेदवारी दिनुभएको छ। कार्य व्यस्तताका कारण वारेसनामा मार्फत उम्मेदवारी दर्ता गर्नुभएका प्रधानमन्त्री देउवाको चौथो नम्बरमा उम्मेदवारी दर्ता भएको छ।

कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले तनहुँ क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्य पदमा उम्मेदवारी दिनुभएको छ। उहाँका विरुद्ध कांग्रेसका प्रभावशाली नेता गोविन्दराज जोशीले बागी उम्मेदवारी दिनुभएको छ। जोशीले उम्मेदवारी दिएसँगै वरिष्ठ नेता पौडेलाई चुनाव जित्न अप्ठ्यारो परेको भन्दै कांग्रेसका शीर्ष नेताले उहाँलाई उम्मेदवारी फिर्ता गर्न दबाब दिइरहेका छन्।

(क्रमशः पृष्ठ ८ मा)

### एमालेका शीर्ष नेताहरू

१. केपी शर्मा ओली (झापा ५), २. माधव नेपाल (काठमाडौं २), ३. झलनाथ खनाल (इलाम १), ४. सुवासचन्द्र नेम्वाङ (इलाम २), ५. ईश्वर पोखरेल (काठमाडौं ५), ६. विष्णु पौडेल (रूपन्देही २), ७. घनश्याम भुसाल (रूपन्देही ३), ८. वामदेव गौतम (बर्दिया १), ९. प्रदीप ज्ञवाली (गुल्मी १), १०. भीम रावल (अछाम १), ११. सुरेन्द्र पाण्डे (चितवन १), १२. खगराज अधिकारी (कास्की १), १३. रवीन्द्र अधिकारी (कास्की २) रहेका छन्।

(क्रमशः पृष्ठ ८ मा)

### एमाओवादीका शीर्ष नेताहरू

१. पुष्पकमल दाहाल 'प्रचण्ड' (चितवन ३), २. नारायणकाजी श्रेष्ठ (गोरखा २), ३. टोपबहादुर रायमाझी (अर्घाखाँची) रहेका छन्।

(क्रमशः पृष्ठ ८ मा)

### राजपा-संघीय फोरमका शीर्ष नेताहरू

१. महन्थ ठाकुर (महोत्तरी ३), २. उपेन्द्र यादव (सप्तरी २), ३. राजेन्द्र महतो (धनुषा ३), ४. अशोक राई (सुनसरी १), ५. शरतसिंह भण्डारी (महोत्तरी २), ६. महेन्द्र राय यादव (सर्लाही २), ७. अनिलकुमार झा (रौतहट १), ८. राजकिशोर यादव (सिरहा ४), ९. रामसहाय यादव (बारा २), १०. राकेश मिश्र (सर्लाही ४) रहेका छन्।

### राप्रपाका शीर्ष नेताहरू

१. कमल थापा (मकवानपुर १), २. विक्रम पाण्डे (चितवन ३), ३. राजेन्द्र लिङ्देन (झापा ३), ४. पशुपति शमशेर जबरा (सिन्धुपाल्चोक २) रहेका छन्।






# पक्राउ परेका भारतीयको गतिविधि शंकास्पद

काठमाडौं, (नेस)

भारतको पन्जाबबाट हतियारसहित नेपाल प्रवेश गरेका २ भारतीय नागरिकको गतिविधि शंकास्पद देखिएको प्रहरीले जानकारी दिएको छ। कमलादीस्थित ज्याक डेनियल रेस्टुरेन्टमा गोली प्रहारपछि पक्राउ परेका हरबेन्द्र सिंह र जोगिन्द्र सिंहबीच विवाद हुादा जोगिन्द्रले बोकेको पेस्तोल निकालेर फायर गरेपछि घटना बाहिर आएको थियो।

भारतीय नागरिक जोगिन्द्रले बोकेको पेस्तोल भारत सरकारले इजाजत दिएको हतियार भए पनि उक्त हतियार नेपालमा भने अवैध भएको प्रहरीले जानकारी दिएको छ।

चण्ढीगढबाट नेपाल आएका उनीहरू सुनौली नाकाबाट नेपाल प्रवेश गरेका थिए। सुनौलीनाकाबाट नेपाल प्रवेश गर्दा कुनै पनि ठाउँमा उनीहरूमाथि चेकजाँच नभई राजधानी प्रवेश गरेका थिए। केही दिनको काठमाडौं बसाइपछि पोखरा जाने तयारीमा रहेका उनीहरूको नेपाल भ्रमणको उद्देश्य भने नखुलेको प्रहरीले जानकारी दिएको छ।

उनीहरू कसैको हत्या गर्ने वा नेपालको जासुसी गर्ने किसिमले नेपाल प्रवेश गरेको देखिँदैन नेपाल प्रहरीको विशेष ब्युरोका एक अधिकारीले *नेपाल समाचारपत्र*लाई जानकारी दिए।



ब्युरोले उनीहरूको साथबाट पन्जाव प्रहरीको परिचयपत्र फेला पारेको भए पनि उनीहरू भारतीय सुरक्षाकर्मीसँग कुनै सम्पर्कमा नरहेको र उनीहरूको साथबाट फेला परेको परिचयपत्र पूर्वभारतीय सुरक्षाकर्मीको रहेको पनि ब्युरोका ती अधिकारीले जानकारी दिए।

प्रहरीले उनीहरूको साथबाट १ थान अटोमेटिक पेस्तोल र ५१ राउन्ड गोली बरामद गरको थियो। उनीहरू भारतमा पनि आपराधिक गतिविधिमा संलग्न रहेको फेला नपरे पनि हतियार लिएर किन नेपाल प्रवेश गरे, त्यसबारेमा अनुसन्धान गरिरहेको ती अधिकारीले बताए।

# शीर्ष मधेसी नेता बागीले हैरान

काठमाडौं, (नेस)

आगामी मंसिर २१ गते हुने प्रत्यक्षतर्फको निर्वाचनमा मधेसवादी दलका शीर्ष नेता नै बागी उम्मेदवारबाट हैरान भएका छन्।

संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादव र राष्ट्रिय जनता पार्टी (राजपा) नेपालका अध्यक्ष मण्डलका संयोजक महन्थ ठाकुरविरुद्ध नै बागी उम्मेदवार खडा भएको छ।

फोरमले राजपासँग सहकार्य गरे पनि राजपाका सहमहामन्त्री जयप्रकाश गुप्ताले सप्तरी २ मा फोरम अध्यक्ष यादवविरुद्ध उम्मेदवारी दिएका छन्। प्रतिनिधिसभाका उम्मेदवार यादव छन् भने सोही क्षेत्रमा प्रदेशसभाका लागि फोरमबाट शैलेन्द्र साह र राजपाका महासचिव मनीष सुमन छन्।

त्यस्तै, राजपा अध्यक्ष मण्डलका संयोजक महन्थ ठाकुरविरुद्ध पनि बागी उम्मेदवारी परेको छ। ठाकुरविरुद्ध राजपाकै निर्वतमान सांसद चन्देश्वर झाले उम्मेदवारी दिएका छन्। महोत्तरी ३ बाट प्रतिनिधिसभामा मनोनयन दर्ता गराएका ठाकुरविरुद्ध यसअघि सोही क्षेत्रबाट स्वतन्त्ररूपमा निर्वाचित झाले मनोनयन दर्ता गरएका छन्। झा निर्वाचनअघि मात्र राजपामा प्रवेश गरेका थिए।

यता राजपाका अध्यक्ष मण्डलका सदस्य अनिल झाविरुद्ध फोरमका नेता एवं पूर्वसांसद बबन सिंहले उम्मेदवारी दिएका छन्। रौतहट १ बाट झाविरुद्ध सिंहले मनोनयन दर्ता गराएका हुन्। अन्य केही स्थानमा राजपाका नेताविरुद्ध फोरमका नेता तथा फोरमका विरुद्ध राजपाका नेताले उम्मेदवारी दिएका छन्।

राजपाका महासचिव मनीष सुमनले *नेपाल समाचारपत्र*सँग कुराकानी गर्दै बागीहरूसँग छलफल हुने बताउनुभयो। उहाँले अधिकांश बागीले मनोनयन फिर्ता गर्ने दाबीसमेत गर्नुभयो।

प्रतिनिधिसभा-प्रदेशसभा

# निर्वाचन विशेष










दोस्रो चरण निर्वाचनको प्रत्यक्षतर्फ प्रतिनिधिसभा-प्रदेशसभामा मनोनयन गर्दै विभिन्न राजनीतिक दलका उम्मेदवारहरु






















# देशभर फाटेको जुत्ता




आज देशभरका हलमा *फाटेको जुत्ता* नामक फिल्म रिलिज हुने भएको छ। कमेडीवेश यो फिल्म *जिन्दगी रक्स*बाट फिल्म निर्देशन यात्रा शुरु गरेका निकेश खड्काले निर्देशन गरेका छन्। म्युजिक भिडियो निर्देशनमा व्यस्त रहने खड्काले विभिन्न विधाका ७ सयभन्दा बढी गीतको म्युजिक भिडियो निर्देशन गरिसकेका छन्।

संगीतकार तथा गायक अर्जुन कुमारद्वारा निर्मित फिल्ममा निरोज महर्जनको कथा, पटकथा र संवाद, प्रवेश मल्लिक र डीपी खनालको गीत, प्रवेश मल्लिक र शंकर थापाको संगीत, राजीव समर र कविराज गहतराजको नृत्य, अष्ट महर्जनको द्वन्द्व, निरज कँडेलको छायांकन र दीर्घ खड्काको सम्पादन रहेको छ।

प्रोमोबाट प्रशंसा पाएको फिल्ममा सौगात मल्ल, प्रियंका कार्की, कामेश्वर चौरासिया, रवीन्द्र झा र अनोज पाण्डे मुख्य भूमिकामा छन् भने दयाहाङ राई र वर्षा राउत विशेष भूमिकामा देखिनेछन्।

# मंसिरमा हिमालयका गीत



आगामी मंसिर ३ गते राजधानीको जमलस्थित राष्ट्रिय नाचघरमा *सङ्स अफ द हिमालयज्* नामक सांगीतिक समारोह आयोजना गरिने भएको छ।

समारोहमा बलिउडका चर्चित कलाकारका साथमा नेपालको तर्फबाट *फूलको आँखामा फूलै संसार* गीतकी गायिका आनीछोइङ डोल्माले आफ्ना सांगीतिक प्रस्तुति प्रस्तुत गर्नेछिन्। कार्यक्रम नेपाल पर्यटन बोर्ड र आनीछोइङ डोल्माको सहकार्यमा हुन लागेको हो।

बलिउडको तर्फबाट *परिनिता, लगे रहो मुन्ना भाइ, थ्री इडियटस, पीके, पिंक*लगायत सफल फिल्ममा संगीत दिएर राष्ट्रिय अवार्ड हात पारेका सान्तनु मोइत्रा कार्यक्रमको मुख्य आकर्षण हुने छन्। त्यस्तै शास्त्रीय विधाकी गायिका कौशिकी चक्रवर्ती, चितपरिचित मुरली वादक आश्विन श्रीनिवासन, सितार वादक पूर्वयन छत्तिरजीलगायतको प्रस्तुति रहने पर्यटन बोर्डमा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराएको छ।

'भारतीय संगीत निर्देशक सान्तनुले १ सय दिन नेपाल, भुटान, भारतलगायतका हिमाली क्षेत्रमा यात्रा गर्ने क्रममा त्यसबाट मोहित भएर कथामा आधारित संगीत तयार पारेका थिए र त्यसलाई केन्द्रबिन्दु बनाएर नेपालमा प्रस्तुत गर्न लागिएको हो' -पत्रकार सम्मेलनमा गायिका आनीले भनिन्। संगीतको माध्यमबाट दुई देशलाई जोडेर नेपालमा पर्यटनको सम्भावना बढाउन यसले ठूलो भूमिका खेल्ने उनले चर्चा गरिन्। कार्यक्रमबाट उठेको रकममध्ये खर्च कटाएर आरोग्य प्रतिष्ठानमा खर्च गरिने आनीले प्रस्ट पारिन्।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले यस्तो भव्य कार्यक्रमको आयोजना गर्न पाउँदा निकै खुसी लागेको र यसले नेपालको पर्यटन प्रबर्द्धनमा ठूलो भूमिका खेल्ने दाबी गरे। सांगीतिक समारोहमा गीतभन्दा बढी कथामा आधारित संगीतलाई जोड दिइने बताइएको छ।

# फिल्म निर्माणका लागि सांगीतिक कार्यक्रम



हेटौंडा, (नेस)। उत्तरी मकवानपुरको दामनमा सांस्कृतिक कार्यक्रम गरिएको छ। उत्तरी क्षेत्रमा कलालाई उजागर गर्दै आएको थाहा कला केन्द्रको आयोजनामा बृहत् सांस्कृतिक कार्यक्रम भएको हो।

थाहानगर उपप्रमुख खड्ग गोपालीको प्रमुख आतिथ्यता तथा केन्द्रका अध्यक्ष सानोबाबु मुक्तानको सभाध्यक्षमा समाज रूपान्तरणका लागि फिल्म निर्माणको अभियानमा कार्यक्रम गरिएको हो। कार्यक्रममा भीमफेदी गाइज, रक गायिका सरस्वती लामा, राष्ट्रिय लोकगायक मुक्तिनाथ उप्रेती आकर्षण बनेका थिए। विभिन्न क्लब तथा स्थानीय कलाकारले पनि मनोरञ्जन प्रदान गरेका थिए। मकवानपुरको पर्यटकीय क्षेत्रलाई कलाको माध्यमबाट चिनाउने र समाज रूपान्तरणका लागि फिल्म निर्माण गर्ने उद्देश्यका साथ कला केन्द्र अगाडि बढिरहेको छ। थाहा नगरपालिकाको पर्यटकीय क्षेत्र दामन भ्यु टावरअगाडिको चौरमा कार्यक्रम गरिएको हो।






# विचार



मूर्खलाई ज्ञान दिन खोज्ने ऊ स्वयम् मूर्ख हो। किनभने मूर्खले आफ्नो अहंकारको कारणले आफूलाई ज्ञानी नै ठानिरहन्छ।
– तिरुवल्लुवर

मेरा प्यारा सैनिकलाई संसारका कुनै सेनासँग लडाउन रत्तिभर पनि डर मान्दिनँ तर गोरखा सैनिकको नाम सुन्नासाथ मेरो मुटु थर्कमान हुन्छ।
– जर्मन सम्राट कैजर विलियम

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

## राजधानीमा प्रहरी निगरानी बढाऊ

राजधानी काठमाडौंमा केही महिनायता साना हतियारको प्रयोग गरी आतंकित बनाउने काम तीव्र भएको छ । चुनावको माहोलमा काठमाडौंको कमजोर सुरक्षाको फाइदा उठाई आपराधिक समूहहरू सक्रिय हुन थालेको आभास भएको छ । निर्माण व्यवसायी महासंघका अध्यक्ष शरदकुमार गौचनको हत्या भएपछि आतंकित भएको राजधानी शान्त हुन नपाउँदै केही दिनपछि म्हैपीमा अर्को गोली चल्यो । सो गोलीकाण्डमा गोरखाका कल्याण गुरुङ घाइते भए । गत बुधबार पनि राजधानीको ज्याक डेनियल रेस्टुरेन्टमा दुई भारतीय नागरिकबीच विवाद हुँदा गोली चलेको छ । भारतको पन्जाव राज्यबाट काठमाडौं आएका जोगिन्द्र सिंह र हरवेन्द्र सिंहबीच विवाद भएपछि जोगिन्द्र सिंहले गोली फायर गरेका थिए । गोली आकाशतिर फायरिङ गरेका कारण मानवीय क्षति भने हुन पाएन । गोली चलेपछि उक्त रेस्टुरेन्टमा रहेका अन्य ग्राहकहरूको भागाभाग भएको थियो । प्रहरीले जोगिन्द्र र हरवेन्द्र दुवैलाई एउटा अटोमेटिक पेस्तोल र ५२ राउन्ड गोलीसहित पक्राउ गरेको छ । राजधानी छिर्ने नाकाहरुमा कडाइका साथ चेकजाँच हुन नसक्दा साना हतियारसहित आपराधिक समूहको सजिलै प्रवेश हुने गरेको हो ।

राजधानीमा हतियार प्रयोग भएपछि प्रकाशमा आएका घटना मात्र हुन् यी । साना हतियार बोकेर हिंड्ने अरु पनि धेरै हुन सक्छन् । नजिकिँदै गएको निर्वाचनलाई मध्यनजर गरी प्रहरीले निगरानी बढाउनुपर्ने देखिन्छ । हुन त नजिकिएको निर्वाचनलाई लक्षित गरी हतियार राजधानी भित्रिन सक्ने आशंका गर्दै प्रहरी प्रधान कार्यालयले सुरक्षा प्रमुखहरुलाई चनाखो हुन निर्देशन दिएको समाचार छ । तर पनि राजधानीमा हतियारको प्रयोग बढेकाले सरकारसहित सम्बन्धित निकायहरु बढी नै संवेदनशील हुनु जरुरी छ । उपत्यकामा विशेष गरी अमेरिकामा निर्मित पेस्तोल, इटालियन पेस्तोल, चिनियाँ एवं भारतीय पेस्तोल, सिक्सर रिवल्भर, २२ क्यालिभर पेस्तोल, नेपालमै बनेका कट्टुवाजस्ता साना हतियारको प्रयोग बढी हुन थालेको समाचार छ । यसले गर्दा यहाँको सुरक्षा व्यवस्थामा नै चुनौती थपिएको छ ।

पछिल्ला वर्षहरूमा साना हतियारबाट सिर्जित अपराधका घटनामा वृद्धि भएको छ । तीन वर्षयता उपत्यकाका तीन जिल्ला काठमाडौं, भक्तपुर र ललितपुरबाट मात्रै २० थान हतियार र २ सय ३ राउन्ड गोली बरामद भएको तथ्यांक छ । प्रहरीले यही अवधिमा उपत्यकामा हतियार प्रयोगमा संलग्न १ सय ६१ जनालाई पक्राउ गरेको जनाइएको छ । महानगरीय प्रहरी कार्यालय रानीपोखरीका अनुसार तीन महिनायता मात्रै ९ हतियार बरामद भएका छन् भने ३० जना पक्राउ परेका छन् । साना हतियारको प्रयोग बढ्न थालेपछि राजधानीवासी त्रसित हुन थालेका छन् । निर्वाचनको माहोलमा यहाँ जे पनि हुन सक्ने भएकाले प्रहरीले राजधानीको सुरक्षा सतर्कतालाई मजबुत बनाउनै पर्छ ।

**लेखकहरुलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरु निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# निर्वाचनको संघारमा नेपालको अर्थतन्त्र



रुपनारायण खतिवडा

> निर्वाचनको समयमा अर्थतन्त्रमा एकैपटक ठूलो मात्रामा नगद प्रवाह भएसँगै उपभोक्ताहरुको क्रयशक्ति बढ्ने र यसबाट बजार मूल्यमा बढोत्तरी हुने समस्या देखा पर्ने गरेको छ। अर्कोतर्फ, सरकारी संयन्त्रहरुको सम्पूर्ण ध्यान निर्वाचनतिर केन्द्रित भइरहँदा बजारको अनुगमन र नियमन व्यवस्था तुलनात्मकरुपले कमजोर रहने र यसको नाजायज फाइदा व्यापारीहरुले उठाएका कारण पनि मूल्यवृद्धि हुने खतरा उत्तिकै रहन्छ।

संविधानसभाबाट जारी भएको पहिलो संविधानका रुपमा रहेको नेपालको संविधान कार्यान्वयनको क्रममा रहेको छ। नेपालको संविधानको व्यवस्थाअनुसार यस वर्ष संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा रहने सरकारका तीनवटै तहहरुमा जनप्रतिनिधिहरुको छनोटका लागि निर्वाचनको सिलसिला चलिरहेको छ। स्थानीय तहमा जनप्रतिनिधि छनोटका लागि निर्वाचन सम्पन्न भइसकेको छ भने प्रदेशसभा र संघीय व्यवस्थापिकाको निर्वाचन सम्मुखमा आइसकेको छ। यसरी हेर्दा, २०७४ साल नेपालका लागि निर्वाचन वर्षका रुपमा देखा परेको छ। निर्वाचनले लोकतान्त्रिक शासन व्यवस्था अवलम्बन गरेको देशका नागरिकहरुका लागि आफैंमा ठूलो महत्व राख्दछ। सँगसँगै, यसका बहुआयामिक प्रभावहरु पनि रहन्छन्। यसै मेसोमा निर्वाचनले देशको अर्थतन्त्रलाई अल्पकालदेखि दीर्घकालसम्म कुन रुपले प्रभावित गर्दछ भन्ने चर्चा गर्नु सान्दर्भिक हुन आउँछ।

विश्वव्यापी अभ्यास हेर्ने हो भने, सामान्यतया निर्वाचन र अर्थतन्त्रका बीचमा सकारात्मक सहसम्बन्ध रहेको हुन्छ। निर्वाचन प्रक्रिया एवं निर्वाचनका क्रममा विभिन्न क्षेत्रबाट हुने खर्चलाई स्वच्छ र पारदर्शी बनाउन सक्ने हो भने निर्वाचनका माध्यमबाट सिंगो अर्थतन्त्रमा सकारात्मक योगदान अभिवृद्धि गर्न सकिन्छ। केही अपवादबाहेक निर्वाचन र अर्थतन्त्रबीच सुल्टो र समानान्तर सम्बन्ध रहने गर्दछ। निर्वाचन तहगत र स्तरअनुसार हुने भएकोले यसले अर्थतन्त्रमा पार्ने प्रभाव पनि त्यही अनुपात र सघनतामा हुने गर्दछ। अर्कोतर्फ, निर्वाचनले अर्थतन्त्र चलायमान बन्ने र आर्थिक वृद्धिमा योगदान अभिवृद्धि गर्ने भए पनि यो क्षणिकरुपमा मात्र रहने तर्क पनि केही अर्थशास्त्रीहरुले गर्ने गरेका छन्। निर्वाचनमा खर्चिएको रकम उत्पादनशील लगानी नभई सबै रकम उपभोग खर्चमै सीमित हुने भएकोले निर्वाचनबाट अर्थतन्त्रमा दीर्घकालीन प्रभाव नपर्ने वा कम पर्ने मत अघि सार्ने गरिन्छ। निर्वाचनले मूल्य वृद्धिदर र आयात बढाउने तथा चालू खर्चमा भार थप्ने भएकोले आर्थिक वृद्धिदरमा नकारात्मक प्रभाव पार्ने खतरा पनि उत्तिकै रहन्छ।

निर्वाचनका सन्दर्भमा सरकारी खर्चमा बढोत्तरी हुने गर्दछ। खासगरी निर्वाचन आयोग, सुरक्षा अंगहरुलगायतका सरकारी निकायहरुले निर्वाचनका विभिन्न प्रयोजनमा उल्लेख्य मात्रामा सरकारी खर्च गर्ने गर्दछन्। निर्वाचन सामग्री खरिद, कर्मचारी व्यवस्थापन, तालिम, गोष्ठी सञ्चालन, निर्वाचन शिक्षा, अनुगमनलगायतमा ठूलै मात्रामा खर्च हुने गर्दछ। यसबाहेक, राजनीतिक दलहरु, नेता, कार्यकर्ता, उम्मेदवारलगायतको खर्चको आकार पनि ठूलै रहने गर्दछ। निर्वाचनका क्रममा सरकारबाहेकका राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थाहरुले पनि निर्वाचन पर्यवेक्षण, निर्वाचन शिक्षालगायत विभिन्न कार्यक्रमहरुमा यथेष्ट खर्च गरिरहेका हुन्छन्।

यस किसिमको औपचारिक नगद प्रवाहबाहेक निर्वाचनमा अनौपचारिक रुपबाट हुने खर्चको हिस्सा पनि ठूलै रहने सहज अनुमान गर्न सकिन्छ। अनौपचारिक अर्थतन्त्रको हिस्सा औपचारिक अर्थतन्त्रकै हाराहारी रहेको हाम्रो जस्तो देशमा निर्वाचनले पैसाको गतिविधि मात्रै बढाउँदैन, अनौपचारिक 'गुप्त धन' पनि बाहिरिने गर्दछ। यो स्थिति स्वस्थ अर्थतन्त्रको सूचक भने होइन। यद्यपि, अनौपचारिक माध्यमबाट बाहिरिएको नगद पनि अन्ततः बैंकजस्ता औपचारिक प्रणालीमा आउने भएकोले यसले पनि अर्थतन्त्रमा सघाउ पुऱ्याउने अवस्था रहन्छ। निर्वाचनको समयमा अल्पकालमा नै भए पनि देशको रोजगार बजारमा सकारात्मक असर देखिने गर्दछ। छोटो समयको आंशिक रोजगारीले व्यक्तिगत जीवनस्तर उकास्न सघाउ पुऱ्याउँदै अर्थतन्त्रमा योगदान गरिरहेको हुन्छ। यस हिसाबले औपचारिक र अनौपचारिकरुपमा देशमा सार्वजनिक खर्चमा वृद्धि हुनु भनेकै मुलुकको अर्थतन्त्र सामान्य अवस्थामा भन्दा चलायमान र गतिशील बन्नु पनि हो। गतिशील अर्थतन्त्र आफैंमा आर्थिक वृद्धिको द्योतक भएकाले यसबाट अर्थतन्त्रमा सोझै लाभ पुगिरहेको हुन्छ।

दीर्घकालीन हिसाबले हेर्ने हो भने, निर्वाचनपछि सरकारका विभिन्न तहमा बहाली हुने जनप्रतिनिधिहरुले आफ्ना चुनावी नारा र विकासे एजेन्डाहरुलाई अघि बढाउन भरमग्दुर प्रयत्न गर्ने गर्दछन्। यस किसिमको प्रयत्नले विकास र समृद्धिलाई निम्त्याइरहेको हुन्छ। सरकारका तहहरुबाट सूत्रपात भएको विकास र समृद्धिको यात्राबाटै आर्थिक रुपान्तरणको दिगो उठान हुने भएकोले यस हिसाबले पनि निर्वाचनको महत्व रहन्छ। सरकारका विभिन्न तहमा निर्वाचनमार्फत जनप्रतिनिधिहरुको बहाली भएसँगै ती तहमा देखिएका बेथिति र नकारात्मक आर्थिक प्रभावहरुलाई निरुत्साहित गरी देशमा उपलब्ध स्रोतको सदुपयोगमार्फत सिंगो अर्थतन्त्रलाई सुदृढ तुल्याउन पनि निर्वाचनले माध्यमका रुपमा सहयोग पुऱ्याइरहेको हुन्छ।

मुलुकी अर्थतन्त्रको कोणबाट हेर्दा निर्वाचनका केही नकारात्मक प्रभावहरु पनि रहेका हुन्छन्। निर्वाचन सम्पन्न गरिरहँदा सरकारको चालू खर्चमा व्यापक बढोत्तरी भए पनि उच्च मात्राको साधारण खर्च देशको अर्थतन्त्रका लागि हितकर हुँदैन। मूलतः अनुत्पादक खर्चका रुपमा रहेको चालू खर्चले उपभोगमा बढावा दिइरहेको हुन्छ। निर्वाचनको समयमा एकैपटक ठूलो मात्रामा नगद प्रवाह भएसँगै उपभोक्ताहरुको क्रयशक्ति बढ्ने र यसबाट बजारको कारणले भन्दा पनि फेरिएको उपभोग प्रवृत्तिले मूल्यवृद्धिमाथि चाप पर्ने गर्दछ। यसबाट आयातको मात्रा बढ्ने तथा वस्तु एवं सेवाको मूल्यवृद्धि हुने समस्या देखा पर्दछ। हाम्रो सन्दर्भमा हेर्ने हो भने, उपभोक्ताको क्रयशक्ति बढ्नुका साथै निर्वाचन आयोगले गर्ने साधारण खर्चको ठूलो मात्रासमेत निर्वाचन प्रयोजनका लागि आवश्यक सामग्रीहरुको खरिदमा विदेशिने अवस्था छ। यसबाट अर्थतन्त्र आयातमुखी भई व्यापारघाटामा बढोत्तरी हुने गर्दछ। निर्वाचनले उद्योग, व्यवसायलाई पनि केही नकारात्मक असर पार्दछ। नेपालको सन्दर्भमा घोषित या अघोषितरुपमा राजनीतिक दलहरुको ठूलो आर्थिक स्रोत धान्ने भनेकै उद्योगी, व्यवसायीहरु हुन्। निर्वाचनका क्रममा सयौंका संख्यामा रहेका राजनीतिक दल र हजारौंको संख्यामा रहने उम्मेदवारहरुलाई आर्थिक सहयोग, चन्दालगायत उपलब्ध गराउनुपर्ने बाध्यताका कारण व्यवसायीहरुलाई यसको मार पर्ने अवस्था रहन्छ। उद्योगी, व्यवसायीहरुले निर्वाचनका क्रममा राजनीतिक दलहरुलाई उपलब्ध गराउने ठूलो मात्राको आर्थिक सहयोगको भार पनि अन्ततः उपभोक्ताहरुमाथि नै पर्दछ। यसले पनि बजार मूल्यवृद्धिमा मलजल गरिरहेको हुन्छ। निर्वाचनका कारण देखा पर्ने यस खालका परिदृश्यहरुले मुलुकी अर्थतन्त्रलाई अल्पकालदेखि दीर्घकालसम्मै असर पुऱ्याइरहेका हुन्छन्।

निर्वाचनबाट अर्थतन्त्रमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने सन्दर्भमा केही पक्षहरुमा उचित ध्यान पुऱ्याइन आवश्यक छ। निर्वाचनको समयमा देशको विकास प्रशासनलाई सकेसम्म कम व्यवधान पुऱ्याई विकास आयोजना र कार्यक्रमहरुमा हुने पुँजीगत खर्चको रफ्तारलाई नरोक्ने व्यवस्था मिलाइनुपर्छ। निर्वाचनका क्रममा सरकारी जनशक्तिको परिचालन गर्दा राष्ट्रिय गौरवका आयोजनालगायतका उच्च प्राथमिकताप्राप्त आयोजना तथा उत्पादनमूलक क्षेत्रका आयोजना एवं कार्यक्रमहरुमा असर नपुग्ने तवरले कर्मचारीहरुको खटनपटनको व्यवस्था मिलाइन आवश्यक छ। अर्कोतर्फ, निर्वाचनका क्रममा हुने खर्चलाई पारदर्शी बनाइन पनि उत्तिकै आवश्यक हुन्छ। खासगरी, राजनीतिक दल र उम्मेदवारहरुले निर्वाचनका समयमा प्रशस्त खर्च गर्ने तर यसको स्रोत अदृश्य हुनुका साथै खर्च प्रणालीसमेत पारदर्शी नहुने अवस्था विगतका निर्वाचनहरुमा पनि देखिएको छ। अदृश्य स्रोत र अपारदर्शी खर्च देशको अर्थतन्त्रका लागि त घातक रहन्छ नै, यो अवस्था लोकतान्त्रिक शासन व्यवस्था र सुशासनको समेत चुनौती हो। यसतर्फ राजनीतिक दल र उम्मेदवारहरुले पर्याप्त ध्यान पुऱ्याउँदै निर्वाचनका क्रममा हुने आर्थिक कारोबारमा बैंकिङ प्रणालीको अवलम्बन गर्न, आर्थिक सहयोग, चन्दा आदि उठाउँदा अनिवार्य रसिद काटेर मात्र उठाउन तथा निर्वाचनपश्चात् खर्चको हिसाब सार्वजनिक गर्न एकदमै जरुरी देखिन्छ। साथै, यससम्बन्धमा व्यवस्था भएका निर्वाचन कानुनको परिपालनामा पनि सबै पक्षहरु जिम्मेवार बन्न आवश्यक छ। निर्वाचनको समयमा अर्थतन्त्रमा एकैपटक ठूलो मात्रामा नगद प्रवाह भएसँगै उपभोक्ताहरुको क्रयशक्ति बढ्ने र यसबाट बजार मूल्यमा बढोत्तरी हुने समस्या देखा पर्ने गरेको छ। अर्कोतर्फ, सरकारी संयन्त्रहरुको सम्पूर्ण ध्यान निर्वाचनतिर केन्द्रित भइरहँदा बजारको अनुगमन र नियमन व्यवस्था तुलनात्मकरुपले कमजोर रहने र यसको नाजायज फाइदा व्यापारीहरुले उठाएका कारण पनि मूल्यवृद्धि हुने खतरा उत्तिकै रहन्छ। खुला बजार अर्थतन्त्रमा निर्वाचनको समयमा देखा पर्ने कृत्रिम मूल्यवृद्धिलगायतका समस्याहरुबाट आमउपभोक्तामा तत्कालै असर पुग्नुका साथै अर्थतन्त्रमा समेत असन्तुलन पैदा गर्दछ। निर्वाचन चलिरहँदा देखा पर्ने यस खालका जोखिमहरुलाई न्यूनीकरण गर्नसमेत सरकार र सरोकारवालाहरुको उचित ध्यान पुग्नुपर्ने हुन्छ।

नेपालको सन्दर्भमा नयाँ संविधान र संघीयताको कार्यान्वयनलाई पूर्णता दिन सरकारका सबै तहमा जनप्रतिनिधिहरुको छनोटका लागि निर्वाचन आवश्यक मात्रै हैन, अपरिहार्य छ भन्ने तथ्यमा आम सचेत नागरिकको दुईमत हुन सक्दैन। यो स्थितिमा यस वर्ष निर्वाचनका क्रममा सरकारी एवं गैरसरकारी क्षेत्रबाट हुने ठूलो मात्राको खर्च देशको आवश्यकता र बाध्यता दुबै हो। विभिन्न तहमा चरणबद्धरुपमा भइरहेका निर्वाचनले अल्पकालमा केही नकारात्मक आर्थिक प्रभावहरु देखाउन सक्ने भए पनि यसले देशमा लामो समयदेखिको राजनीतिक संक्रमणलाई पार लगाई विकास र समृद्धिको मार्गप्रशस्त गर्ने सम्भावना पनि उत्तिकै रहन्छ। निर्वाचनका माध्यमबाट राजनीतिक स्थिरता बहाली भई देश स्थिर अर्थतन्त्रको लिकमा हिँड्न सक्यो भने अहिले भइरहेको खर्च र यसका सामान्य दुष्प्रभावहरुको सकारात्मक नतिजा ढिलो-चाँडो प्राप्त गर्न सकिन्छ। तथापि, निर्वाचनका कारण अर्थतन्त्रमा देखिन सक्ने यावत् नकारात्मक प्रभावहरुबाट मुलुकी अर्थतन्त्रलाई मुक्त राख्दै यसका सकारात्मक पाटाहरुको पक्षपोषणतर्फ पनि ध्यान पुग्नै पर्छ। यसका लागि सरकार, निर्वाचन आयोग, राजनीतिक दल र तिनका उम्मेदवारहरु जिम्मेवार एवं उत्तरदायी बन्न तथा आमसञ्चारका माध्यमलगायत आमनागरिकले समेत खबरदारी गर्न सके निर्वाचनलाई देशको आर्थिक हितमा समेत उपयोग गर्न सकिने अवस्था रहन्छ।

## पाठक पत्र

## स्थापित मान्यता र पहिचानलाई विवादमा नतान

नेपाल सानो देश भए तापनि एउटा सानो संसारको रुपमा मानिन्छ। नेपालको हिमाली, पहाडी र तराई क्षेत्रमा विभिन्न जातजातिहरुको बसोबास रहेको छ। जसरी यहाँका जातजातिमा विविधता पाइन्छ, त्यसरी नै पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको भौगर्भिक बनावटअनुसार यहाँको माटोमा पनि विविधता पाइन्छ। यहाँ अनेकौं किसिमको हावापानी भएकाले विभिन्न प्रकारका खाद्यपदार्थहरुको उत्पादन हुने गर्दछ। यहाँको हावापानी यस्तो छ कि बाह्रै महिना काम गर्न सकिन्छ। संसारका अनेकौं देशहरुमा जे-जति उत्पादन हुन्छ, थोर-बहुत यही भूभागमा उत्पादन हुने गर्दछ।

कैयौं नदी र सयौं खोला एवं झरनाहरुले गर्दा यस भूभागलाई प्रकृतिको देनको रुपमा लिइन्छ। नेपाल पानी नै पानीको देश पनि हो। नेपालको पानीलाई राम्ररी सिंचाइ र विद्युत् उत्पादनमा सदुपयोग गर्न सकियो भने नेपाल खाद्यान्नको भण्डार हुनसक्छ। नेपालको पानीबाट ८ करोड कि.वा.भन्दा बढी विद्युत् उत्पादन गरेर आफ्नो देश र छिमेकी देशहरुमा समेत ऊर्जा बढाउन सकिन्छ। जंगलै जंगलले सजिसजाउ नेपालभित्र अनेकौं किसिमका जनावर, ८ सयभन्दा बडी प्रकारका चराचुरुङ्गी र विश्वमा दुर्लभ मानिएका जडीबुटीहरु पाइन्छ। हरप्रकारले प्रकृतिले नेपाललाई साथ दिएको छ। कैयौं विदेशी यात्रीहरु भन्छन्, 'यो ठाउँ संसारभरमा सबभन्दा सुन्दर स्थान हो।'

विश्वका हरेक कुनामा आप्रवासी नेपालीहरुको नेपालप्रतिको प्रेमको कारण, उच्च शिक्षा हासिल गर्न र कामको खोजीमा विश्वका हरेक राष्ट्रमा पुगेका नेपालीहरुले नेपालीपन कायम राख्न सकेकाले नेपाली राष्ट्रियताको मौलिकताले चौतर्फी पहिचान स्थापित गर्न सकेको छ। हाम्रो देश सानो भए पनि यहाँ धेरै थरीका जाति छौं। विभिन्न जातिहरुको साझा नेपालको सांस्कृतिक राष्ट्रियता बनेको छ। यहाँ हिन्दू, वैदिक र बौद्धको समष्टिबाट नेपाली संस्कृतिको सिर्जना भएको छ। सहिष्णुता, सभ्यता र संस्कृतिको हिसाबमा हाम्रो संस्कृति उत्कृष्ट छ। हामी संस्कृतिका धनी छौं। अनेकौं जातिहरु मिलेर एक साझा नेपाली जातिमा एकीकृत हुनसकेको नेपालको राष्ट्रियता टपक्क फूलेको छ, जसको कारणले नेपाली संस्कृतिको सुवास विश्वभरि फैलिएको छ।

हामी यहाँ पचासौं मातृभाषा बोल्छौं। यी सम्पूर्ण मातृभाषालाई जीवित राख्न अन्तरजातीय सम्पर्क भाषाको रुपमा नेपाली भाषा साझा भाषाको रुपमा स्थापित भएको छ। नेपाल हिन्दू राज्यको रुपमा विश्वव्यापी हुन गए तापनि धार्मिक मामलामा विश्वका धर्मनिरपेक्ष राष्ट्रहरुभन्दा नेपाल धेरै उदार छ। यही देशमा मुसलमान, क्रिश्चियन र अन्य धर्मावलम्बीहरु पनि आफ्ना धर्मकर्म मान्नमा स्वतन्त्र छन्।

नेपालको राष्ट्रियता भनेको एक भावनात्मक मान्यता मात्र होइन। यो एक क्रियात्मक मनोदशा हो। भूभागले मात्र राष्ट्रियताको प्रतिनिधित्व गर्दैन। नेपालको राष्ट्रियताको जग तथा आधारहरु के-के हुन्, त्यसको मूल्यांकन नगरी कसैलाई चित्त नबुझ्दैमा स्थापित मान्यताहरुलाई विस्थापित गर्न खोजिएमा राष्ट्रियतामाथि प्रश्नचिन्ह खडा हुनसक्छ। चाहे हिन्दू अधिराज्य होस् वा राजसंस्था वा नेपाली भाषा होस्, युगौंदेखि स्थापित भएका मान्यताहरुलाई विवादमा ल्याइयो भने नेपालीहरुको एकता टुट्न सक्छ। हामी नेपालीको राष्ट्रियता यति संवेदनशील छ कि हाम्रा स्थापित मान्यताहरुमा कुनै विवाद उठाउने काम भयो भने हाम्रो राष्ट्रिय एकतामा खतरा आउन सक्छ। त्यसैले हामीले राष्ट्रियताको विषयमा सधैं सहिष्णु र संवेदनशील भएर मात्र बोल्ने हुनुपर्दछ।

नेपालको राष्ट्रियताको कडी भनेको चीन र भारत हो। यसमा पनि भारतसँग नेपालको सांस्कृतिक एवं धार्मिक पारस्पारिकताका कारणले सौहार्द्रताको वातावरणमा बसेर राष्ट्रिय स्वतन्त्रता र सार्वभौमिकता बचाएर राख्न सक्नुपर्दछ। नेपाल-भारतबीचको सौहार्द्रतालाई कुठाराघात गराउन केही नेपाली र भारतीयहरु षड्यन्त्रमा संलग्न हुन पनि सक्छन्। यस्ता षड्यन्त्रबाट सचेत हुन सक्नुपर्दछ। हुन त नेपाल एउटा भूपरिवेष्ठित राज्य हो। चीन र भारत दुई ठूला राष्ट्रको च्यापबाट जोगिएर नेपालले आफ्नो अस्तित्व कायम राख्नु छ। नेपालको राष्ट्रियता भनेको आफ्नो अस्मिता, स्रोत-सम्पदाहरु बचाएर, सन्तुलित भएर हिँडनु हो। हामी आफैं सक्षम र सजग नभई राष्ट्रियतालाई समृद्ध गराउन सकिँदैन। राष्ट्रियता भन्ने कुरा अर्कोले बचाइदिने होइन, आफैंले बचाउने कुरा हो। अर्कोले सहयोग दिन सक्छ तर बचाइदिँदैन। नेपाल अहिले गरिब छ। किनकि हामीले प्रकृतिले दिएका मौलिक स्रोत र सम्पदाहरुलाई योजनाबद्धरुपले परिचालन गर्न ढिला गरिरहेका छौं।

नेपाल र भारतको बीचमा हिन्दू देवस्थल, धामहरुको गरिमाले नेपाल-भारतका जनता एक-अर्कामा सम्मान गर्छन्। नेपाल कहिल्यै पनि पराधीन भएन। तिब्बतमा अवस्थित कैलास मानसरोवर विश्वका हिन्दूहरुको सम्मानित धाम हो। चीनमा नेपालका भृकुटी र अरनिकोका पदचिन्ह र बौद्धधर्मको उद्गम राष्ट्रको रुपमा नेपाल भएकाले नेपाली जनताको सार्वभौम स्वतन्त्रताको चीनले कदर गर्दै आएको छ। हामी नेपालीले पाएको जन्मजात स्वतन्त्रताको इज्जत र प्रतिष्ठालाई कायम गर्न सक्नु हाम्रो कर्तव्य हो। सम्पूर्ण हिन्दू संस्कृतिमा हिमालयलाई देवभूमि मानेको छ। भारतका हिन्दूहरुका लागि हिमालयको आकर्षण पशुपतिनाथ र मच्छिन्द्रनाथको दर्शन एउटा चीर आकांक्षा भई नै रहन्छ। नेपाललाई थाहा छ कि विश्वका प्रत्येक हिन्दू नेपाललाई स्वतन्त्र सार्वभौम हिन्दू राज्यको रुपमा हेरेर आनन्दित हुन्छन्। सम्पूर्ण हिन्दूहरुको लागि आश्रयस्थल बनी बाँच्ने प्रयत्न नेपालको रहिरहनेछ।

राष्ट्रियताप्रति मानिसहरुको झुकाव घट्दै गयो भने देशभित्र नैतिकताको ह्रास आउँछ, धर्म-संस्कृतिमा विवाद उठ्न थाल्छ, अराजकता बढ्छ। यहाँका राजनीतिक नेताहरु राष्ट्रियताप्रति संवेदनशील हुन नसकेकाले यहाँका प्राकृतिक र सांस्कृतिक पहिचानहरु विवादमा परेका छन्। हाम्रो कसैसँग भेदभाव छैन। राजनीतिक विवादका कारणले नेपाली राष्ट्रियता र पहिचानको चिरहरण हुनुहुन्न। सबै मित्र राष्ट्रसँग समान सम्बन्ध कायम गरी आपसी फुटभन्दा एकतामा आबद्ध हुनुपर्छ। हामी नेपाली देश-विदेश जहाँ भए पनि राष्ट्रियताको सवालमा एक हुनसकौं।

*- सञ्जय भट्ट, काठमाडौं*

## सामाजिक सञ्जाल



पक्राउ पर्ने अन्तिम अपराधी बालकृष्ण ढुंगेल होलान् जस्तो छ। खुकुरी हान्ने, मान्छे मार्ने, भ्याट छल्ने, गुन्डागर्दी गर्नेहरूले भटाभट टिकट पाएको देख्दा त्यस्तै लाग्दै छ।

**Siromani Dhungana**
**@siromanid**



नारीलाई कुनै पनि क्षेत्रमा जान त्यति सहज छैन। कहिले परिवारले साथ दिंदैन, कहिले समाजले त कहिले देशले। जति सहभागिता हुनुपर्ने त्यति अझैसम्म छैन।

**मनीषा दाहाल**
**@Dahalfuchhu**



धन सम्पत्ति केही थिएन, झुपडीमा बास थियो,
छोरा-बुहारीले बूढो भए पाल्छन् भन्ने आश थियो।
बुहारीले छोरा लगिन्, छोरीले पो पालेकी छिन्,
हरे दैव त्यही छोरीलाई भ्रूणहत्याको प्रयास थियो।

**Rajeeb Gautam**

चुनावको मुखैमा आएर वामशक्तिहरु एकापट्टि र लोकतान्त्रिक शक्तिहरु अर्कापट्टि भएको ध्रुवीकरणले गर्दा यसपटकको चुनावका बेला जारी गरेको घोषणापत्र पूरा गर्लान् कि भन्ने जनतालाई भान भइरहेको छ।



# दलका चुनावी घोषणापत्रमा विकासका कुरा

सुरेश तामाङ, काठमाडौं

नयाँ संविधान जारी भएपछि पहिलो पटक प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचन हुँदै छ। निर्वाचन मंसिर १० र २१ गरी दुई चरणमा हुँदै छ। पहिलो चरणमा ३२ र दोस्रो चरणमा ४५ जिल्ला गरी निर्वाचन हुन लागेको हो।

नजिकिँदै गरेको चुनावी माहोलले हिजोआज शहरबजारदेखि गाउँका चिया पसलसम्म तताएको छ। त्यस्तै प्रमुख दल नेपाली कांग्रेस र वाम गठबन्धनलगायतका दलले जारी गरेको चुनावी घोषणापत्रमार्फत् थप तताएको छ।

किनकि यसपटकको चुनावी घोषणा पत्रलाई खास रूपमा बुझिएको छ। यसपटक विभिन्न दलले जारी गरेको चुनावी घोषणापत्रलाई अघिल्लो पटकको चुनावमा जारी गरेको घोषणापत्रको जस्तो हालत नहुनेमा जनतालाई लागिसकेको छ।

चुनावको मुखैमा आएर वामशक्तिहरू एकापट्टि र लोकतान्त्रिक शक्तिहरू अर्कापट्टि भएको ध्रुवीकरणले गर्दा यसपटकको चुनावका बेला जारी गरेको घोषणापत्र पूरा गर्लान् कि भन्ने जनतालाई भान भइरहेको छ।

राजनीतिकलगायत अन्य कुराबाहेक जनताले आर्थिक, विकास तथा भौतिक पूर्वाधारलाई विशेष रूपमा हेर्छन्। के छन् त यसपटक विभिन्न दलले जारी गरेको चुनावी घोषणापत्रमा बुलेट रेलदेखि घरघरमा बिजुली, ५ वटा अन्तर्राष्ट्रिय विमानस्थल बनाउनेसम्मको प्रतिबद्धता जारी गरेका छन्। आर्थिक विकास गर्दै मुलुकलाई समुन्नतीतिर लैजान नेपाली कांग्रेसले कांग्रेसको विकास दृष्टि र लक्ष्य: अबको १० वर्षमा नेपाल भन्दै १५ हजार मेगावाटभन्दा बढी ऊर्जाको उत्पादन हुनेछ। आन्तरिक खपतभन्दा बढी ऊर्जा निर्यात गरिनेछ र नेपालको अन्तर्राष्ट्रिय छवि 'शत प्रतिशत स्वच्छ उर्जामा आधारित वातावरणमैत्री अर्थतन्त्र' को हुनेछ।

त्यस्तै कांग्रेसले घोषणापत्रमार्फत् काठमाडौं-मधेस एक्सप्रेस वे लगायत ४ देखि ६ लेनका १ हजार किमिभन्दा बढी द्रूत-मार्ग, ५ सय किमिभन्दा बढी रेल्वे लाइन, ५० हजारभन्दा बढी किमि कालोपत्रे सडक सञ्जालले राष्ट्रलाई जोड्ने प्रतिबद्धता गरेको छ।

अबको १० वर्षपछि नेपालमा पाँचवटा अन्तर्राष्ट्रिय विमानस्थलहरू निर्माण भएका, तराई-मधेस र पहाडका १८ लाख हेक्टरभन्दा बढी खेतीयोग्य जमिन बाह्रै महिना सिञ्चित हुने घोषणापत्रमा उल्लेख छ। जारी घोषणापत्रमा नेपालको ७५ प्रतिशतभन्दा बढी जनसंख्या व्यवस्थित, सुविधा सम्पन्न, आधुनिक शहरहरूमा बसोबास गर्नेछ भनिएको छ।

त्यस्तै गरी वाम गठबन्धनले निर्माण गरेको घोषणापत्रमा तीव्रगतिको बुलेट रेलदेखि १० वर्षमा २० हजार मेगावाट जलविद्युत् उत्पादनसम्म समेटिएको छ। आर्थिक विकासलाई तीव्ररूपमा अघि बढाउन जलस्रोत तथा उर्जा क्षेत्रमा राष्ट्रिय अभियानकै रूपमा विकास तथा आमविद्युतीकरण, आधुनिक प्रविधिसहित सडक, रेल, विमानस्थल, नहरलगायतका ठूला भौतिक पूर्वाधारहरूको तीव्र विकास, कृषि क्षेत्रको आधुनिकीकरण एवं व्यवसायीकरण, पर्यटन तथा उत्पादनशील उद्योग क्षेत्रको विकास र नवनिर्माणको आवश्यकताअनुरूप मानव संशाधनको विकासलाई योजनाबद्ध ढंगले तीव्र गतिका साथ अघि बढाइने घोषणापत्रमा उल्लेख छ।

आगामी १० वर्षमा जल, जैविक, सौर्य, वायु, फोहर प्रशोधन र अन्य वैकल्पिक माध्यमबाट २० हजार मेगावाट विद्युत् उत्पादन गरिने घोषणापत्रमा उल्लेख छ। आन्तरिक खपतबाट बचेको उत्पादित उर्जा भारत, चीन र बंगलादेशको बजारमा निर्यात गर्न विशेष योजना कार्यान्वयन गरिने घोषणापत्रमा उल्लेख छ।

त्यसै गरी १० वर्षमा सम्पन्न हुने गरी कर्णाली चिसापानी, बुढीगण्डकी, पश्चिम सेती, नलसिंह गाड, उत्तर गंगा, नौमुरे, माथिल्लो झिम्रुक, सुनकोशी-१, सुनकोशी-२, तमोर, तामाकोशी-३ लगायत परियोजनाहरूको कार्यान्वयन तीव्र गतिमा अगाडि बढाइने घोषणापत्रमा उल्लेख छ।

५ वर्षमा पूर्व-पश्चिम राजमार्ग, पूर्वपश्चिम औद्योगिक करिडोर राजमार्ग, मध्यपहाडी पुष्पलाल राजमार्गहरूका समानान्तर तीव्र गतिका विद्युतीय रेलमार्ग सञ्चालन गरिने घोषणापत्रमा उल्लेख छ। त्यसै गरी यसै अवधिमा रसुवागढी-काठमाडौं-वीरगन्जमा तीव्र गतिको विद्युतीय रेलमार्ग सञ्चालन गरिने बताइएको छ।

५ वर्षमा राजधानी उपत्यकाका चक्रपथहरूमा आवश्यक गतिका रेल सञ्चालन गरिने घोषणापत्रमा उल्लेख छ। काठमाडौंलगायत अन्य मुख्य शहरहरूमा सम्भाव्यता हेरी मेट्रो र मोनोरेल, ट्राम र अत्याधुनिक सार्वजनिक यातायात सञ्चालन गरिनेछ। राजधानी काठमाडौंलाई छिमेकी मुलुकका रेलमार्ग सञ्जालसँग तथा राजधानीलाई सबै प्रादेशिक केन्द्रहरूसँग द्रूतमार्गद्वारा जोडिने घोषणापत्रमा उल्लेख छ। प्रदेश तथा स्थानीय सरकारसँग समन्वय गरी प्रदेश केन्द्रहरूलाई जिल्ला सदरमुकाम तथा स्थानीय तहका केन्द्रसँग आधुनिक यातायात सञ्जालद्वारा जोडिने उल्लेख छ।

१० वर्षभित्र सम्पन्न हुने गरी जलमार्ग, पदमार्ग, केबलकार तथा घोडेटो र गोरेटो बाटो निर्माण, विस्तार एवम् स्तरोन्नतिका वृहत् परियोजना सञ्चालन गरिने उल्लेख छ। विराटनगर, नेपालगन्ज, सुर्खेत तथा धनगढी विमानस्थलहरूलाई अन्तर्राष्ट्रिय स्तरमा विस्तार र स्तरोन्नति गरिने उल्लेछ। सबै आन्तरिक विमानस्थलहरूलाई अत्याधुनिक, सुविधासम्पन्न र सुरक्षित हुने गरी विस्तार तथा आधुनिकीकरण गरिने घोषणापत्रमा उल्लेख छ।

गठबन्धनले कोशी, गण्डकी र कर्णाली नदीमा आन्तरिक र वाह्य जलमार्गका सम्भाव्यता अध्ययन गरिने घोषणापत्रमा उल्लेख छ। उच्च बाँधयुक्त जलाशयमा जलमार्गको विकास गरिनेछ। काठमाडौं-तराई द्रूतमार्ग ४ वर्षभित्र निर्माण गरिने उल्लेख छ। पूर्व-पश्चिम राजमार्गलाई ५ वर्षभित्र ८/६ लेनमा स्तरोन्नति गरिने प्रतिबद्धतापत्रमा उल्लेख छ। ३ वर्षमा हुलाकी राजमार्गलाई ४/६ लेनमा स्तरोन्नति गरिने साथै डुबान क्षेत्रमा भने ४ लेनको आकाशे मार्ग निर्माण गरिने वाम गठबन्धनको घोषणापत्रमा उल्लेख छ।

## प्रहरीको सामान खरिदमा अनियमितताको आरोप

काठमाडौं, (नेस)

नेपाल प्रहरीका अधिकृतदेखि जवानले प्रयोग गर्ने चुस्तालगायतका सामग्री खरिदमा ठेकेदारसँगको मिलेमतोमा ब्यापक अनियमितता भएको पाइएको छ। ठेकेदार र प्रहरीका उच्च अधिकारीको मिलेमतोमा अनियमितता भएको हो।

नेपाल प्रहरीलाई आवश्यक पर्ने कटन सर्ट, कटन पाइन्ट, उनी सर्ट ,उनी ज्याकेट, सादा निलो चुस्ता, ब्ल्यांकेट, ब्यारेट क्याप र ड्याम सुज खरिदका लागि स्पेसिफिकेसनसहितको सूचना सार्वजनिक गर्दा केही ठेकेदार व्यापारीलाई मात्र टेन्डरमा सहभागी गराउने उद्देश्यका साथ मात्रै सूचना सार्वजनिक भएको आरोप लागेको छ।

करिब एक अर्बभन्दा पनि धेरै रकमको उक्त काम आफू निकटका व्यापारीलाई दिनका लागि नेपाल प्रहरी प्रबन्ध विभागका डीआईजी पवन खरेलले साविकको स्पेसिकेसन परिमार्जन गरेर आफू निकटका व्यापारीले मात्रै बोलपत्रमा सहभागिता जनाउने वातावरण मिलाएका थिए। स्पेसिफिकेसन परिमार्जनपछि लामो समयदेखि नेपाल प्रहरीलाई सामान आपूर्ति गर्दै आएका ठेकेदारहरूले बोलपत्रमा सहभागीता जनाउन पाएका थिएनन् । ठेकेदारहरू बोलपत्र प्रतिस्पर्धा गर्नबाट वञ्चित भएका पछि राज्यलाई समेत थप व्ययभार थपिएको छ।

सामान आपूर्तिका लागि बोलपत्र आह्वान गर्दा मुन्नीलाल मंगीलाल, तेजसम ट्रेड एन्ड इन्टरप्राइजेज र स्लोक इन्टरप्राइजेज क्रमश: पीताम्बर मुन्का, सुजाता खड्का र रितेश अग्रवाल र प्रबन्धका डीआईजीको मिलेमतोमा तीनवटा कम्पनीको एउटा बोलपत्र मात्रै सहभागी गराइएको थियो।

विभिन्न सामग्रीका लागि करिब एक अर्बभन्दा बढी बजेट भएको बोलपत्रमा सामान एउटा फर्मले हालेको सामानमा अर्कोले अप्रत्याशित मुल्य वृद्धि गरेर बोलपत्र दाखिला गरेको पाइएको छ।

व्यापारीहरू पीताम्बर मुन्का, रितेश अग्रवाल, ज्ञानेन्द्र बस्नेत, श्रवण अग्रवाल, विरेन्द्रमान जोशी र टोपेन्द्र बीसीलाई मात्र चुस्तालगायतका सामग्री आपूर्ति गर्ने बोलपत्रमा सहभागी गराइएको छ।

प्रहरीलाई सामान आपूर्ति गर्दै आएका टोपेन्द्र बीसी नेपाल टेलिकमका बाहालवाला कर्मचारी हुन् । उनले श्रीमती सुजाता खड्काको नाममा तेज सन्स टेड इन्टरनेसनल नामको कम्पनी सञ्चालन गर्दै आएका छन्।

## निर्वाचन लक्षित योजनाबारे सेनाको छलफल



नेपाल समाचारपत्र

काठमाडौं

रक्षामन्त्री भीमसेनदास प्रधानको प्रमुख आतिथ्यतामा सैनिक मुख्यालयमा 'निर्वाचन सुरक्षासम्बन्धी एक दिने छलफल कार्यक्रम' सम्पन्न भएको छ।

छलफल कार्यक्रममा रक्षामन्त्री प्रधानले विगतमा सम्पन्न विभिन्न निर्वाचनहरूको साथै स्थानीय तहको गत निर्वाचनका विभिन्न चरणमा, सुरक्षासम्बन्धी जिम्मेवारी अत्यन्त प्रभावकारी रूपमा निर्वाह गर्दै उक्त निर्वाचनहरूलाई सफल पार्न नेपाली सेनाले पुर्‍याएको योगदानको प्रशंसा गर्नुभयो।

वहाँले आगामी मंसिर महिनामा हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण, सुरक्षित र भयरहित वातावरणमा तोकिएको समयमै सम्पन्न गर्न कटिबद्ध रहेको कुरा बताउनुहुँदै विगतको अनुभव र आफ्नो पेशागत दक्षताका आधारमा निर्वाचन सुरक्षाको जिम्मेवारी निर्वाह गर्न नेपाली सेना सफल रहने कुरामा पूर्णरुपमा विश्वस्त रहेको बताउनुभएको थियो।

वहाँले जङ्गी अड्डाको निर्देशनबमोजिम पृतनापतिहरूले योजनाबद्ध रूपमा फौज परिचालनका साथै सम्बन्धित अन्य निकायहरूसँग समन्वय र सहकार्य गर्दै निर्वाचन सफल पार्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वाससमेत व्यक्त गर्नुभएको थियो।

यसैबीच, छलफल कार्यक्रमको क्रममा सम्बन्धित विभागहरूबाट वस्तुस्थितिको विश्लेषण तथा समीक्षा प्रस्तुत भएको थियो भने सबै पृतनापतिहरूले आ-आफ्ना जिम्मेवारी क्षेत्रका निर्वाचन सुरक्षा योजनासम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो।

प्रधानसेनापति राजेन्द्र क्षत्रीले प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा नेपाली सेनालाई प्राप्त जिम्मेवारी प्रभावकारी रूपमा सम्पन्न गर्ने सिलसिलामा विभिन्न विभाग र पृतनाहरूले गरेको प्रस्तुतीकरण र अन्तरक्रियाबाट प्राप्त भएका महत्त्वपूर्ण सुझावका लागि धन्यवाद दिनुभएको थियो।

उहाँले आगामी मंसिर १० र २१ गते हुने निर्वाचनमा पनि कुनै कसर नराखि नेपाली सेनाले शान्तिपूर्ण ढङ्गबाट सु-सम्पन्न गर्ने विश्वास व्यक्त गर्नुभएको थियो।

यस किसिमको छलफल र आपसी अन्तरक्रियाको माध्यमबाट प्राप्त रचनात्मक सुझावहरूले आगामी मंसिर १० र २१ गते हुने निर्वाचनलाई सफलताका साथ सम्पन्न गराउन ठोस योगदान पुग्ने विश्वास नेपाली सेनाले लिएको छ।

## पाठेघर क्यान्सरसम्बन्धी सचेना



काठमाडौं, (नेस)

नेपाल अर्बुद रोग निवारण संस्था काठमाडौं जिल्ला शाखाद्वारा आयोजित स्तन तथा पाठेघर क्यान्सरसम्बन्धी जनचेतना कार्यक्रम कामनपा-१२ मा चिन्तामणि सामुदायिक अध्ययन केन्द्र टेकुमा सम्पन्न भयो।

सो कार्यक्रममा नेपाल क्यान्सर हस्पिटल तथा रिसर्च सेन्टरका डा. मुरारीमान श्रेष्ठ तथा नर्सहरू सुमित्रा गुरुङ र कृपा जोशीले महिलामा हुने स्तन तथा पाठेघर क्यान्सरसम्बन्धी सचेतना कक्षा लिनुभएको थियो। त्यसै गरी नेपाल अर्बुद रोग जिल्ला शाखा काठमाडौंका सभापति अजयसिंह सुवालले संस्थाको गतिविधिबारे प्रकाश पार्नुभएको थियो।

त्यसै गरी वडा सचिव सानुमाया महर्जनले महिलाहरूमा क्यान्सर लाग्न नदिन सबै वर्ग सचेत रहन आग्रह गर्नुभएको थियो।

नेपाल सरकार
सिचाई मंत्रालय
जल उत्पन्न प्रकोप ब्यबस्थापन विभाग
जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालय नं.१८
लमही,दाङ
सूचना
प्रकाशित मिति :-२०७४।०७।१७
यस कार्यालयको आर्थिक वर्ष २०७३/२०७४ मा प्रकाशित ठे.नं.KRTW –D–०१/२०७३/२०७४,.KRTW –D–०४/२०७३/२०७४ र .SRTW –D–०३/२०७३/२०७४ को वोलपत्र यस कार्यालयको मिति २०७४/०७/१२ को निर्णयानुसार रद्ध गरिएको व्यहोरा सवैका जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।
डिभिजन प्रमुख

## सिनेमा कर्नर










माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : कोसेली-पुरस्कार प्राप्ति, भाग्योदय, कार्य सफल, धनलाभ।
**वृष** : नोक्सानी, दुर्घटनाको भय, निरर्थक खर्च, विवादमा फसिएला।
**मिथुन** : पैसा लाभ, विविध सेवा वा वस्तुको प्राप्ति, मिष्ठान्न भोजन।
**कर्कट** : सुख-सन्तोष, कार्यसिद्धि, शारीरिक स्वस्थता, मन प्रफुल्लित।
**सिंह** : राज्यबाट लाभ, राजनीतिक सफलता, प्रतिष्ठा वृद्धि, सुख।
**कन्या** : रोगव्याधिको भय, आर्थिक नोक्सानी, काममा बाधा।
**तुला** : धनलाभ, सम्मान, परीक्षा आदिमा सफलता, समस्या समाधान।
**वृश्चिक** : द्रव्यलाभ, शत्रु विजय, खेलकुद-परीक्षामा सफलता।
**धनु** : कार्य सिद्धि, स्वस्थता, काममा जोश-जाँगर, सुख-सन्तोष।
**मकर** : झाडापखाला, ग्यास्ट्रिकको सम्भावना, विवाद, निरर्थक घुमफिर।
**कुम्भ** : आर्थिक लाभ, मान-सम्मान, पढाइ, व्यापारमा सफलता।
**मीन** : धन लाभ, स्वस्थता, रोमान्टिक जमघट, रमाइलो वातावरण।

# नेपाल

{ २०७० सालको दोस्रो संविधानसभाको निर्वाचनमा ३ हजार ४ सय मतदाता संख्या रहेको मनाङमा स्थानीयतह निर्वाचनमा ५ हजार ९५ जना थिए। हाल ७ सय ८६ जना मतदाता थपिएर कुल ५ हजार ८ सय ८१ मतदाता पुगेको छन्।

## मनाङमा नेपालकै थोरै मतदाता

**नवीन लामिछने, मनाङ**



२०७० सालको दोस्रो संविधानसभाको निर्वाचनमा ३ हजार ४ सय मतदाता संख्या रहेको यस जिल्लाको स्थानीय निर्वाचनमा ५ हजार ९५ जना थिए। हाल ७ सय ८६ जना मतदाता थपिएर कुल ५ हजार ८ सय ८१ मतदाता पुगेको छ। नेपालकै कम मतदाता भएको यस जिल्लामा मुख्य दुई दलको उम्मेदवारी परेको छ।

संघमा प्रत्यक्षतर्फ नेपाली कांग्रेस मनाङका सभापति एवं पूर्वश्रम राज्यमन्त्री टेकबहादुर गुरुङ र नेकपा एमालेका अध्यक्ष पाल्तेनछोपाङ गुरुङबीच कडा प्रतिस्पर्धा हुने देखिन्छ।

एउटा मात्र संघीय क्षेत्र र दुई वटा प्रदेश क्षेत्र रहेको यस हिमाली जिल्लामा नेपाली कांग्रेस र एमालेबीच रस्साकस्सी देखिएको छ। ४ वटा गाउँपालिका रहेको मनाङ जिल्लामा स्थानीय निर्वाचनमा दुई/दुई गाउँपालिका जितेका यी दुवै पार्टी संघ र प्रदेशमा पूरै जिल्ला आफ्नो पोल्टमा पार्न निकै कसरत गरेका छन्।

प्रदेश क्षेत्र 'क' मा कांग्रेसका चिन्तबहादुर र एमालेका धोर्जेढोङ्गेल गुरुङ त्यस्तै प्रदेश क्षेत्र 'ख' मा कांग्रेसका कर्मा गुरुङ र राजीव गुरुङ (दीपक मनाङे) बीच चुनावी प्रतिस्पर्धा हुनेछ। एमालेले आफ्नो पार्टीको उम्मेदवार खण्डा लामाको उम्मेदवारी फिर्ता लिई राजीव गुरुङलाई समर्थन गरेको अवस्थामा कसले बाजी मार्छ हेर्न बाँकी छ।

## 'दक्षिणपन्थी अधिनायकवाद लाद्न खोजिँदै छ'

ताप्लेजुङ, (नेस)

नेकपा एमालेका सचिव योगेश भट्टराईले कम्युनिस्टको हौवा खडा गरेर नेपालमा दक्षिणपन्थी अधिनायकवाद लाद्न खोजेको बताउनुभएको छ। चुनावी अभियानका विषयमा जानकारी दिन प्रेस चौतारी ताप्लेजुङले बिहीबार बिहान ताप्लेजुङमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै प्रचार विभाग प्रमुखसमेत रहनुभएका सचिव भट्टराईले नेपालमा वाम एकता भएपछि कांग्रेसले आत्तिएर दक्षीणतर्फका राष्ट्रमा गलत प्रचार गरिरहेको बताउनुभएको हो।

अहिलको आवश्यकता र देशलाई विकासको गतिमा लैजान वाम एकता गरे पनि त्यसलाई गलत अर्थ लगाउँदै कांग्रेशलगायतका केही शक्तिहरूले भारत, अमेरिकालगायतका देशमा प्रचार गरी नेपालमा दक्षिणपन्थी अधिनायकवादलाई पुन: भित्र्याउन खोजेको दाबी गर्नुभयो। तर, जस्तो प्रचार गरे पनि प्रचार गरिएका देशले नेपालका कम्युनिस्ट पार्टीलाई राम्ररी बुझ्केकाले वाम गठबन्धनलाई कुनै असर नपर्ने भट्टराईको भनाइ छ।

# १७ किलो सुनसहित युवक समातिए

**नवराज पहाडी, लमजुङ**



लमजुङमा करिब १७ किलो सुन चोरी निकासीका क्रममा प्रहरीले पक्रिएको छ। अवैध बाटोबाट ल्याइएको उक्त सुन बोकेर ल्याउँदै गरेका एक युवकलाई बिहीबार पक्राउ गरेको प्रहरीले पत्रकार सम्मेलन गरी जनाएको छ।

पक्राउ पर्ने युवक मनाङको नासोङ गाउँपालिका-९, दानाक्यु गाउँका ३१ वर्षीय पासाङ लामा भएको प्रारम्भिक अनुसन्धानमा खुलेको जिल्ला प्रहरी कार्यालका प्रमुख प्रहरी नायक उपरीक्षक पदमबहादुर विष्टले बताउनुभयो। उहाँका अनुसार ती युवकलाई मर्स्याङ्दी गाउँपालिकाको खुदीबाट प्रहरीले सुनसहित पक्राउ गरेको हो। मनाङतर्फबाट मोटरसाइकलमा युवकले सुन लिएर आउँदै गरेको अवस्था पक्राउ गरेको हो। मोटरसाइकलमा आउँदै गरेका ती युवकलाई प्रहरीले चेकिङका क्रममा रोक्न खोजेपछि आनाकानी गर्दै भागेका थिए।

मोटरबाइक र सुन रहेको झोलासमेत छाडेर भागेका ती युवकलाई प्रहरीले पिछा गरी भाग्दै गरेको अवस्थामा खुदी बजारमा पक्राउ गरेको विष्टले बताउनुभयो। उहाँका अनुसार त्यो सुन तिब्बतको सीमाबाट मनाङ हुँदै ल्याइएको हुनसक्ने अनुमान गरिएको छ। थप कुरा अनुसन्धानबाट खुल्ने उहाँले बताउनुभयो।

सुन १७ थान समातिएको प्रनाउ विष्टले बताउनुभयो। 'हेर्दा सुनजस्तै देखिन्छ। ती युवकले पनि सुन नै हो भनेका छन् तर तौल ठ्याक्कै के-कति हुन्छ जोखेपछि मात्र भन्न सकिन्छ' -प्रहरी नायव उपरीक्षक विष्टले बताउनुभयो। उहाँका अनुसार सामान्यतया एक थानमा एक किलो हुने गर्दछ। थप विवरण पछि अनुसन्धानमार्फत खुल्ने प्रहरी भनाइ छ।

लामाले चढेको बा५८प ४२ ९१ नं. को मोटरसाइकलसमेत समातिएको प्रहरी भनाइ छ। सो खबर पाउनासाथ प्रनाउ विष्ट आफैं खुदीमा पुग्नुभएको थियो।

लमजुङको उत्तरी क्षेत्रको मर्स्याङ्दी गाउँपालिकाको खुदी बजार सदरमुकाम बेंसीशहरबाट ७ किलोमिटरको दूरीमा बेंसीशहर-चामे सडक खण्डमा पर्दछ।

## जिप पल्टिँदा दुई घाइते

बैतडी, (नेस)

बैतडीको मेलौलीमा बिहीबार जिप पल्टिँदा बालकसहित २ जना घाइते भएका छन्। घाइते हुनेहरूमा बैतडी दशरथचन्द नगरपालिका २ देहिमाडौंका ६ वर्षीय बालक विनित बोहरा र २६ वर्षीया ममता बोहरा रहेको प्रहरी नायव उपरीक्षक हेरम्व शर्माले जानकारी दिनुभयो। घाइते हुने दुवै जना आमाछोरा रहेका जिल्ला प्रहरी कार्यालय बैतडीले जनाएको छ। घाइते दुवै जनाको केशरपुर प्राथमिक स्वास्थ्य केन्द्र मेलौलीमा उपचार भइरहेको प्रहरीले बताएको छ।

देहिमाडौंबाट मेलौलीतर्फ गइरहेको से१ज ३७३ नम्बरको जिप आज दिउँसो २ बजे मेलौली नगरपालिका-१ को तल्लादेहीमा पल्टेको हो। उकालो सडकमा जिपको ब्रेक फेल हुँदा अनियन्त्रित भई भित्तामा ठोक्किएर पल्टिएको थियो।

जिपमा ६ जना सवार रहेका भए पनि अरूरु यात्रु भने सुरक्षित रहेका छन्। जिप चालक किशोर बोहरालाई प्रहरीले नियन्त्रणमा लिई घटनाको थप अनुसन्धान गरिरहेको छ।

## स्वास्थ्य अधिकार उल्लंघन अध्ययन

बाँके, (नेस)

प्राथमिक स्वास्थ्य सेवा स्रोत केन्द्र र स्वास्थ्य अधिकार तथा सुर्ती नियन्त्रण जिल्ला सञ्जालले राज्यले उपलब्ध गराउने स्वास्थ्य सेवा जनताले प्राप्त गरे/नगरेको यथार्थ समेटेर वर्ष पुस्तक निकाल्ने तयारी गरेको छ।

स्वास्थ्य सेवा प्रभावकारिता सम्बन्धमा सन् २०१७ देखि नियमितरूपमा वर्ष पुस्तक प्रकाशन गर्ने तयारी भएको हो। सुर्ती नियन्त्रण जिल्ला सञ्जाल ५८ जिल्लामा गठन भएको छ। सञ्जालका बाँके अध्यक्ष पूर्णलाल चुकेले स्वास्थ्य अधिकार उल्लंघन घटना अध्ययनको थालनी गरिएको बताउनुभयो। 'वर्ष पुस्तक निकाल्ने तयारी भएको छ', संयोजक चुकेले थप्नुभयो- 'अहिलेको स्वास्थ्यको वास्तविक स्थिति वर्ष पुस्तकले देखाउनेछ।'

२०६८ मा ऐन कानुन बनेपछि सुर्तीजन्य पदार्थ सार्वजनिकरूपमा खान पाइँदैन। तर, यो कानुन कार्यान्वयन फितलो रहेको छ। सार्वजनिकस्थलमा सुर्तीजन्य पदार्थ सेवन गर्दा सयदेखि १ हजारसम्म जरिवाना हुने व्यवस्था छ।

स्वास्थ्य अधिकार उल्लंघन घटना अध्ययनका प्रदेश नं. ५ का फोकलपर्सन डीबी खातीले स्वास्थ्य अधिकार हनन, नि:शुल्क सेवाको अध्ययन, लापरबाही, स्वास्थ्यकर्मी या सेवाग्राहीमाथिको दुर्व्यवहारलगायतका विषय पुस्तकको प्राथमिकतामा पर्ने बताउनुभयो। बिहीबार नेपालगन्जमा सरोकारवालासँग छलफलका साथै पत्रकार सम्मेलनमा सञ्जालले सुर्तीजन्य पदार्थ लाइसेन्स लिएरमात्रै बिक्री-वितरण गर्नका लागि दबाब दिएका थिए।

# फेरि १७ साल दोहोरिन सक्छ

**नेपाल समाचारपत्र**

लमजुङ

नेपाली कांग्रेसका नेता, पूर्वकेन्द्रीय सदस्य तथा राज्य व्यवस्था समितिका निवर्तमान सभापति दिलबहादुर घर्तीले एकपटक फेरि २०१७ साल जस्तो प्रजातन्त्रविरोधी घटना भई देश संकटमा पर्न सक्ने बताउनुभएको छ। नेपाली कांग्रेस बेंसीशहर नगर कार्य समितिले जिल्ला सदरमुकाम बेंसीशहरमा आयोजना गरेको कार्यकर्ता भेलालाई सम्बोधन गर्दै नेता घर्तीले सो कुरा बताउनुभएको हो।

उहाँले २०१५ सालमा भएको निर्वाचनबाट प्रजातन्त्रको बिजारोपण हुन खोजेपछि निर्वाचित प्रधानमन्त्रीलाई जेल हालेर अधिनायकवादी सत्ता सञ्चालनको अभ्यास भएको स्मरण गर्दै नेता घर्तीले वाम गठबन्धनका नाममा फेरि प्रजातन्त्रमाथि हमला हुन सक्ने वातावरण बनाउन लागिएकोतर्फ सचेत हुनुपर्ने बेला आएको बताउनुभएको हो। नेता घर्तीले एमालेले कांग्रेसलाई बारम्बार धोका दिएको स्मरण गराउँदै ०३६ सालको जनमत संग्रहमा टाउकोमा पहेंलो टालो बाँधेर पञ्चायतको पक्षमा एमालेले भोट हालेकै कारणले पञ्चायती सत्ता लम्बिएको स्मरण गराउँदै नेता घर्तीले आसन्न निर्वाचनपछि पनि एमालेले माओवादीसँग मिलेर प्राप्त प्रजातान्त्रिक अधिकारलाई खोस्यो भने आश्चर्य नहुने उहाँले दाबी गर्नुभयो।

माले कहिल्यै परिवर्तनको सम्वाहक बन्न नसकेको बताउँदै उहाँले भन्नुभयो- 'राणा शासनका लागि कांग्रेसले गरेको आन्दोलनमा समेत तत्कालीन कम्युनिस्ट पार्टी राणाहरूले कुनै वास्ता नगरेपछि मात्र कांग्रेसको सहयोगी बन्न आएका थिए।' 'उनीहरू ०१७ सालमा पञ्चायत शासनको आरम्भ हुँदा मौन बसेका थिए। ०३६ सालको जनमत संग्रहमा देशभर राजासँग मिलेर पञ्चायत जिताउन लागे। ०४६ सालको जनआन्दोलनमा गणेशमान सिंहको सहयोगी बन्नसमेत हिच्किच्याए। पछि प्रजातन्त्र आएपछि मात्र हाम्रो पनि योगदान छ भन्दै कुर्लिए। ०६२/०६३ सालको आन्दोलनलाई बयलगाडा चढेर अमेरिका पुगिन्न भन्दै आन्दोलनलाई अवमूल्यन गरेका थिए तर गणतन्त्र आएपछि भने आफू गणतन्त्रवादी र परिवर्तनको हिमायती ठान्ने प्रलाप गरे' -घर्तीले भन्नुभयो। घर्ती लमजुङबाट प्रतिनिधिसभाको सदस्य पदमा कांग्रेसका खुलातर्फका उम्मेदवार हुनुहुन्छ।

## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।



जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**

का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।

सम्पर्क नं.:- ९८४१३१४७८१

**वर्गीकृत डिस्प्ले**

आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० /-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि.
भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६
४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङ्टा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प ताल्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खांदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९,
९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ। डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला।

**उपलब्धी सुविधाहरु**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
खान बस्नको सुविधासहित।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक,
काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।

बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।

दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।

मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

## नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं** गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर** हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर** सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

मत माग्न आउने उम्मेदवारले बाटो, बिजुली, शिक्षा, स्वास्थ्यलगायतका सुविधा दिन्छौं भन्दै नेपाली कांग्रेस, एमाले नयाँशक्तिलगायतका दलका उम्मेदवारले मत मागेको मार्तडी निवासी महिला मतदाता सावित्री श्रेष्ठले बताइन्।

# दलहरू मत माग्न गाउँ अभियानमा व्यस्त

दयाराम पण्डित, बाजुरा



आगामी मंसिर १० गते हुने भनिएको प्रदेश तथा प्रतिनिधिसभा सदस्यका लागि आ-आफ्नो पक्षमा मत माग्न यतिबेला उम्मेदवारसहित दलका कार्यकर्ता बाजुरामा घरदैलो अभियानमा छन्।

एउटा निर्वाचन क्षेत्र र २ वटा प्रदेशसभा सदस्य रहेको बाजुराको चुनावी सरगर्मी यतिबेला निकै बढेको छ। बाजुरामा वाम गठबन्धन र प्रजातान्त्रिक धारको २ गठबन्धन देखिन्छन्। गाउँ जाने उम्मेदवारले राजनीतिक मुद्दाका साथै जिल्लाको आर्थिक सामाजिक समृद्धिका नारा पनि उत्तिकै बोकेका छन्।

प्रचारप्रसारकै क्रममा यतिबेला बाजुराबाट प्रतिनिधिसभाका तीनै दलका उम्मेदवारहरू नेपाली कांग्रेसका तर्फबाट कविराज पण्डित, नेकपा एमाले वाम गठबन्धनका लालबहादुर थापा र नयाँशक्ति पार्टीका उम्मेदवार दिलीप शाहीलगायत क्षेत्र नं १ बाट कांग्रेसका जनकराज गिरी र एमालेका बलदेव रेग्मीलगायतका नेता कार्यकर्ताहरू सदरमुकाम मार्तडीबाट उत्तरपूर्वी कुण्डा क्षेत्रका गाउँ-गाउँमा व्यस्त छन् भने यता क्षेत्र नं २ का प्रदेशसभाका उम्मेदवार नेपाली कांग्रेसका पदमबहादुर शाही र नेकपा एमालेका प्रकाश साह सदरमुकाम दक्षिण-पश्चिम क्षेत्रमा छन्।

चिसो मौसमसँगै बाजुरामा दिनप्रतिदिन चुनावी माहोल बढिरहेको छ । नाराजुलुस, नाचगान बाजागाजासहित राजनीतिक कार्यकर्ता गाउँ केन्द्रित छन् । मेला, घाँसपात, होटेल र पसलमा चुनावकै रन्को सुनिन्छ।

बाजुराको आर्थिक तथा सामाजिक समृद्धि र लोकतन्त्रको रक्षाका लागि भन्दै कांग्रेसले प्रचारअभियान तीव्र पारेको नेपाली कांग्रेस जिल्ला कार्यसमिति बाजुराका सचिव एवं बूढीगंगा नगरपालिकाका नगरप्रमुख दीपकविक्रम शाहले बताए।

निष्पक्ष निर्वाचन गराई देशमा स्थायी सरकार गठन गरी समृद्धिका सवाल लिएर वाम गठबन्धन चुनावी मैदानमा होमिएको नेकपा एमाले जिल्ला कमिटी सदस्य एवं गौमुल गाउँपालिकका अध्यक्ष हरिबहादुर रोकायाले बताए।

मत माग्न आउने उम्मेदवारले बाटो, बिजुली, शिक्षा, स्वास्थ्यलगायतका सुविधा दिन्छौं भन्दै नेपाली कांग्रेस, एमाले नयाँशक्तिलगायतका दलका उम्मेदवारले मत मागेको मार्तडी निवासी महिला मतदाता सावित्री श्रेष्ठले बताइन्। बाजुरामा ७० वटा मतदान केन्द्र र १०० वटा मतदानस्थल रहेका छन्। स्थानीय तहको निर्वाचनपश्चात् बाजुरामा ८ वटा मतदानस्थल थप भएका थिए। बाजुराको सर्वाधिक विकट हिमाली गाउँपालिकाको हिमालभक्ति केन्द्रमा जम्मा ३० जना मतदाता रहेको जिल्ला निर्वाचन कार्यालय बाजुराका सूचना अधिकारी मानबहादुर थापाले बताउनुभएको छ।

'मतदाता शिक्षा स्थगित भएपछि मतपत्र कसरी प्रयोग गर्ने मतदाता प्रभावित हुने भएका छन्। '६४ वटा सामग्री केन्द्रले पठाउनुपर्ने र १७ वटा सामग्री जिल्लामै व्यवस्था गर्नुपर्ने हुन्छ । हालसम्म कुनै सामग्री आएको छैन, सामग्री नआउँदा बाजुराको निर्वाचन प्रक्रिया अन्योलमा रहेको छ', -सूचना अधिकारी थापाले बताए।

# पत्रकारलाई प्रशिक्षण

म्याग्दी, (नेस)

म्याग्दी जिल्लामा क्रियाशील पत्रकार एवं सञ्चारकर्मीहरूलाई बिहीबार सदरमुकाम बेनीमा निर्वाचनसम्बन्धी विभिन्न विषयहरूमा प्रशिक्षण दिइएको छ। मंसिर १० गते हुन गइरहेको प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका विषयमा पत्रकार र सञ्चारकर्मीलाई जानकारी गराइएको हो।

सञ्चारमाध्यम र पत्रकारमार्फत समाजमा निर्वाचनका सम्बन्धमा जनचेतना जगाउने र निर्वाचनको वातावरण निर्माण गर्ने उद्देश्यले कार्यक्रम गरिएको जिल्ला निर्वाचन कार्यालय म्याग्दीले जनाएको छ। सञ्चारमाध्यमको सहयोगमा नागरिकलाई सुसूचित गर्न निर्वाचनसम्बन्धी सूचना, समाचारहरू सम्प्रेषण गर्नुपर्ने बताइएको थियो। निर्वाचनमा बदर मत कम गराउन, सकारात्मक सन्देश प्रवाह गर्न, स्वतन्त्र, भयरहित र निष्पक्ष रुपमा निर्वाचन सम्पन्न गर्न गराउन सहयोगी भूमिका निर्वाहका लागि प्रशिक्षणको आयोजना गरिएको जिल्ला निर्वाचन अधिकारी केदारनाथ पौडेलले बताउनुभयो।

प्रशिक्षण कार्यक्रममा नेपाल पत्रकार महासंघ जिल्ला शाखा म्याग्दीका अध्यक्ष तारानाथ शर्मा र सदस्य तथा नागरिक समाजका संयोजक सुदर्शनकुमार श्रेष्ठले निर्वाचनमा सञ्चारमाध्यमको भूमिका, संवैधानिक तथा कानुनी व्यवस्था र निर्वाचन कार्यक्रम, निर्वाचनसम्बन्धी परिचयात्मक विवरण, मतदान तथा मतगणना प्रक्रिया र अभ्यास एवं आचारसंहिताका बारेमा सहजीकरण गर्नुभएको थियो।

यसैगरी कार्यक्रममा मतपत्रको प्रकार, मत बदर हुन नदिने अवस्था, स्वस्तिक छापको प्रयोग, मतदान गर्ने तथा मतपत्र पट्याउने तरिका र प्रक्रियालगायतका विषयमा पनि जानकारी गराइएको थियो। उक्त कार्यक्रममा पत्रकार एवं सञ्चारकर्मीहरूसँग निर्वाचनका विषयमा अन्तर्क्रिया र छलफलसमेत गरिएको छ।

कार्यक्रमको उद्घाटन गर्दै मुख्य निर्वाचन अधिकृत एवं जिल्ला न्यायाधीश राजकुमार कोइरालाले सबै मिलेर आसन्न निर्वाचनलाई निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्नुपर्ने बताउनुभयो। उहाँले सञ्चारमाध्यममार्फत निर्वाचनका गतिविधिहरूलाई आधिकारितासहित सम्प्रेषण गर्नुपर्नेमा जोड दिनुभयो।

# तामझामका साथ मनोनयन

नेपाल समाचारपत्र

बाँके

बाजागाजा, तामझामका साथ बाँकेको नेपालगन्जमा उम्मेदवारी दर्ता भयो। ठूला पार्टीहरूका गठबन्धनदेखि साना पार्टी र स्वतन्त्रसम्मले सांसद हुने आशा गरेर उम्मेदवारी दर्ता गराए।

प्रतिनिधिसभामा ३ वटा निर्वाचन क्षेत्र रहेको बाँकेमा कसको भाग्य चम्किन्छ भन्न सकिने अवस्था छैन। विशेष गरेर मध्य र सुदूरपश्चिमको चर्चित शहर नेपालगन्ज बजार समेटिएको २ नम्बर क्षेत्र चासोको विषय बनेको छ।

नेपालगन्जमा एमाले र माओवादी केन्द्र, कांग्रेस र राप्रपाको गठबन्धन तथा संघीय समाजवादी फोरमका बीचमा कडा प्रतिस्पर्धा हुने आकलन गरिएको छ। एमाले-माओवादीबाट पशुपतिदयाल मिश्र, कांग्रेस-राप्रपाबाट ओमप्रकाश आजाद र फोरमबाट इस्तियाक राई मैदानमा उत्रिएका छन्। नेपालगन्जमा राजपा, संघीय समाजवादी फोरम, नयाँ शक्ति, राप्रया एकीकृत, संघीय समाजवादी पार्टीलगायतका उम्मेदवार रहेका छन्।

संगठन, गठबन्धन र उम्मेदवारलाई हेर्दा पशुपति, ओमप्रकाश र इस्तियाकका बीचमा कडा प्रतिस्पर्धा रहेको छ। मनोनयन दर्ताका क्रममा यी ३ नेताले राम्रै मजाक गरेका थिए। तीनै जनालाई एकै ठाउँमा ल्याएर फोटो खिच्ने बेलामा बीचमा परेका इस्तियाकले दुवैतिर काकाहरू हुनुहुन्छ, यसपालि भतिजालाई जिताउनुहुन्छ भन्दा पशुपतिले पहिला काकाको पालो हुने पछि भतिजा भन्नुभयो।

नेपालगन्जको २३ मध्ये २१ वडा र डुडुवा गाउँपालिका मिलेर क्षेत्र नं. २ बनेको छ। स्थानीय निकायको मतलाई हेर्दा यहाँ कांग्रेस-राप्रपाको पल्ला भारी देखिन्छ। यद्यपि, विश्लेषकहरू तरल मतलाई व्यक्तिगत प्रभाव पर्ने भएकाले यसै भन्न नसकिने बताउँछन्।

८२ हजार ९ सय ४९ मतदाता रहेको यो क्षेत्रमा जित्नका लागि २० हजार मत कटाउनु पर्ने देखिन्छ। स्थानीय निकायको मत हेर्दा कांग्रेस-राप्रपा गठबन्धनको २० हजार बढी मत देखिन्छ भने एमाले-माओवादी गठबन्धन र फोरमको नजिक रहेको छ। गठबन्धन बन्दा रिसाएका नेता तथा कार्यकर्ताको जित-हारमा प्रमुख भूमिका रहने बताइएको छ। कांग्रेसका तत्कालीन सभापति एवं पूर्वप्रधानमन्त्री सुशील कोइरालाको क्षेत्र राप्रपालाई छोड्दा केही असन्तुष्टि देखिएका छन्। एमालेमा स्वतन्त्र समूहबाट ल्याएर पशुपतिलाई टिकट दिइएको छ। यद्यपि, नेपालगन्जमा एमालेका नेताहरू खासै असन्तुष्ट छैनन्। मुस्लिम समुदायको बाक्लो उपस्थिति र फोरमको संगठन पनि ठिकै रहेकाले इस्तियाक पनि प्रतिस्पर्धामा रहेका छन्।

बाँकेका अन्य क्षेत्रमा पनि एमाले-माओवादीको गठबन्धन र कांग्रेसका उम्मेदवारबीच कडा प्रतिस्पर्धा रहेको छ। क्षेत्र नं. २ मा एउटा टिकट लिएर राप्रपाले जिल्लाका अन्य क्षेत्रमा कांग्रेसलाई सहयोग गरेको छ।

# उम्मेदवारी दर्ता गर्दा हजारौंको जुलुस

पर्वत, (नेस)

आगामी मंसिर २१ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा १० हजार मत अन्तरले नेपाली कांग्रेसलाई पराजित गर्ने दाबी वाम गठबन्धनका उम्मेदवारले गरेका छन।

जिल्ला निर्वाचन कार्यालय पर्वतमा उम्मेदवारी दर्ता गर्ने क्रममा आयोजित कोणसभालाई सम्बोधन गर्दै वाम गठबन्धनका उमेदवारहरूले १० हजारभन्दा बढी मतले कांग्रेसलाई पराजित गर्ने दाबी गरेका हुन्।

कुस्मा बजारमा हजारौंको जुलुससहित उमेदवारी दर्ता गराएका उम्मेदवारहरूले वाम गठबन्धन बनेपछि नेपाली कांग्रेसभन्दा १० हजारभन्दा बढी मत भएकाले जित सुनिश्चित भएको दाबी गरेका हुन्।

कोणसभालाई सम्बोधन गर्दै नेकपा(एमाले)का पोलिटब्युरो सदस्य तथा प्रदेश नं ४ का सहसंयोजक गणेश तिमिल्सीनाले पर्वत जिल्लालाई अब लालकिल्ला बन्नबाट कुनै शक्तिले रोक्ने तागत नभएको बताए । 'वामगठबन्धनको लोकप्रिय जनमतलाई अब कसैले पनि तलमाथि गर्न सक्दैनन्', तिमिल्सीनाले भने- 'पर्वतका जनताले डेढ दशकमा भोगेको कु-शासनको बदला अब लिने दिन आएको छ।' उनले प्राविधिक हिसाबले एमाले र माओवादी केन्द्रका उमेदवारहरू छुट्टाछुट्टै चुनाव चिह्न लिएर उठे पनि पार्टी एकता हुने भएकाले निर्धक्क भएर एक अर्कालाई मतदान गर्न आग्रह पनि गरे।

पर्वतबाट प्रतिनिधिसभाका उम्मेदवार तथा नेकपा(एमाले) पर्वतका अध्यक्ष पदम गिरीले पर्वतमा १८ वर्षसम्म जनप्रतिनिधि हुँदा एक मिटर बाटोसमेत पक्की गर्न नसकेको दुरावस्था अब जनताले बेर्होन नपर्ने ठोकुवा गरे। उनले ५ वर्ष पर्वत जिल्लालाई समृद्ध बनाउने दायित्त्व वाम गठबन्धनमा आएको बताए। 'अब जनतालाई जालझेल गरेर गुमराहमा राख्ने दिन सकिए', उनले भने- 'कसैले पैसाका आधारमा चुनाव जित्छु भन्ने सपना देखेको छ भने त्यो अब चकनाचुर हुनेछ।'

नेकपा (माओवादी) केन्द्रका पोलिटब्युरो सदस्य नेत्र अधिकारीले वाम गठबन्धनको उमेदवारका पक्षमा ३० प्रतिशत जनमत थपिइसकेको कारण कसैले चुनाव जित्ने सपना नदेखे हुन्छ भने। वामशक्तिबीचको तालमेलपछि स्वतन्त्र रहेको जनमतसमेत वाम उमेदवारको पक्षमा देखिएकोले आफ्नो विजय यात्रालाई कसैले रोक्न नसक्ने बताए। प्रदेशसभा 'ख' का उमेदवार तथा निर्वतमान सांसद विकास लम्सालले वाम गठबन्धनका उमेदवारहरूले १० हजार मत अन्तरले चुनाव जित्ने बताए। उनले उम्मेदवारी छनोटको विषयलाई आफूले सामान्य रुपमा लिएको बताउँदै पर्वतलाई समृद्ध बनाउन आफूले शुरू गरेका योजनाहरू पूरा गरेरै छाड्ने पनि दाबी गरे। नेकपा(एमाले) पर्वतका उपाध्यक्ष भक्त कुँवरको अध्यक्षतामा भएको कोणसभामा नेकपा माओवादी केन्द्रका जिल्ला सह-इन्चार्ज गगन थापा, जिल्ला सह-संयोजक केशव कुँवरलगायतले मन्तव्य व्यक्त गरेका थिए।

# शीर्ष नेताद्वारा मनोनयन दर्ता

गुल्मी, (नेस)

आगामी मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको लागि गुल्मीमा पनि विभिन्न पार्टीका उम्मेदवारहरूले मनोनयन दर्ता गराएका छन्। जिल्लामा २ पार्टीका ३ शीर्ष नेताले मनोनयन दर्ता गराएका छन्।

एमाले माओवादी गठबन्धनबाट क्षेत्र नम्बर १ मा प्रतिनिधिसभाका लागि प्रदीप ज्ञवाली र क्षेत्र नम्बर २ बाट गोकर्ण विष्टले मनोनयन दर्ता गराएका छन्। नेपाली कांग्रेस क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभाका लागि चन्द्र भण्डारी र क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभाका लागि चन्द्र केसीले मनोनयन दर्ता गराएका छन्।

गुल्मीमा क्षेत्र नम्बर १ बाट ज्ञवाली र भण्डारीबीच हुने चुनावी प्रतिस्पर्धालाई रोचकपूर्वक हेरिएको छ। उनी २ जना शीर्ष नेता रहेका छन्। क्षेत्र नम्बर २ बाट विष्ट र केसीबीच भने बाहिर जनस्तरमा विष्टसँग नै जनमत बलियो रहेको आकलन रहेको छ।

वाम गठबन्धनबाट क्षेत्र नम्बर १ को प्रदेशसभातर्फ माओवादीका सुर्दशन बराल र एमालेबाट कमलराज श्रेष्ठ क्षेत्र, नम्बर २ को प्रदेशसभातर्फ एमालेबाट खड्ग केसी र माओवादीबाट दिनेश पन्थीले मनोनयन दर्ता गराएका छन्।

गुल्मीमा नेपाली कांग्रेसले एक्लै चुनावी मैदानमा उत्रिने गरी मनोयन दर्ता भएको छ। क्षेत्र नम्बर १ को प्रदेशसभातर्फ पृथ्वी फौजदार र धनेन्द्र कार्की र क्षेत्र नम्बर २ को प्रदेशसभातर्फ शालिक पन्थी र छन्द पहराईले मनोयन दर्ता गराएका छन्।

# एलर्जीसम्बन्धी सम्मेलन धुलिखेलमा

काभ्रे, (नेस)

काठमाडौं विश्वविद्यालय धुलिखेल शिक्षण अस्पतालको आयोजनामा एलर्जीसम्बन्धी पहिलो नेपाल सम्मेलन धुलिखेलमा शुरू भएको छ। २ दिने सम्मनेलनको काठमाडौं विश्वविद्यालयका उप-कुलपति डा. रामकण्ठ माकजु श्रेष्ठले उद्घाटन गरेका थिए।

सम्मेलनको उद्घाटन गर्दै उप-कुलपति माकजुले धुलिखेल अस्पतालले उपचार नपाएर छट्पटिएका बिरामीलाई उपचार सेवा उपलब्ध गराउने र सबै प्रकारका रोगको उपचारका लागि विशेषज्ञहरू उत्पादन गर्ने बताए। सम्मेलनमा देशभरका निजी अस्पतालमा कार्यरत बालरोग, छाला रोग, छाति रोग, नाक, कान घाँटी रोगका विशेषज्ञ डाक्टरको सहभागिता रहेको धुलिखेल अस्पतालका छाला तथा यौन रोग विशेषज्ञ डा. धर्मेन्द्र कर्णले बताए।

**मोरङ जिल्ला अदालतबाट जारी भएको रुद्र बहादुरको छोरी जिल्ला उदयपुर गा.वि.स. वेल्टार वडा नं. ९ हाल चौदण्डीगढी गा.पा. वडा नं ३ बस्ने अं. वर्ष २२ का पार्वती कार्की खड्का नाउँको १५ दिने म्याद**

उप्रान्त वादी तपाई र प्रतिवादी जिवन कार्की समेत भएको अंश चलन मुद्दामा तपाईको नाउँको म्याद जारी गरी पठाएकोमा उदयपुर जिल्ला अदालतबाट मिति २०७४/०५/०१ मा बेपत्ते तामेल भई प्रतिवेदन साथ आएकोमा यस अदालतबाट राष्ट्रिय स्तरको दैनिक पत्रिकाबाट जारी गर्नु भन्ने मिति २०७४/०६/२३ को आदेशानुसार तपाईको नाउँमा यो म्याद सूचना यस राष्ट्रिय स्तरको दैनिक पत्रिकाबाट जारी गरिएको छ। सूचना जारी भई प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक १५ दिन भित्र फैसला बमोजिम तपसिलमा उल्लेखित जग्गा ४ भागको १ भागलाई पूनः २ भाग गरी १ भाग तपाईलाई बण्डा छुट्याई लिन तथा आफ्नो भाग जिम्मा लिन आउनुहोला । नआए यस अदालतबाट दण्ड सजायको ४६ नं बमोजिम बण्डा छुट्याई दिईनेछ । पछि तपाईको उजुर लाग्ने छैन । काम तामेल नहुदै हाजिर हुन आए उपस्थित गराई गराई बण्डा छुट्याईदिने काम हुनेछ ।

| सि.नं. | जग्गाधनिको नाम | जिल्ला | गा.वि.स. | वडा नं | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| १ | छत्र कुमारी कार्की | मोरङ | बनीगामा | ३ क | ६२६ | ०-५-१३$^{1/4}$ |

ईति सम्वत २०७४ साल कार्तिक १३ गते रोज २ शुभम्.................................।

**नाम परिवर्तन गरिएको सम्बन्धी सूचना**

कन्सटिच्युन अफ एक्सेस इन्डिपेन्डेन्ट लिभिङ एसोसियसन नेपालको मिति २०७४।०५।१९ गते बसेको संचालकहरुको विशेष साधारण सभाले यस कम्पनीको नाम परिवर्तन गरी एक्सेस इन्डिपेन्डेन्ट लिभिङ एसोसियसन नेपाल (Acess independent Living Assocation Nepal) राख्ने निर्णय गरिएको र कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौबाट समेत मिति २०७४।०६।०६ मा स्वीकृति पाई सकेको कुरा सरोकारवाला तथा सम्बन्धित सबै पक्षलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

**एक्सेस इन्डिपेन्डेन्ट लिभिङ एसोसियसन नेपाल**
**कुपण्डोल ०१ ललितपुर , नेपाल ।**

**हार्दिक श्रद्धाञ्जली**



जन्म
१९९०/१२/१४ गते

स्वर्गारोहण
२०७४/७/५ गते

**स्व : मित्र प्रसाद खनाल**

नेपाल पत्रकार महासंघ कामना प्रतिष्ठान शाखाका अध्यक्ष एवं नेपाल समाचारपत्र राष्ट्रिय दैनिकका वरिष्ठ संवाददाता टीका बन्धन खनालका पुजनीय हजुरबुवा **मित्र प्रसाद खनाल** को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै, यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजन प्रति धैर्य धारण गर्ने शक्ति प्राप्तिका लागि श्री परमेश्वरसँग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

पुष्करलाल श्रेष्ठ
प्रधान सम्पादक
एवं
**कामना न्यूज पब्लिकेसन्स् परिवार**

Government of Nepal
Ministry of Finance
**Revenue Administration Training Centre (RATC)**
Pulchok, Lalitpur

**INVITATION FOR SEALED QUOTATION**

Sealed Quotation No: RATC/G/SQ-1/074-75/3050173
Date of first Publication: 3 November 2017

1. The **RATC** invites sealed quotations from registered Suppliers for the **supply and delivery of Stationary and Office Supplies**.
2. Interested eligible Suppliers may obtain further information and inspect the sealed quotation Forms at the office of RATC, **Karmachari Sanchaya Kosh B Block building, Pulchok Lalitpur. Phone No.015010306, Fax 015010303**
3. Sealed Quotation Forms may be purchased by eligible Suppliers on or before **office hours** on **17 November 2017** on the submission of a written application and upon payment of a non-refundable fee of **Rs.1000.00 (Nrs. One Thousand)**.
4. Sealed Quotations must be submitted to the above office on or before **12.00 noon** on **19 November 2017**. Quotation received after this deadline shall not be accepted.
5. Quotations must be valid for a period of **45 days** after opening of Sealed quotations and must be accompanied by Cash Security or Bank Guarantee, amounting to a **minimum** of **NRS 40,000.00(NRs. Forty Thousands)**, which shall be **valid for 75 days** after opening of the Sealed Quotations.
6. If bidder wishes to submit the Cash Security, the cash should be deposited in **District Treasury comptroller Office Lalitpur's Deposit Account No. 0180-510016856 at Nepal Bank Limited Gabahal Lalitpur** by mentioning bid security for **Stationary and Office Supplies of Revenue Administration Training Centre, Pulchok Lalitpur (office Code 28-305-04)** and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. Sealed Quotation shall be opened in the presence of Suppliers' representatives who choose to attend at **1.00 PM** on **19 November 2017** at the office **RATC**.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day.
9. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Training Chief**



# विश्व

**भ्रमण**
म्यान्मारकी प्रभावशाली नेतृ आङ सान सुकी पहिलो पटक हिंसाग्रस्त र खाइन राज्यको भ्रमण गर्दै।



**इनार**
पपुवा न्यु गिनीस्थित अस्ट्रेलियाली हिरासत शिविरमा शरणार्थी बन्ने प्रयासमा रहेका एक व्यक्ति इनार खन्दै।



2017, NOV Friday 3

## विश्व २ मिनेट

### भारत
## मर्नेका संख्या २६

रायबरेली, (एजेन्सी)

भारतको उत्तर प्रदेशको रायबरेली जिलाको उचाहारस्थित एनटीपीसी ऊर्जा केन्द्रमा बुधबार भएको दुर्घटनामा मर्नेको संख्या कम्तीमा २६ पुगेको र ५९ जनाभन्दा बढी घाइतेको अस्पतालमा उपचार भइरहेको राज्यका उपमुख्यमन्त्री दिनेश शर्माले जानकारी दिएका छन्। यसअघि रायबरेलीको जिलाधिकारी सञ्जय खत्रीले २२ जनाको मृत्यु भएको पुष्टि गरेका थिए। ५ सय मेगावाट बिजुली उत्पादन गर्ने एनटीपीसीको परीक्षणमा रहेको एउटा एकाइको ब्वाइलरमा विस्फोट भएको थियो। मौरिससको भ्रमणमा रहेका यूपी मुख्यमन्त्री योगी अदित्यनाथले घाइतेहरूको सम्पूर्ण उपचारका लागि निर्देशन दिएका छन्।

### चीन
## किमलाई सिको जवाफ

बेइजिङ, (एजेन्सी)

चिनियाँ राष्ट्रपति सि जिनपिङले चीनको कम्युनिस्ट पार्टी कंग्रेसमा उत्तर कोरियाली नेता किम जोङ उनले पठाएको बधाई सन्देशको जवाफमा आफू दुई देशबीचको सम्बन्ध विकास हुनेमा आशावादी रहेको बताएको कोरियाली सरकारी समाचार एजेन्सीले बिहीबार जनाएको छ। ती दुई नेताबीचको यो एक वर्षभन्दा लामो समयपछिको सम्पर्क हो। किमलाई पठाएको जवाफमा सिले 'कमरेड चेयरम्यान'को सम्बोधन गरेको र आफू दुई देश र पार्टीबीच दिगो असल र स्थायी विकासको सम्बन्धका लागि इच्छुक रहेको उल्लेख गरेका छन्। किमले पठाएको बधाई सन्देशमा दुई देशका जनताको हितका सम्बन्ध विकास हुनु पर्ने बताइएको थियो।

### म्यान्मार
## सुकी रखाइनमा

याँगुन, (एजेन्सी)

म्यान्मारकी प्रभावशाली प्रजातन्त्रवादी नेतृ आङ सान सुकी बिहीबार रखाइन राज्यमा आइपुगेकी छिन्। गत अगस्टमा अल्पमत रोहिंग्या मुस्लिम र सरकारी फौजबीच भिडन्त चर्केयता उनी पहिलोपटक त्यहाँ पुगेकी हुन्। अचानक शुरु भएको एकदिने भ्रमणको क्रममा उनको क्षेत्रीय राजधानी सित्वे र अन्य शहरहरू पुग्ने कार्यक्रम रहेको छ। जातीय सफायाको नाममा रोहिंग्या मुस्लिममाथि सैनिक दमन नरोकेको आरोप लगाउँदै सुकीको अन्तर्राष्ट्रिय जगत्ले आलोचना गरेको थियो। २५ अगस्टयता करिब ६ लाख रोहिंग्या भागेर बंगलादेश पुगेका छन्।

### अस्ट्रेलिया
## शिविरमा इनार

सिड्नी, (एजेन्सी)

शरणार्थी बन्ने प्रयासमा रहेका व्यक्तिहरूले पपुवा न्यु गिनीस्थित अस्ट्रेलियाली हिरासत शिविर छोड्न बिहीबार अस्वीकार गरेका छन्। तिनीहरूले दुई दिनअघि नै आधिकारिक रुपमा बन्द गरिएको सो शिविरमा आफूहरूले पानीका लागि इनार खन्दै गरेको बताएका छन्। मानस टापुमा रहेको सो शिविरका करिब ६ सय पुरुषले बाहिर आक्रमण हुनसक्ने डर देखाउँदै त्यहाँबाट जान अस्वीकार गरेका छन्। यसैबीच न्युजिल्यान्ड अस्ट्रेलियाको यस शिविरका १ सय ५० जनालाई आफूले शरण दिने कुरा पुन: दोहर्‍याएको छ। क्यानवेराले भने न्युजिल्यान्डको प्रस्ताव अस्वीकार गर्दै आएको छ।

# यौन दुर्व्यवहारको आरोपपछि बेलायती रक्षामन्त्रीको राजीनामा



लन्डन, (एजेन्सी)

यौन दुर्व्यवहारको आरोप लागेपछि बेलायतका रक्षामन्त्री सर माइकल फेलोनले राजीनामा दिएका छन्।

राजीनामा दिने क्रममा उनले बेलायती सेनाको मापदण्डअनुसार उनको व्यवहार सही नभएको बताएका थिए। '१० वा १५ वर्षअगाडि जुन कुरा स्वीकार्य थिए, अहिले प्रस्ट रुपमा ती स्वीकार्य छैनन्।' -उनले बीबीसीलाई बताए। संसद्मा गम्भीर यौन दुर्व्यवहारको आरोप लागेपछि राजीनामा दिने उनी पहिलो नेता हुन्। उनको पछिल्लो यौनजन्य दुर्व्यवहारको दाबी बुधबार मात्र आएको हो। तर यस विषयमा प्रधानमन्त्री कार्यालयका तर्फबाट कुनै प्रतिक्रिया आएको छैन।

प्रधानमन्त्री टेरिजा मेले क्याबिनेटमा आफ्नो भूमिकालाई गम्भीरताका साथ लिएकोमा सर फेलोनको प्रशंसा गरेकी छिन्। आफ्नो राजीनामामा फेलोनले लेखेका छन्- 'हालैका दिनमा जनप्रतिनिधिमाथि लगाइएका कयौं आरोपहरू बाहिर आएका छन्। तीमध्ये केही आरोप मेरा अतितका व्यवहारका बारेमा पनि छन्।'

उनले भने- 'तीमध्ये अधिकांश गलत छन्, तर विगतका मेरा व्यवहार त्यस्तो रह्यो जुन सेनाको नेतृत्व गर्नका लागि आवश्यक मापदण्डअनुरुप छैन भन्ने म स्वीकार गर्छु।'

उनले आफ्नो राजीनामाको फैसला सही भएको बताए- 'हालैका वर्षमा संस्कृतिमा धेरै परिवर्तन आएको छ। १० वा १५ वर्ष अगाडी जुन स्वीकार्य हुन सक्थ्यो, अब त्यो बिल्कुल स्वीकार्य छैन।' उनले अब संसद्मा आत्ममन्थनको आवश्यकता भएको र प्रधानमन्त्रीले पनि व्यवहारमा सुधार गर्नु जरुरी भएको प्रस्ट पारे। कुनै प्रकारको उत्पीडनका आरोपहरूबाट वेस्टमिनिस्टका कर्मचारीहरूलाई स्वच्छ राख्नुपर्ने उनले थपे।

विगतका ती घटनालाई लिएर माफी माग्नुपर्छ कि भन्ने प्रश्नको जवाफमा उनले भने- 'हामी सबैले विगतमा एकपटक फर्कनु पर्छ भन्ने मलाई लाग्छ। त्यस्तो केही न केही कुरा अर्थात् घटनाहरू भेटिन्छन्, जसमा हामीले अफसोच गर्नुपर्छ, सायद त्यसलाई हामीले फरक तरिकाले गरेको हुन सक्छ।' तीन वर्षसम्म रक्षा मन्त्रीको पद सम्हाल्नु आफ्ना लागि सौभाग्यको कुरा भएको उनले बताए। प्रधानमन्त्री टेरिजा मेले उनको राजीनामा स्वीकार गरेकी छिन् र उनको कार्यकालको प्रशंसा गरेकी छिन्।

सर माइकल फेलोन विगत चार दशकदेखि लगातार सांसद रहे। सन् १९८३ मार्चमा उनी लेबोर पार्टीका एक उम्मेदवारसँग चुनाव हारेका थिए। तर मार्गरिट थ्याचरले पुन: आम निर्वाचनको घोषणा गरेकाले उनले ७७ दिनपछि नै चुनाव जितेका थिए। डेविड क्यामरुनको कार्यकालमा २०१४ मा पनि उनले रक्षामन्त्रीको पदभार सम्हालेका थिए।

# घरको आँगनमै भयानक गोही



नयाँदिल्ली, (एजेन्सी)

पूर्वी भारतीय राज्य ओडिसाको एक विकट आदिवासी गाउँमा एकजना मानिस बिहान उठेर हेर्दा आफ्नो आँगनमा तीन मिटर लामो गोही देखेर छक्क परेका छन्।

दसरथ मदकामी नामक ती व्यक्तिले अनौठो खालको आवाज सुनेर बिहीबार बिहान करिब ३ बजे बिउझिँदा गोही भेटाएको जानकारी पत्रकारहरूलाई दिएका छन्। उनले डराएर गाउँलेहरूसँग हारगुहार गरेपछि सबै मिलेर गोहीलाई रूखमा बाँधेका थिए।

निकै अत्तालिएका गाउँलेहरूले शुरूमा गोहीलाई मार्नै खोजेका थिए। तर गाउँका मुखियाले तिनीहरूलाई रोकेका थिए। अन्त्यमा स्थानीय वन्यजन्तु संरक्षण निकायका कर्मचारीहरू आएर गोहीलाई उद्धार गरेका थिए। तर त्यसलाई मुक्त गर्ने विषयमा पनि ठूलै विवाद भएको थियो।

ती कर्मचारीहरू गोहीलाई उनी आएकै स्थान सातीगुदा बाँधनजिक छोड्न चाहन्थे भने स्थानीय गाउँलेहरू गोही फेरि फर्किने डरले त्यस्तो नगराउने पक्षमा रहेका थिए। सातीगुदा बाँधमा यस्ता ठूला ठूला ३० देखि ४० वटा गोही रहेको बताइएको छ। अन्तत: त्यस गोहीलाई गाउँदेखि ६० किमि टाढाको बालीमेला जलाशयमा छोडिएको थियो।

# युरोपमा उत्तर कोरियाको परमाणु क्षेप्यास्त्र आक्रमणको खतरा

टोक्यो, (एजेन्सी)



नेटोका प्रमुखले उत्तर कोरियाबाट युरोप वा अमेरिकामा परमाणु क्षेप्यास्त्र आक्रमण हुन सक्ने बताएका छन्। उत्तर अटलान्टिक सन्धि संगठन (नेटो)का महासचिव जेन्स स्टोल्टेनबर्गले उत्तर कोरियाका किम जोङ उनले हतियार विकास गरी पश्चिमी मुलुकलाई धरापमा पारेको बताए।

'उत्तर कोरियाको क्षेप्यास्त्र विस्तारमा युरोप पनि आउँछ भन्ने हामीलाई थाहा छ र नेटो सदस्य राष्ट्रहरू यसअघि नै जोखिममा परिसकेका छन्।' -जापानको योमुरी सिम्बुनलाई उनले बताए।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अर्को हप्ता यस क्षेत्रको भ्रमण गर्नुपूर्व स्टोल्टेनबर्ग जापान र दक्षिण कोरियाको भ्रमणमा छन्। ट्रम्पले उत्तर कोरियाको आणविक महत्त्वाकांक्षालाई रोक्ने विषयमा एसियाली नेताहरूसँग छलफल गर्नेछन्। 'कुनै पनि खतरा र आक्रमण प्रतिरोधमा जवाफ दिने क्षमता नेटोले राख्दछ।' -जीजी प्रेसमा प्रकाशित एक लेखमा स्टोल्टेनबर्गले बताएका छन्। 'कुनै पनि नेटो घटक र नेटोले युद्ध चाहेको छैन, जसले विनाश निम्त्याओस्।' -उनले थपे।

यसअघि अमेरिकी रक्षा मन्त्री जिम मेटिस प्योङयाङको विषयमा छलफल गर्न दक्षिण कोरिया पुगेका थिए। प्योङयाङले अमेरिकी भूमि गुआमलाई आफ्नो निसाना बनाउने चेतावनी दिइसकेको छ। 'अमेरिका र हाम्रो सहयोगीमाथि आक्रमण गर्ने कुनै गल्ती नगर्नु, उसले पराजय भोग्नुपर्नेछ। परमाणु हतियारको प्रयोगले अत्यधिक सैन्य प्रतिरोध हुनेछ, जुन आफैमा प्रभावकारी र व्यापक हुनेछ।' -उनले बताएका थिए।

# अल कायदाका लाखौं सामग्री सार्वजनिक

वासिङ्टन, (एजेन्सी)



अमेरिकी केन्द्रीय अनुसन्धान निकाय (सीआईए)ले सन् २०११ मा पाकिस्तानमा अन्तर्राष्ट्रिय लडाकू समूह अल कायदाका नेता ओसामा विन लादेनलाई मारेका बेला जफत गरिएका झन्डै ४ लाख ७० हजारवटा फाइल सार्वजनिक गरेको छ।

ती नयाँ दस्तावेजमा लादेनको निजी डायरी, महत्त्वपूर्ण कागजात र अडियो तथा भिडियो फाइललगायत आफ्नो विवाहमा सरिक रहेका बेला खिचिएको लादेनका छोरा हामाजाको एउटा क्लिप पनि रहेका छन्। पाकिस्तानको एब्बोत्तावादमा लादेन लुकिरहेको घरबाट अमेरिकी विशेष फौजले कब्जामा लिएका सामग्रीहरूको यो चौथो पटक सीआईएले सार्वजनिक गरेको हो। अमेरिकी गुप्तचर निकायका निर्देशक माइक पोम्पियोले भनेका छन्- 'राष्ट्रिय सुरक्षामा आँच आउन सक्ने भएकाले केही सामग्री भने अझै सार्वजनिक गरिएको छैन।'

आज सार्वजनिक गरिएका अल कायदाका पत्र, अडियो भिडियो र अन्य दस्तावेजहरूले अमेरिकी जनतालाई आतंककारी संगठनको योजना र कार्यबारे राम्रो जानकारी लिन सघाउने छन्। साथै सीआईएको विज्ञप्तिका अनुसार यी दस्तावेजहरूले अल कायदा र इस्लामिक स्टेट समूह (आईएसआईएस)बीचको मतभिन्नता साथै अल कायदाकै आफ्ना गठबन्धनसँगको सामरिक सिद्धान्त र धार्मिक असहमतिका बारेमा प्रकाश पार्नेछन्। बुधबार सार्वजनिक गरिएका सामग्रीले उक्त आतंककारी सञ्जालले अरबमार्फतको वसन्त क्रान्तिबाट फाइदा लिन र सञ्चार माध्यममा आफ्नो छवि सुधार्न गरेका प्रयासलाई स्पष्ट रुपले देखाएका छन्।

## एमाओवादीका...

४. कृष्णबहादुर महरा (दाङ २), ५. रामबहादुर थापा बादल (राष्ट्रियसभा), ६. वर्षमान पुन अनन्त (रोल्पा), ७. गिरिराजमणि पोखरेल (महोत्तरी १), ८. पम्फा भुसाल (ललितपुर ३), ९. अग्नि सापकोटा (सिन्धुपाल्चोक १), १०. जनार्दन शर्मा (पश्चिम रुकुम), ११. मातृका यादव (धनुषा १), १२. रामचन्द्र झा (धनुषा २), १३. देवेन्द्र पौडेल (बाग्लुङ २), १४. हितमान शाक्य (काठमाडौं १०), १५. झक्कु सुवेदी (काठमाडौं ६), १६. प्रभु साह (रौतहट ३), १७. हरिबोल गजुरेल (सिन्धुली २), १८. शक्ति बस्नेत (जाजरकोट), १९. खगराज भट्ट (डडेल्धुरा), २०. विना मगर (कञ्चनपुर १), २१. लेखराज भट्ट (कैलाली ४) रहेका छन्।

## एमालेका...

१४. गोकर्ण विष्ट (गुल्मी २), १५. योगेश भट्टराई (ताप्लेजुङ), १६. भानुभक्त ढकाल (मोरङ ३), १७. लालबाबु पण्डित (मोरङ ६), १८. महेश वस्नेत (भक्तपुर २), १९. रघुवीर महासेठ (धनुषा ४), २०. वंशीधर मिश्र (रौतहट ४), २१. कृष्णगोपाल श्रेष्ठ (काठमाडौं ९), २२. राजन भट्टराई (काठमाडौं ४), २३. सोमप्रसाद पाण्डे (पाल्पा २), २४. हृदयेश त्रिपाठी (नवलपरासी १), २५. बृजेशकुमार गुप्ता (कपिलवस्तु), २६. राधा ज्ञवाली (समानुपातिक), २७. शान्ता चौधरी (समानुपातिक), २८. मोतिलाल दुगड (समानुपातिक), २९. रामप्रित पासवान (समानुपातिक), ३०. पृथ्वीसुब्बा गुरुङ (लमजुङ प्रदेशसभा) रहेका छन्।

## मनोनयन...

अत्यन्त उत्साह र सौहार्द वातावरणमा उम्मेदवारको मनोनयन दर्ता भएको प्रमुख निर्वाचन आयुक्त डा. यादवले बताउनुभयो। 'यसबाट संघीय संसद् र प्रदेशसभाको निर्माण प्रक्रिया शुरू भएको छ।' -उहाँले भन्नुभयो। उहाँले निर्वाचनको माहोल बन्दै गएको बताउँदै उम्मेदवारको मनोनयनसँगै जिल्लाजिल्लामा निर्वाचनको रौनकता छाउने धारणा राख्नुभयो।

आज शुक्रबार उम्मेदवारको विरोधमा उजुरी दिन सकिने र कात्तिक १८ गते मनोनयनपत्र र उजुरीमाथि जाँचबुझ गरी उम्मेदवारको नामावली प्रकाशन गर्ने कार्यक्रम रहेको छ।

यसै गरी, कात्तिक १९ गते उम्मेदवारले नाम फिर्ता लिने कार्य सकिएपछि उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने आयोगले जनाएको छ। उम्मेदवारले निर्वाचन चिह्न प्राप्त गरेपछि औपचारिकरूपमा चुनावी प्रचारप्रसारको अवधि शुरू हुनेछ।

दोस्रो चरणको निर्वाचन हुने जिल्लाहरूमा प्रदेश नम्बर १ का इलाम, तेह्रथुम, धनकुटा, उदयपुर, झापा, मोरङ र सुनसरी, प्रदेश नम्बर २ का सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा र रौतहट तथा प्रदेश नम्बर ३ का सिन्धुली, मकवानपुर, चितवन, काभ्रेपलाञ्चोक, काठमाडौं, ललितपुर र भक्तपुर छन्।

त्यस्तै, प्रदेश नम्बर ४ का नवलपरासी (बर्दघाट सुस्ता पूर्व), तनहुँ, कास्की, स्याङजा र पर्वत, प्रदेश नम्बर ५ का नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), पाल्पा, अर्घाखाँची, गुल्मी, रूपन्देही, कपिलवस्तु, दाङ, प्युठान, बाँके र बर्दिया, प्रदेश नम्बर ६ का सल्यान, सुर्खेत र दैलेख तथा प्रदेश नम्बर ७ का कैलाली, कञ्चनपुर, डडेल्धुरा, अछाम र डोटी जिल्लामा हिजो उम्मेदवारी मनोनयन दर्ता गराइएको थियो।

दोस्रो चरणको निर्वाचनमा १ करोड २१ लाख ९८ हजार ८ सय ५२ जना मतदाता रहेका छन्।

## कांग्रेसका...

कांग्रेस महामन्त्री डा. शशांक कोइरालाले नवलपरासी क्षेत्र नम्बर १ बाट उम्मेदवारी दर्ता गराएका छन् भने पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलाले झापा क्षेत्र नम्बर ३ बाट उम्मेदवारी दर्ता गराउनुभएको छ। प्रधानमन्त्री पत्नी आरजु राणाले कैलाली क्षेत्र नम्बर ५ बाट उम्मेदवारी दर्ता गराउनुभएको छ भने कांग्रेसको कार्यवाहक सभापतिको कार्यभार सम्हालिसक्नुभएका नेता विमलेन्द्र निधिले धनुषा क्षेत्र नम्बर ३ बाट उम्मेदवारी दिनुभएको छ।

कांग्रेसका शीर्ष नेताहरूमध्ये डा. शेखर कोइरालाले मोरङ क्षेत्र नम्बर ६ मा उम्मेदवारी दर्ता गराउनुभएको छ। कांग्रेसका नेता एवम् पूर्वमहामन्त्री प्रकाशमान सिंहले काठमाडौं क्षेत्र नम्बर १ बाट उम्मेदवारी दर्ता गराउनुभएको छ भने गोपालमान सिंहले स्याङ्जा क्षेत्र नम्बर २ मा उम्मेदवारी दर्ता गराउनुभएको छ। कांग्रेसका युवा नेता गगन थापाले काठमाडौं क्षेत्र नम्बर ४ बाट उम्मेदवारी दर्ता गराउनुभएको छ। काठमाडौं क्षेत्र नम्बर ५ मा डा. प्रकाशशरण महत चुनावी प्रतिस्पर्धामा उत्रनुभएको छ भने काठमाडौं क्षेत्र नम्बर ८ मा नवीन्द्रराज जोशीले उम्मेदवारी दर्ता गराउनुभएको छ। यो क्षेत्रमा विगतदेखि नै जोशी विजयी हुँदै आउनुभएको छ।

कांग्रेसको चुनावी घोषणापत्र तयारी समितिका संयोजकसमेत रहेका पूर्व अर्थमन्त्री महेश आचार्यले मोरङ क्षेत्र नम्बर ४ मा बाट उम्मेदवारी दर्ता गराउनुभएको छ। मोरङ क्षेत्र नम्बर २ मा भने डा. मीनेन्द्र रिजाल चुनावी मैदानमा उत्रनुभएको छ। हालै मात्र कांग्रेसमा प्रवेश गर्नुभएका नेता विजय गच्छदारले सुनसरी क्षेत्र नम्बर ३ बाट उम्मेदवारी दिनुभएको छ। कांग्रेस नेता एवं पूर्वसभामुख दमननाथ ढुंगानाले भक्तपुर क्षेत्र नम्बर २ मा उम्मेदवारी दिनुभएको छ।

कांग्रेस नेता पूर्णबहादुर खड्काले सुर्खेत क्षेत्र नम्बर १ मा उम्मेदवारी दिनुभएको छ। कांग्रेस नेता मीनबहादुर विश्वकर्माले सुनसरी क्षेत्र नम्बर १ र ज्ञानेन्द्रबहादुर कार्कीले सुनसरी क्षेत्र नम्बर ४ बाट उम्मेदवारी दर्ता गराउनुभएको छ।

यस्तै कांग्रेस नेताहरू यज्ञबहादुर थापाले कास्की १, नारायण खड्का उदयपुर १ र विश्वप्रकाश शर्माले झापा १ बाट उम्मेदवारी दर्ता गराउनुभएको छ। कांग्रेसका चर्चित नेताहरू रमेश लेखकले कञ्चनपुर ३ र फरमुल्लाह मन्सुरले बारा ३ मा उम्मेदवारी दिनुभएको छ। यस्तै रामजनम चौधरीले कैलाली ३ र चन्द्र भण्डारीले गुल्मी १ मा उम्मेदवारी दर्ता गराउनुभएको छ।

कांग्रेसका चर्चित अनुहारहरू सुजाता कोइराला, कांग्रेस कोषाध्यक्ष सीतादेवी यादव, पूर्वकोषाध्यक्ष चित्रलेखा यादव, बालकृष्ण खाँड, पूर्वप्रवक्ता दिलेन्द्रप्रसाद बडु र विनोद चौधरीलगायतका नेताहरू समानुपातिकतर्फका उम्मेदवार भएका छन्।

## नेकपा माओवादी केन्द्रका को कहाँ

| | | |
|---|---|---|
| (क) प्रतिनिधि सभा | | |
| १ | भोजपुर | सुदन किराँती |
| २ | सोलुखुम्बु | हेमकुमार राई |
| ३ | उदयपुर २ | सुरेशकुमार राई |
| ४ | सुनसरी २ | डम्बर सुवेदी |
| ५ | झापा १ | सुरेन्द्रकुमार कार्की |
| ६ | मोरङ ४ | अमनलाल मोदी |
| ७ | मोरङ ५ | शिवकुमार मण्डल |
| ८ | सप्तरी १ | अशोककुमार मण्डल |
| ९ | सप्तरी २ | उमेशकुमार यादव |
| १० | सिरहा २ | सुरेशचन्द्र दास |
| ११ | सिरहा ४ | अजयशंकर नायक |
| १२ | धनुषा १ | मातृकाप्रसाद यादव |
| १३ | धनुषा २ | रामचन्द्र झा |
| १४ | धनुषा ३ | रामसिंह यादव |
| १५ | महोत्तरी १ | गिरिराजमणि पोखरेल |
| १६ | महोत्तरी ४ | रजी हैदर |
| १७ | सर्लाही २ | दिनेश राययादव |
| १८ | सर्लाही ३ | रामेश्वर राययादव |
| १९ | सर्लाही ४ | शिबपुजन यादव |
| २० | रौतहट १ | सत्यनारायण भगत |
| २१ | रौतहट ३ | प्रभु साह |
| २२ | बारा २ | शिवचन्द्र कुशवाहा |
| २३ | पर्सा ४ | उर्मिला अर्याल |
| २४ | रामेछाप | श्यामकुमार श्रेष्ठ |
| २५ | सिन्धुली २ | हरिबोल गजुरेल |
| २६ | सिन्धुपाल्चोक १ | अग्निप्रसाद सापकोटा |
| २७ | काभ्रे १ | गंगाबहादुर तामाङ |
| २८ | भक्तपुर १ | मिलन सुवाल |
| २९ | नुवाकोट | हितबहादुर तामाङ |
| ३० | ललितपुर ३ | पम्फा भुसाल |
| ३१ | चितवन ३ | पुष्पकमल दाहाल |
| ३२ | काठमाडौं १ | अनील शर्मा |
| ३३ | काठमाडौं ६ | झक्कुप्रसाद सुवेदी |
| ३४ | काठमाडौं ८ | उमेश स्थापित |
| ३५ | काठमाडौं १० | हितमान शाक्य |
| ३६ | लमजुङ | देवप्रसाद गुरुङ |
| ३७ | गोरखा १ | हरिराज अधिकारी |
| ३८ | गोरखा २ | नारायणकाजी श्रेष्ठ |
| ३९ | बाग्लुङ २ | देवेन्द्र पौडेल |
| ४० | नवलपुर १ | भविश्वर पराजुली |
| ४१ | अर्घाखाँची | टोपबहादुर रायमाझी |
| ४२ | रोल्पा | वर्षमान पुन |
| ४३ | रुकुमपूर्व | कमला रोका |
| ४४ | नवलपरासी २ | घनश्याम यादव |
| ४५ | बर्दिया २ | सन्तकुमार थारु |
| ४६ | कपिलवस्तु १ | चक्रपाणि खनाल |
| ४७ | दाङ २ | कृष्णबहादुर महरा |
| ४८ | बाँके १ | महेश्वर गहतराज |
| ४९ | रुपन्देही ५ | डिलाराम आचार्य |
| ५० | जुम्ला | गजेन्द्र महत |
| ५१ | कालिकोट | दुर्गाबहादुर रावल |
| ५२ | हुम्ला | छिमी लामा |
| ५३ | सल्यान | टेकबहादुर बस्नेत |
| ५४ | जाजरकोट | शक्तिबहादुर बस्नेत |
| ५५ | रुकुमपश्चिम | जनार्दन शर्मा |
| ५६ | डडेलधुरा | खगराज भट्ट |
| ५७ | कञ्चनपुर १ | बिना मगर |
| ५८ | कैलाली ३ | गौरीशंकर चौधरी |
| ५९ | कैलाली ४ | लेखराज भट्ट |
| (ख) प्रदेश सभा | | |
| १ | ताप्लेजुङ (ख) | टंक आङबुहाङ |
| २ | पााचथर (ख) | इन्द्र आङवो |
| ३ | संखुवासभा (क) | पूर्णप्रसाद राई |
| ४ | ओखलढुंगा (ख) | मोहन खड्का |
| ५ | खोटाङ (ख) | रामकुमार राई |
| ६ | इलाम २ (ख) | धीरेन्द्र शर्मा |
| ७ | उदयपुर १ (ख) | रामबहादुर थापा |
| ८ | उदयपुर २ (क) | भेषकुमारी राउत |
| ९ | सुनसरी ४ (ख) | मोहम्मदजाकिर हुसैन |
| १० | झापा ३ (क) | पूणसिंह राजवंशी |
| ११ | झापा ४ (क) | झलकसिंह दर्लामी |
| १२ | मोरङ १ (क) | कुलप्रसाद साम्वा |
| १३ | मोरङ २ (क) | गणेशकुमार उप्रेती |
| १४ | मोरङ ३ (क) | गीता तिमिल्सिना |
| १५ | मोरङ ५ (क) | देवेन्द्रकुमार गुप्ता |
| १६ | मोरङ ६ (क) | जीवनआचार्य |
| १७ | सप्तरी १ (ख) | मोहमद सकिलमिया |
| १८ | सप्तरी २ (क) | सरोजकुमार मण्डल |
| १९ | सप्तरी २ (ख) | महेन्द्रप्रसाद यादव |
| २० | सप्तरी ४ (क) | शशीप्रसाद यादव |
| २१ | सिरहा २ (क) | जीवछ यादव |
| २२ | सिरहा ३ (क) | रामकुमार यादव |
| २३ | सिरहा ४ (क) | दिलिप साह |
| २४ | धनुषा १ (ख) | रामचन्द्र मण्डल |
| २५ | महोत्तरी १ (क) | भरतप्रसाद साह |
| २६ | बारा ३ (क) | ज्वालाकुमारी साह |
| २७ | दोलखा (क) | विशाल खड्का |
| २८ | रसुवा (ख) | इन्द्रप्रसाद गोतामे |
| २९ | सिन्धुली १ (क) | लेखनाथ दाहाल |
| ३० | सिन्धुली २ (ख) | बुद्धिमान माझी |
| ३१ | सिन्धुपाल्चोक २ (क) | युवराज दुलाल |
| ३२ | सिन्धुपाल्चोक २ (ख) | दावा लामा |
| ३३ | काभ्रे १ (क) | रत्नप्रसाद ढकाल |
| ३४ | भक्तपुर १ (क) | देवीप्रसाद ढकाल |
| ३५ | मकवानपुर १ (क) | प्रेमबहादुर पुलामी |
| ३६ | मकवानपुर २ (क) | कुमारी मोक्तान |
| ३७ | नुवाकोट १ (क) | राधिका तामाङ |
| ३८ | नुवाकोट २ (ख) | हिरानाथ खतिवडा |
| ३९ | धादिङ १ (ख) | शालिकराम जमरकट्टेल |
| ४० | धादिङ २ (ख) | जगत सिम्खडा |
| ४१ | ललितपुर १ (क) | लालकुमारी पुन |
| ४२ | ललितपुर ३ (क) | राजकाजी महर्जन |
| ४३ | काठमाडौं ३ (क) | रुद्र बराइली |
| ४४ | काठमाडौं १० (क) | दिलिप महर्जन |
| ४५ | म्याग्दी (क) | विनोद केसी |
| ४६ | पर्वत (क) | नेत्रनाथ अधिकारी |
| ४७ | गोरखा १ (क) | लेखबहादुर थापा |
| ४८ | गोरखा २ (क) | कमला नहर्की |
| ४९ | गोरखा २ (ख) | अमरबहादुर गुरुङ |
| ५० | तनहुँ १ (ख) | हरिबहादुर चुमान |
| ५१ | तनहुँ २ (क) | आशा कोइराला |
| ५२ | स्याङ्जा १ (क) | दीपक चर्तिमगर |
| ५३ | बाग्लुङ १ (क) | चन्द्रबहादुर बुढा |
| ५४ | नवलपुर १ (क) | सूर्य न्यौपाने |
| ५५ | कास्की १ (क) | दीपक कोइराला |
| ५६ | कास्की २ (ख) | राजकाजी गुरुङ |
| ५७ | कास्की ३ (क) | रामजीप्रसाद बराल |
| ५८ | प्युठान (ख) | कृष्णध्वज खड्का |
| ५९ | रोल्पा (क) | कुलप्रसाद केसी |
| ६० | रोल्पा (ख) | दीपेन्द्रकुमार पुन |
| ६१ | रुकुमपूर्व (क) | तेजबहादुर ओली |
| ६२ | रुकुमपूर्व (ख) | पूर्णबहादुर घर्ती |
| ६३ | गुल्मी १ (क) | सुदर्शन बराल |
| ६४ | गुल्मी २ (ख) | दिनेश पन्थी |
| ६५ | पाल्पा २ (ख) | वसन्त घर्ती |
| ६६ | नवलपरासी २ (ख) | कन्हैया कहार |
| ६७ | बर्दिया १ (क) | तिलकराम शर्मा |
| ६८ | बर्दिया २ (ख) | दिनेश थारु |
| ६९ | कपिलवस्तु ३ (ख) | जावेद आलमखान |
| ७० | दाङ १ (क) | इन्द्रजीत थारु |
| ७१ | दाङ ३ (क) | जगप्रसाद शर्मा |
| ७२ | बाँके १ (क) | कृष्णा केसी |
| ७३ | बाँके २ (क) | कामता खटिक |
| ७४ | बाँके ३ (क) | इन्द्रप्रसाद खरेल |
| ७५ | रुपन्देही १ (ख) | दयाराम न्यौपाने |
| ७६ | रुपन्देही ३ (क) | विश्वास बराल |
| ७७ | रुपन्देही ४ (क) | सहबुद्धिन देवान |
| ७८ | डोल्पा (ख) | बीरबहादुर शाही |
| ७९ | जुम्ला (क) | नरेश भण्डारी |
| ८० | कालिकोट (ख) | महेन्द्रबहादुर शाही |
| ८१ | हुम्ला (ख) | विजय भण्डारी |
| ८२ | जाजरकोट (क) | गणेश सिंह |
| ८३ | रुकुमपश्चिम (क) | गोपाल शर्मा |
| ८४ | रुकुमपश्चिम (ख) | रातो कामी |
| ८५ | सुर्खेत १ (क) | ठम्मरबहादुर विष्ट |
| ८६ | सुर्खेत २ (ख) | विन्दमान विष्ट |
| ८७ | दैलेख १ (क) | धर्मराज रेग्मी |
| ८८ | बझाङ (ख) | देवकी मल्ल |
| ८९ | डोटी (ख) | त्रिलोचन भट्ट |
| ९० | बैतडी (क) | प्रेमप्रकाश भट्ट |
| ९१ | दार्चुला (ख) | मानबहादुर धामी |
| ९२ | अछाम १ (ख) | झपड बोहरा |
| ९३ | अछाम २ (क) | अक्कल रावल |

## नेकपा (एमाले)का को कहाँ ?

| प्रतिनिधिसभा | प्रदेशसभा |
|---|---|
| इलाम १ | |
| झलनाथ खनाल | क खिनु लिम्बा लिम्बु |
| | ख काजिमान कागते |
| इलाम २ | |
| सुवास नेम्वाङ | क रामबहादुर मगर |
| झापा १ | |
| | क श्रीप्रसाद मैनाली |
| | ख गोपाल बुढाथोकी |
| झापा २ | |
| पवित्रा निरौला खरेल | क एकराज कार्की |
| | ख बिर्ख प्रधान |
| झापा ३ | |
| | क वसन्त बानियाँ |
| झापा ४ | |
| एलपी सावा लिम्बु | |
| | ख हिरा थापा |
| झापा ५ | |
| केपी शर्मा ओली | क हिक्मत कार्की |
| | ख अर्जुन राई |
| मोरङ १ | |
| घनश्याम खतिवडा | |
| | ख उपेन्द्र घिमिरे |
| मोरङ २ | |
| ऋषिकेश पोखरेल | |
| | ख लिलावल्भ अधिकारी |
| मोरङ ३ | |
| भानुभक्त ढकाल | |
| | ख राजकुमार ओझा |
| मोरङ ४ | |
| | ख जीवन घिमिरे |
| मोरङ ५ | |
| | क भीम जिमी |
| मोरङ ६ | |
| लालबाबु पण्डित | |
| | ख रमेश पोखरेल |
| सुनसरी १ | |
| जयकुमार राई | क प्रदीप भण्डारी |
| | ख भीम आर्चाय |
| सुनसरी २ | |
| | क सर्बध्वज साावा |
| | ख रामप्रसाद मेहता |
| सुनसरी ३ | |
| भगवती चौधरी | क लिलम बस्नेत |
| | ख रामदेव यादव |
| सुनसरी ४ | |
| रमेश श्रेष्ठ | क जगदीश कुसियत |
| धनकुटा | |
| राजेन्द्रकुमार राई | क निरन राई |
| | ख इन्द्रमणि पराजुली |
| तेह्रथुम | |
| भवानी खापुङ | क तेजमान कन्दङवा |
| | ख लक्ष्मण तिवारी |
| उदयपुर १ | |
| मन्जुकुमारी चौधरी | क विमल कार्की |
| उदयपुर २ | |
| | ख कला घले |
| प्रदेश २ | |
| सिरहा १ | |
| गंगाप्रसाद यादव | क लगनलाल चौधरी |
| | ख अशोक यादव |
| सिरहा २ | |
| | ख मदनसेन प्रसाद श्रीवास्तव |
| सप्तरी ३ | |
| लीलानाथ श्रेष्ठ | |
| | ख प्रमोद यादव |
| सप्तरी ४ | |
| | ख तुल्सीप्रसाद यादव |
| सप्तरी १ | |
| | क सत्यनारायण मण्डल |
| सप्तरी ३ | |
| ताराकान्त चौधरी | क महेश चौधरी |
| | ख अब्दुल मजिद साकिर |
| सप्तरी ४ | |
| मो. इस्लाम | क गोविन्द न्यौपाने |
| धनुषा १ | |
| | क किशोरी साह |
| | |
| धनुषा २ | |
| | ख रामचन्द्र मण्डल |
| धनुषा ३ | |
| | क दीपेन्द्रकुमार यादव |
| धनुषा ४ | |
| रघुवीर महासेठ | क बाबुसाहेव यादव |
| | ख शत्रुघ्न महतो |
| महोत्तरी १ | |
| | क शारदा थापा |
| महोत्तरी ३ | |
| विजयकुमार चौधरी | |
| | ख विजयलाल कर्ण |
| महोत्तरी ४ | |
| | ख सरोज यादव |
| सर्लाही १ | |
| ध्रुव गौतम | |
| | ख बेची लुङगेली |
| सर्लाही ३ | |
| | क डिल्लीप्रसाद उप्रेती |
| बारा १ | |
| अच्युत मैनाली | क त्रिलोकी चौधरी |
| बारा २ | |
| | ख रामसागर यादव |
| बारा ३ | |
| अध्यानन्द पाण्डे | क मोहमद समिम मुल्ला |
| बारा ४ | |
| देवनारायण चौधरी | क सुन्दर विश्वकर्मा |
| पर्सा १ | |
| बिचारी यादव | |
| | ख ताजुदिन अन्सारी |
| पर्सा २ | |
| | क रामचन्द्र साह |
| पर्सा ३ | |
| राजकुमार गुप्ता | क नागेन्द्र चौधरी |
| | |
| पर्सा ४ | |
| | क जयप्रकाश थारु |
| | |
| रौतहट १ | |
| क भिखारी यादव | |
| रौतहट २ | |
| अब्दुल रजाक | क शैलेन्द्र साह |
| रौतहट ३ | |
| | क नागेन्द्र यादव |
| रौतहट ४ | |
| डा.वंशीधर मिश्र | |
| | ख नागेन्द्र यादव |
| प्रदेश ३ | |
| सिन्धुली १ | |
| गणेश पहाडी | |
| | ख प्रदीप कटुवाल |
| सिन्धुली २ | |
| | क विनोद खड्का |
| काभ्रे १ | |
| | ख चन्द्र लामा |
| काभ्रे २ | |
| गोकुल बास्कोटा | क लक्ष्मण लम्साल |
| | ख वसुन्धरा हुमागाईं |
| मकवानपुर १ | |
| कृष्ण दाहाल | |
| | ख डोरमणी पौडेल |
| मकवानपुर २ | |
| विरोध खतिवडा | |
| | ख राजाराम स्याङतान |
| चितवन १ | |
| सुरेन्द्र पाण्डे | क दावा दोर्जी लामा |
| | ख कृष्ण खनाल |
| चितवन २ | |
| कृष्णभक्त पोखरेल | |
| | ख विजय सुवेदी |
| चितवन ३ | |
| | क कृष्णप्रसाद भुर्तेल |
| भक्तपुर १ | |
| | क हरिसरण लामिछाने |
| भक्तपुर २ | |
| महेश बस्नेत | क शशिजंग श्रेष्ठ |
| | ख राजेन्द्रमान श्रेष्ठ |
| ललितपुर १ | |
| नवराज सिलवाल | |
| | ख चेतनाथ संजेल |
| ललितपुर २ | |
| कृष्णलाल महर्जन | क माधव पौडेल |
| | ख ज्ञानेन्द्र शाक्य |
| ललितपुर ३ | |
| | ख जीवन खड्का |
| काठमाडौं १ | |
| | क विष्णु भुषाल |
| | ख गणेश दुलाल |
| काठमाडौं २ | |
| माधवकुमार नेपाल | क सानुकुमार श्रेष्ठ |
| | ख मणिराम फुयाल. |
| काठमाडौं ३ | |
| कृष्ण राई | |
| | ख रामेश्वर फुयाल |
| | |
| काठमाडौं ४ | |
| डा. राजन भट्टराई | क निर्मल कुइँकेल |
| | ख कुसुमकुमार कार्की |
| काठमाडौं ५ | |
| ईश्वर पोखरेल | क नारायण सिलवाल |
| | ख दीपक निरौला |
| काठमाडौं ६ | |
| | क केशव स्थापित |
| | ख योगेन्द्र संग्रौला |
| काठमाडौं ७ | |
| रामवीर मानन्धर | क वसन्त मानन्धर |
| | ख प्रकाश श्रेष्ठ |
| काठमाडौं ८ | |
| जीवनराम श्रेष्ठ | क राजेश शाक्य |
| | ख अष्टलक्ष्मी शाक्य |
| काठमाडौं ९ | |
| कृष्णगोपाल श्रेष्ठ | क अजयक्रान्ति शाक्य |
| | ख केशव पोखरेल |
| काठमाडौं १० | |
| | ख रमा आले मगर |
| प्रदेश ४ | |
| नवलपुर १ | |
| | ख रोशनबहादुर गाहा मगर |
| नवलपुर २ | |
| तिलक महत | |
| | ख जनकलाल श्रेष्ठ |
| तनहु १ | |
| कृष्णकुमार (किसान) श्रेष्ठ | क रामबहादुर गुरुङ |
| तनहु २ | |
| केदार सिग्देल | |
| | ख किरण गुरुङ |
| कास्की १ | |
| खगराज अधिकारी | |
| | ख मनबहादुर गुरुङ |
| कास्की २ | |
| रवीन्द्र अधिकारी | क कृष्ण थापा |
| कास्की ३ | |
| जगत विश्वकर्मा | |
| | ख राजीव पहारी |
| स्याङ्जा १ | |
| नारायण मरासिनी | |
| | ख मीनप्रसाद गुरुङ |
| स्याङ्जा २ | |
| पद्माकुमारी अर्याल | क मोहन रेग्मी |
| पर्वत | |
| पदम गिरी | |
| | ख विकास लम्साल |
| प्रदेश ५ | |
| परासी १ | |
| हृदयेश त्रिपाठी (सूर्य चिह्न) | क दीपेन्द्र अधिकारी |
| | ख अजय शाही (सूर्य चिह्न) |
| परासी २ | |
| | ख वैजनाथ चौधरी |
| | |
| रुपन्देही १ | |
| छबिलाल विश्वकर्मा | क डा. कृष्ण न्यौपाने |
| रुपन्देही २ | |
| विष्णुप्रसाद पौडेल | क लीला गिरी |
| | ख भोजप्रसाद श्रेष्ठ |
| रुपन्देही ३ | |
| घनश्याम भुसाल | |
| | ख तुल्सीप्रसाद चौधरी |
| रुपन्देही ४ | |
| ओमप्रकाश यादव गुल्जारी | क पल्लवी शुक्ला |
| रुपन्देही ५ | |
| | क भुमिश्वर ढकाल |
| | ख राजु बेलाल |
| कपिलवस्तु १ | |
| | क विष्णु पन्थी |
| | ख फजलुर रहमान |
| कपिलवस्तु २ | |
| वृजेशकुमार गुप्ता (सूर्य चिह्न) | क दीर्घनारायण पाण्डे |
| | ख धर्मबहादुर लाल श्रीवास्तव |
| कपिलवस्तु ३ | |
| ईश्वरदयाल मिश्र (सूर्य चिह्न) | क अर्जुनकुमार केसी |
| पाल्पा १ | |
| दलबहादुर राना मगर | क युवराज खनाल |
| | ख नारायण आर्चाय |
| पाल्पा २ | |
| सोमप्रसाद पाण्डे | क पुरन बज्राचार्य |
| | |
| अर्घाखाँची १ | |
| | क चेतनारायण आचार्य |
| | ख रामजीप्रसाद घिमिरे |
| गुल्मी १ | |
| प्रदीपकुमार ज्ञवाली | |
| | ख कमलराज श्रेष्ठ |
| गुल्मी २ | |
| गोकर्णराज विष्ट | क खड्गबहादुर केसी |
| दाङ १ | |
| मेटमणि चौधरी | |
| | ख रेवतीरमण शर्मा |
| दाङ २ | |
| | क शंकर पोखरेल |
| | ख अम्मरबहादुर डाँगी |
| दाङ ३ | |
| हिराचन्द्र केसी | |
| | ख उत्तरकुमार ओली |
| प्युठान | |
| | क हरिप्रसाद रिजाल |
| बाँके १ | |
| | ख आरति पौडेल |
| बाँके २ | |
| पशुपतिदयाल मिश्र (सूर्य चिह्न) | |
| | ख विजय गुप्ता |
| बाँके ३ | |
| नन्दलाल रोकाय | |
| | ख बाबुराम गौतम |
| बर्दिया १ | |
| वामदेव गौतम | क कविराम थारु |
| बर्दिया २ | |
| | ख कुलप्रसाद पोखरेल |
| प्रदेश ६ | |
| सुर्खेत १ | |
| ध्रुवकुमार शाही | |
| | ख खड्गबहादुर खत्री |
| सुर्खेत २ | |
| नवराज रावत | क यामलाल कँडेल |
| सल्यान | |
| | क गुलाबजंग शाह |
| | ख प्रकाश ज्वाला |
| दैलेख १ | |
| रवीन्द्रराज शर्मा | |
| | ख अम्मरबहादुर थापा |
| दैलेख २ | |
| राजबहादुर बुढा | क सुशील थापा |
| | ख राजबहादुर शाही |
| प्रदेश ७ | |
| कैलाली १ | |
| मदनकुमारी (गरिमा) शाह | क लालवीर चौघरी |
| | |
| कैलाली २ | |
| झपट रावल | क रतन थापा |
| कैलाली २ | |
| | ख अम्मर साउद |
| कैलाली ४ | |
| | क दीर्घ सोडारी |
| | ख कृष्ण सुवेदी |
| कैलाली ५ | |
| नारदमुनि राना थारु | क नेपालु चौधरी |
| | |
| कञ्चनपुर १ | |
| | क तारा लामा तामाङ |
| | ख कुलवीर चौधरी |
| कञ्चनपुर २ | |
| नरबहादुर धामी | |
| | ख लालबहादुर खड्का |
| कञ्चनपुर ३ | |
| डा. दीपकप्रकाश भट्ट | क प्रकाश रावल |
| डोटी | |
| प्रेमबहादुर आले मगर | क चक्र मल्ल |
| अछाम १ | |
| भीमबहादुर रावल | |
| | ख यज्ञबहादुर वोगटी |
| अछाम २ | |
| | ख हर्कबहादुर कुँवर |

## नेपाली कांग्रेसका को कहाँ

| प्रतिनिधिसभा | प्रदेशसभा |
|---|---|
| प्रदेश नं. १ | |
| इलाम–१ | |
| भुपेन्द्र कट्टेल | १. देवेन्द्रकुमार राई |
| | २ दुर्गाकुमार वराल |
| इलाम -२ | |
| केशव थापा | १. डम्बरबहादुर खड्का |
| | २. खगेन्द्र देवान |
| तेह्रथुम | |
| सीता गुरुङ | १. गोविन्द ढुंगाना |
| | २. विजय सम्वाहाम्वे |
| धनकुटा–१ | १. मनोहर नारायण श्रेष्ठ |
| | २. - |
| उदयपुर–१ | |
| डा. नारायण खड्का | १. विदुर बस्नेत |
| २. हिमाल कार्की | |
| उदयपुर -२ | |
| नारायणबहादुर कार्की | १. भेषराज थापामगर |
| २. रामकुमार खत्री | |
| झापा–१ | |
| विश्वप्रकाश शर्मा | १.केशवराज पाण्डे |
| | २.अशोक पोखरेल |
| झापा-२ | |
| उद्धव थापा | १. खड्ग प्रसाई |
| | २.लक्ष्मण खड्का |
| झापा-३ | |
| कृष्णप्रसाद सिटौला | १. भुमिप्रसाद राजवंशी |
| | २. भगीरथकुमार पोद्धार |
| झापा-४ | |
| देउकुमार थेवे | १.उत्तम सुवेदी |
| | २.किरण भट्टराई |
| झापा -५ | |
| खगेन्द्र अधिकारी | १.अनीलकृष्ण प्रसाई |
| | २.राजनबहादुर ढुंगाना |
| मोरङ–१ | |
| डिकबहादुर लिम्वु | १. ललित अधिकारी |
| | २. इश्वरी कोइराला |
| मोरङ-२ | |
| मिनेन्द्रप्रसाद रिजाल | १. |
| | २. |
| मोरङ-३ | |
| सुनीलकुमार शर्मा | १. सूयर्मा राज राई |
| | २. ललितबहादुर श्रेष्ठ |
| मोरङ-४ | |
| महेश आचार्य | १. मुक्तिनाथ माझी थारु |
| | २. विश्वनाथ रिजाल |
| मोरङ-५ | |
| अमृतकुमार अर्याल | १. सुकदेवप्रसाद मण्डल |
| | २. राजेशकुमार गुप्ता |
| मोरङ-६ | |
| डा. शेखर कोइराला | १. चुमनारायण तवदार |
| | २. केदार कार्की |
| सुनसरी–१ | १. |
| | २. |
| सुनसरी–२ | |
| सीताराम मेहता | १. |
| | २. |
| सुनसरी–३ | |
| विजयकुमार गच्छदार | १. |
| | २. |
| सुनसरी–४ | |
| ज्ञानेन्द्रबहादुर कार्की | १. |
| | २. |
| प्रदेश नं.२ | |
| सप्तरी–१ | |
| रामदेव साह | १. डा. सुबोध पोखरेल |
| | २. बद्रीनारायण महात्मा यादव |
| सप्तरी -२ | |
| सकलदेव सुतियार | १. रन्जित कर्ण |
| | २. महानन्द यादव |
| सप्तरी-३ | |
| दिनेशकुमार यादव | १. मोहम्मद समिना |
| | २. भगवती यादव |
| सप्तरी -४ | |
| तेजुलाल चौधरी | १. सीताराम साह |
| | २. विवेकानन्द झा |
| सिरहा–१ | |
| प्रदीप गिरी | १. - |
| | २. - |
| सिरहा-२ | |
| रामचन्द्र यादव | १. - |
| | २. - |
| सिरहा -३ | |
| अमर रेग्मी | १. मुस्ताक अंसारी |
| | २. शुभाषचन्द्र यादव |
| सिरहा -४ | |
| मोख्तार अहमद | १. कपिलदेव साह |
| | २. डा. गणेशकुमार मंडल |
| धनुषा–१ | |
| आनन्दप्रसाद ढुंगाना | १. प्रेम किशोर प्रसाद |
| | २. राय उदय यादव |
| धनुषा -२ | |
| रामकृष्ण यादव | १. राजेश्वर गोइत |
| | २. राजदेव यादव |
| धनुषा -३ | |
| बिमलेन्द्र निधि | १. राम सरोज यादव |
| | २. श्यामप्रसाद साह |
| धनुषा -४ | |
| महेन्द्र यादव | १. डा. चन्द्रमोहन यादव |
| | २. वासुलाल महतो |
| महोत्तरी–१ | |
| सीताराम भण्डारी | १. - |
| | २. रामश्रेष्ठ महतो |
| महोत्तरी -२ | |
| किरण यादव | १.सुशीलकुमार यादव |
| | २.राजकरणप्रसाद साह |
| महोत्तरी -३ | |
| बजरंग नेपाली | १. शम्भुनारायण पाठक |
| | २. पवन साह |
| महोत्तरी -४ | |
| महेन्द्रकुमार राय | १. गोकुल राय यादव |
| | २. दिप्ताङसु प्रताप सिंह |
| सर्लाही–१ | |
| शम्भुलाल श्रेष्ठ | १.- |
| | २. शेख साह दुल्ला |
| सर्लाही -२ | |
| जंगीलाल राय | १. विनोदकुमार साह |
| | २. नगेन्द्र प्रताप यादव |
| सर्लाही -३ | |
| हरेशप्रसाद महतो | १. कपिलमुनी मैनाली |
| | २. कृष्णदेव राय यादव |
| सर्लाही -४ | |
| अमरेशकुमार सिंह | १. विरेन्द्रप्रसाद सिंह |
| | २. उपेन्द्रप्रसाद कुशवाह |
| बारा–१ | |
| उमाकान्त चौधरी | १. पेम्वासिद्धि लामा |
| | २. भागवतप्रसाद साह |
| बारा -२ | |
| राधेचन्द्र यादव | १. रामप्रवेश यादव |
| | २. मणि भूषण यादव |
| बारा -३ | |
| फरमुल्लाह मंसुर | १. रामानन्द प्रसाद यादव |
| | २. जयचन्द्र प्रसाद चौरसिया |
| बारा -४ | |
| लालबाबुसिंह भूमिहार | १.विजयप्रकाश साह रौनियार बनिया |
| | २. ओमकृष्ण कार्की |
| पर्सा–१ | |
| अनीलकुमार रुङ्गटा | १. रामनारायण कुर्मी |
| | २. विजयकुमार सरार्फ |
| पर्सा -२ | |
| अजयकुमार चौरसिया | १. राजेश्वरप्रसाद तेली |
| | २. रामरुप कुर्मी |
| पर्सा -३ | |
| सुरेन्द्रप्रसाद चौधरी | १. चन्द्रकिशोर प्रसाद |
| | २. जनार्दन क्षेत्री |
| पर्सा -४ | |
| रमेश रिजाल | १. शंकरप्रसाद चौधरी |
| | २. वशिष्ठ नारायणप्रसाद कुर्मी |
| रौतहट–१ | |
| कृष्णप्रसाद यादव | १. नागेन्द्र साह |
| | २. राजेशकुमार चौधरी |
| रौतहट -२ | |
| मो. आषताव आलम | १. नागेन्द्रप्रसाद सिन्हा |
| | २. रामचन्द्र गिरी |
| रौतहट -३ | |
| सुनीलकुमार यादव | १. मो. शेष शेराज |
| | २. रामनारायणप्रसाद यादव |
| रौतहट -४ | |
| देवप्रसाद तिमिल्सीना | १. धनलाल ठोकर |
| | २. रामज्ञ राय यादव |
| प्रदेश नं. ३ | |
| सिन्धुली–१ | |
| प्रेमचन्द्र दाहाल | १.गंगाप्रसाद गिरी |
| | २. श्यामकुमार घिमिरे |
| सिन्धुली–२ | |
| नरेन्द्रजंग थापा | १. माणिककुमार ढकाल |
| | २.छेत्रबहादुर बम्जन |
| मकवानपुर–१ | |
| राप्रपा तालमेल | १. शेरबहादुर लामा |
| | २. अशोकराज शाक्य |
| मकवानपुर -२ | |
| महालक्ष्मी उपाध्याय डिना | १. यतिराज सापकोटा |
| | २. ईन्द्रबहादुर बानियाँ |
| चितवन–१ | |
| राजेन्द्र बुर्लाकोटी | १. धनबहादुर गुरुङ |
| | २. उत्तम आचार्य |
| चितवन -२ | |
| शेषनाथ अधिकारी | १. जितनारायण श्रेष्ठ |
| | २. प्रकाश अधिकारी |
| चितवन -३ | |
| राप्रपा तालमेल | १. दिनेश कोइराला |
| | २. साजन महतो |
| काभ्रेपलाञ्चोक–१ | |
| तीर्थबहादुर लामा | १. |
| | २. |
| काभ्रेपलाञ्चोक–२ | |
| मधु आचार्य | १. |
| | २. |
| काठमाडौं–१ | |
| प्रकाशमान सिंह | १. दीपेन्द्र श्रेष्ठ |
| | २ सुरजचन्द्र लामिछाने |
| काठमाडौं–२ | |
| दीपक कुइँकेल | १. लोकेश ढकाल |
| | २. मनहरि खड्का |
| काठमाडौं–३ | |
| अम्बिका बस्नेत | १. छिरिङ दोर्जे लामा |
| | २. विमल ठकुरी |
| काठमाडौं–४ | |
| गगनकुमार थापा | १. नरोत्तम बैद्य |
| | २. साधुराम खड्का |
| काठमाडौं–५ | |
| डा. प्रकाशशरण महत | १. |
| | २. रमेश खड्का |
| काठमाडौं–६ | |
| भीमसेनदास प्रधान | १. न्हुच्छेनारायण मानन्धर |
| | २. विष्णुभक्त तिमिल्सीना |
| काठमाडौं–७ | |
| | १. |
| | २. |
| काठमाडौं–८ | |
| नविन्द्रराज जोशी | १. राज्यलक्ष्मी श्रेष्ठ |
| | २. देवरत्न डंगोल |
| काठमाडौं–९ | |
| ध्यानगोविन्द रञ्जित | १. इन्द्रमान तुलाधर |
| | २. धर्मराज गौतम |
| काठमाडौं–१० | |
| राजनकुमार के.सी. | १. पुकार महर्जन |
| | २. धर्मानन्द श्रेष्ठ |
| ललितपुर–१ | |
| उदय शंशेर राणा | १. ऋषिराम घिमिरे |
| | २. मीनकृष्ण महर्जन |
| ललितपुर -२ | |
| चन्द्र महर्जन | १. पवन विक्रम थापा |
| | २. प्रेमकृष्ण महर्जन |
| ललितपुर -३ | |
| मदनबहादुर अमात्य | १. नवराज महत |
| | २. शिवराम बानियाँ |
| भक्तपुर–१ | |
| बाबुराजा जोशी | १. जीवन खत्री |
| | २. अनील भुजु |
| भक्तपुर -२ | |
| दमननाथ ढुंगाना | १. दुर्लभ थापा |
| | २. गणेशमान चक्रधर |
| प्रदेश नं.४ | |
| नवलपरासी (नवलपुर) | |
| डा. शशांक कोइराला | १.कृष्णचन्द्र नेपाली |
| | २.महेन्द्रध्वज जि.सी. |
| नवलपरासी (नवलपुर) | |
| विष्णुकुमार कार्की | १. विष्णु लामिछाने |
| | २.गणेशमान श्रेष्ठ |
| तनहुँ–१ | |
| रामचन्द्र पौडेल | १. गोविन्द भट्टराई |
| | २. रघुनाथ पौडेल |
| तनहुँ -२ | |
| शंकर भण्डारी | १. प्रदीप पौडेल |
| | २.ध्रव वाग्ले |
| कास्की–१ | |
| यज्ञबहादुर थापा | १. जीवन परियार |
| | २. कृष्णबहादुर के.सी. |
| कास्की -२ | |
| देवराज चालिसे | १. गुरु बराल |
| | २. विन्दुकुमार थापा |
| कास्की -३ | |
| शुक्रराज शर्मा | १. शारदा पौडेल |
| | २. भोजबहादुर (सिकन्दर) गुरुङ |
| स्याङ्जा–१ | |
| राजु थापा | १. कमलप्रसाद पगेनी |
| | २. तुल्सी गिरी |
| स्याङ्जा–२ | |
| गोपालमान श्रेष्ठ | १. विष्णु पौडेल |
| | २. भागवतप्रकाश मल्ल (प्रकाश) |
| पर्वत–१ | |
| अर्जुनप्रसाद जोशी | १. नवराज गुरुङ |
| | २. राजेन्द्रप्रसाद तिवारी |
| प्रदेश नं.५ | |
| नवलपरासी –१ | |
| देवकरणप्रसाद कलवार | १. विक्रम खनाल |
| | २.मुकुलकुमार आचार्य |
| नवलपरासी –२ | |
| देवेन्द्रराज कँडेल | १. गुणनिधि तिवारी |
| | २.बैजनाथ कलवार |
| पाल्पा–१ | |
| विजयराज घिमिरे | १. देवराज ढकाल |
| | २. दानबहादुर पछाई |
| पाल्पा -२ | |
| हरिप्रसाद नेपाल | १. माधवप्रसाद नेपाल |
| | २.- |
| अर्घाखाँची–१ | |
| रामबहादुर बि.सी. | १. - |
| | २. - |
| गुल्मी–१ | |
| चन्द्रकान्त भण्डारी | १. पृथबहादुर फौदार |
| | २. धनेन्द्र कार्की |
| गुल्मी-२ | |
| चन्द्रबहादुर के.सी. | १. शालिकराम पन्थी |
| | २. छन्दबहादुर पहराइ |
| रुपन्देही–१ | |
| अब्दुल रजाक गद्दी | १. |
| | २. हरि न्यौपाने |
| रुपन्देही–२ | |
| युवराज गिरी | १.काजीमान श्रेष्ठ |
| | २.महेशमान सिंह |
| रुपन्देही–३ | |
| | १. - |
| | २. - |
| रुपन्देही–४ | |
| प्रमोदकुमार यादव | १. अष्टभुजा पाठक |
| | २.वसी उद्दिन खाा |
| रुपन्देही–५ | |
| भरतकुमार शाह | १. विष्णु पोखरेल |
| | २.फकरुद्दिन खाा |
| कपिलवस्तु–१ | |
| दीपकुमार उपाध्याय | १.पूर्णप्रसाद थारु |
| | २.राजेश आचार्य |
| कपिलवस्तु -२ | |
| सुरेन्द्रराज आचार्य | १.जवाहरलाल चौधरी |
| | २.सुधाकर पाण्डेय |
| कपिलवस्तु -३ | |
| अभिषेक प्रताप शाह | १. अजय थापा |
| | २.वीरेन्द्रकुमार कनौडिया |
| दाङ–१ | |
| सुशीला चौधरी | १. प्रदीप थापा |
| | २.जानकीलाल बस्नेत |
| दाङ -२ | |
| राजु खनाल | १.कमलकिशोर घिमिरे |
| | २. योगेन्द्र चौधरी |
| दाङ–३ | |
| दीपक गिरी | १. डिल्लीबहादुर चौधरी |
| | २. मुक्तिराम भण्डारी |
| प्यूठान–१ | |
| डा. गोविन्दराज पोखरेल | १. टेकप्रसाद भण्डारी |
| | २. अम्मरप्रसाद भण्डारी |
| बाँके–१ | |
| माधवराज खत्री | १. शरदचन्द्र बर्मा |
| | २. नारायणप्रसाद गौडेल |
| बाँके -२ | |
| राप्रपा तालमेल | १.निरञ्जनसिंह सिजापति |
| | २. सुरेन्द्रबहादुर हमाल |
| बाँके -३ | |
| बादशाह कुर्मी | १. चन्तराम थारु |
| | २. लक्ष्मीनारायण शाह |
| बर्दिया–१ | |
| सञ्जयकुमार गौतम | १. सोदे विष्ट |
| | २. मंगलप्रसाद थारु |
| बर्दिया -२ | |
| गोपाल दहित | १. रामचन्द्र थापा |
| | २. नाचुराम चौधरी |
| प्रदेश नं.६ | |
| सल्यान–१ | |
| राजेन्द्रबहादुर शाह | १. एकराज डाागी |
| | २. डिल्लीराज रेग्मी |
| सुर्खेत–१ | |
| पूर्णबहादुर खड्का | १. |
| | २. झकबहादुर डाागी |
| सुर्खेत -२ | |
| हृदयराम थानी | १. कमलराज रेग्मी |
| | २. तप्तबहादुर विष्ट |
| दैलेख–१ | |
| | १. कृष्णकुमार बिसी. |
| | २. जगतजंग थापा |
| दैलेख -२ | |
| शिवराज जोशी | १. दिक्पालकुमार शाही |
| | २. मधुरविक्रम खनाल |
| प्रदेश नं.७ | |
| कैलाली–१ | |
| ईश्वरीदेवी न्यौपाने | १. जनकराज चौधरी |
| | २. डा. रणबहादुर रावल |
| कैलाली -२ | |
| मोहनसिंह राठौर | १. हिमबहादुर रावल |
| | २. अरुणकुमार चौधरी |
| कैलाली -३ | |
| रामजनम चौधरी | १. पुरनप्रसाद चौधरी |
| | २. लक्ष्मणबहादुर शाही |
| कैलाली -४ | |
| सुनीलकुमार भण्डारी | १. यज्ञराज चौधरी |
| | २.हिरा दत्त भट्ट |
| कैलाली -५ | |
| डा. आरजु राणा देउवा | १. डिल्लीराज पन्त |
| | २. जीवन राना |
| कञ्चनपुर–१ | |
| दिवानसिंह विष्ट | १. गोपाल गुरुङ |
| | २. रामलाल राना |
| कञ्चनपुर-२ | |
| नारायणप्रकाश साउद | १.पुष्करराज ओझा |
| | २. बहादुरसिंह थापा |
| कञ्चनपुर-३ | |
| रमेश लेखक | १. यज्ञराज जोशी |
| | २. बेलबहादुर राना |
| डडेल्धुरा–१ | |
| शेरबहादुर देउवा | १. रघुवर भट्ट |
| | २. कर्णबहादुर मल्ल |
| अछाम–१ | |
| भरतकुमार स्वाार | १. मेघराज खड्का |
| | २. टेकबहादुर साउद |
| अछाम -२ | |
| पुष्पबहादुर शाह | १. सुरतबहादुर विष्ट |
| | २. बलबहादुर कुँवर |
| डोटी–१ | |
| बीरबहादुर बलायर | १. भरतबहादुर खड्का |
| | २. योगेन्द्रबहादुर शाही |

# अर्थ

राणाले जलवायु परिवर्तनको चुनौतीलाई एक अवसरका रूपमा परिवर्तन गर्नुपर्ने समय आएको धारणा राख्नु हुँदै युवाहरू मार्फत गहन छलफल एवं विमर्श गरी पर्यावरण संरक्षण र प्राकृतिक स्रोतहरूको संरक्षण तथा प्रचार गर्दै उद्यमीशीलता विकास गर्नुपर्ने बताउनुभयो।


## हिमाल स्टील आजको भाउ

ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।


## युवालाई उद्यमशीलतामा सहभागी बनाउनुपर्नेमा जोड

काठमाडौं, (नेस)

नेपाल उद्योग वाणिज्य महासंघ र सार्क चेम्बर अफ कर्मस इन्डष्ट्रिको संयुक्त आयोजनामा दक्षिण एसियाली युवा सम्मिलित जलवायु परिवर्तन सम्बन्धी शिखर सम्मेलन बिहीबार काठमाडौं सम्पन भयो। माननीय युवा तथा खेलकुद मन्त्री राजेन्द्रकुमार केसीले समुद्घाटन गर्नुभएको सम्मेलनमा सार्क राष्ट्रका युवाको उपस्थिति रहेको छ।

कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै युवा तथा खेलकुद मन्त्री केसीले विश्वमा नै जलवायु परिवर्तनको प्रभाव बढिरहेको अवस्थामा दक्षिण एसियाका युवा सम्मिलित शिखर सम्मेलनको प्रशंसा गर्नुभयो। उहाँले सम्मेलनमार्फत् युवा जलवायु परिवर्तन यसको कारण, परिणाम र प्रभावका बारेमा थप सजग हुने र भविष्यमा जलवायु परिवर्तनका नकरात्मक प्रभावलाई न्यूनीकरण गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्षम हुने विश्वास व्यक्त गर्नुभयो। मन्त्री केसीले मुलकको आर्थिक समृद्धि एवं प्रभावकारी परिवर्तनमा युवाको भूमिका महत्वपूर्ण हुने भन्दै नेपाल सरकारले युवा तथा खेलकुद मन्त्रालयमार्फत युवाहरू लक्षित विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको बताउनुभयो।

महासंघका अध्यक्ष भवानी राणाले जलवायु परिवर्तनको कारण वातावरणमा नकरात्मक प्रभाव पर्दै गएकाले हालै नेपाल, भारत, बंगलादेश लगायतका देशहरू बाढी पहिरोको मार खेपिरहेको बताउनुभयो।

## एनआईसी एसियाको नयाँ शाखा पथरीमा

काठमाडौं, (नेस)

एनआईसी एसिया बैंकले आफ्नो नयाँ शाखा मोरङको पथरी शनिश्चरे नगरपालिका १ जनआन्दोलन चोकमा स्थापना गरेको छ। शाखाको बुधबार एक समारोहका बीच पथरी शनिश्चरे नगरपालिकाका मेयर दिलीपकुमार राईले उद्घाटन गर्नुभयो।

बैंकले हरेक सम्भावित बजार क्षेत्रमा आफ्ना ग्राहकलाई सेवा उपलब्ध गराउने अभिप्रायले अन्य विभिन्न स्थानहरूमा चाँडै नै थप शाखा सञ्चालन गर्ने योजना रहेको जनाएको छ। पथरी शाखाको उद्घाटनसँगै एनआईसी एसियाले देशभर १ सय ३३ शाखा कार्यालयहरू र १ सय ४१ एटीएम काउन्टरबाट ग्राहकलाई सेवा दिँदै आएको छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

## PRESS RELEASE

### युनाइटेडको '१५ बोरा किन्दा थप १ एक्स्ट्रा' योजना सकियो

काठमाडौं, (नेस)

युनाइटेड सिमेन्टले ल्याएको '१५ बोरा किन्दा थप १ एक्स्ट्रा आयो' योजना सकिएको छ। योजनाअन्तर्गत असार १४ गतेसम्म १५ बोरा सिमेन्ट किन्नेले उपभोक्ताले १ बोरा सित्तैमा पाउँदै आएका थिए।




उद्योगले चाडपर्वलाई लक्षित गर्दै ल्याएको यस योजनाबाट ग्राहक लाभान्वित भएको दाबी गरेको छ।

केएल दुगड ग्रुपद्वारा उत्पादित युनाईटेड सिमेन्ट गुणस्तर प्रमाण चिन्हप्राप्त कम्पनी हो। 'हरेक निर्माणको धड्कन, यूनाइटेड सिमेन्टस्' भन्ने नाराका साथ अघि बढेको कम्पनीले ग्राहकलाई आगामी दिनमा पनि थप आकर्षक योजना ल्याउने जनाएको छ।

युनाइटेड सिमेन्ट उच्च गुणस्तर र आफ्ना ग्राहकप्रतिको सकारात्मक सोचका कारण नै यति छोटो समयमा गुणस्तरीय सिमेन्टको रूपमा चिनिन सफल भएको कम्पनीको दाबी छ।

### सिप्रदीको राष्ट्रव्यापी चालक प्रशिक्षण कार्यक्रम

काठमाडौं, (नेस)

सिप्रदीयन सहायता संस्था र सिप्रदी ट्रेडिङको संयोजकत्वमा राष्ट्रव्यापी चालक प्रशिक्षण कार्यक्रम सञ्चालन भइरहेको छ। 'सुरक्षित तथा इन्धन मितव्ययी चालक तालिम' नाम दिइएको कार्यक्रम यही कार्तिक १६ देखि २२ गतेसम्म सञ्चालन भइरहेको हो।

कार्यक्रम सिप्रदीको काठमाडौंलगायत सिप्रदीका अन्य शाखा कार्यालयहरू इटहरी, वीरगन्ज, नेपालगञ्ज, पोखरा र बुटवलमा सञ्चालन हुँदै छ। नेपालमै पहिलोपटक भएको बृहत् प्रशिक्षण कार्यक्रममा नेपालभरिका १ हजार २ सय चालकलाई तालिम दिने योजना रहेको कम्पनीले जनाएको छ। बढ्दो सवारी साधनको चाप तथा सडक दुर्घटनालाई मध्यनजर गर्दै प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको कम्पनीको भनाइ छ।

तालिम कार्यक्रममा परिवर्तित प्रविधिको बारेमा चालकलाई प्रशिक्षित गरिँदैछ। साथै इन्धनको कम खपत, गाडीको क्षमता वृद्धिको बारेमा पनि चालकलाई तालिम प्रदान गरिने कम्पनीले जनाएको छ। सिप्रदीयन सहायता संस्था, सिप्रदी ट्रेडिङको संस्थागत सामाजिक उत्तर दायित्व कार्यक्रम अन्तर्गत सन् २०१२ देखि सञ्चालित छ।

## हस्तकला प्रदर्शनी हुँदै

काठमाडौं, (नेस)

राजधानीमा १५औं हस्तकला व्यापार मेला हुने भएको छ। नेपाल हस्तकला महासंघको आयोजनामा नेपालमा उत्पादित हस्तकलाका सामग्रीलाई स्वदेश तथा विदेशमा प्रचारप्रसार गर्न लागिएको हो।

महासंघले बिहीबार पत्रकार सम्मेलन गर्दै मंसिरमा १५औं हस्तकला मेला तथा १३औं प्रतियोगितात्मक हस्तकला प्रदर्शनी आगामी मंसिर १ गतेदेखि ५ गतेसम्म गर्न लागेको जानकारी दिएको हो। सम्मेलन वाणिज्य मन्त्रालय, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको सहयोगमा हुन लागेको हो।

## चाइना साउथ एसिया एक्स्पो शुरु

काठमाडौं, (नेस)

बिहीबारदेखि चाइना साउथ एसिया एक्स्पो शुरु भएको छ। एक्स्पोले नेपालसहित दक्षिण एसियाली क्षेत्रका मुलुकको आर्थिक तथा व्यावसायिक विकासमा सहयोग पुऱ्याउने आयोजकले जनाएको छ।

काठमाडौंको भृकुटी मण्डपमा भएको एक्स्पोले दक्षिण एसियाली क्षेत्रको सांस्कृतिक तथा आर्थिक क्षेत्रमा क्षेत्रगत सञ्चार र सहकार्यका लागि भूमिका खेल्ने अपेक्षा गरिएको छ। उद्घाटन कार्यक्रममा बोल्नु हुँदै सूचना तथा सञ्चार मन्त्री मोहन बहादुर बस्नेतले यसबाट नेपालले अन्य मुलुकमा उद्योग र व्यापारमा प्रयोग भइरहेको नयाँ प्रविधिका बारेमा जान्ने अवसर पनि हो। क्षेत्रगत रूपमा आफ्ना वस्तु तथा सेवाको प्रवर्द्धनका लागि पनि सहयोग पुग्ने उहाँले बताउनुभयो। पछिल्लो समयमा राजनीतिक स्थिरताका कारण लगानीमैत्री वातावरण स्थापित भएको भन्दै मन्त्री बस्नेतले आन्तरिक र बाहय दुवै खालका लगानीमा वृद्धि हुने अपेक्षा सरकारले राखेको बताउनुभयो।

एक्स्पोमा ऊर्जा, सूचना प्रविधि, हस्तकला, गरगहना, छालाका उत्पादन, गर्मेन्टस्, चिया, जुत्ता, होम अप्लायन्स, साँस्कृतिक तथा जातीय पहिरनहरू, खानाका लगायत विभिन्न वस्तु तथा सेवाका १ सय ५० भन्दा बढी स्टलहरू रहनेछन्। कार्तिक १९ गतेसम्म चल्ने एक्स्पोको आयोजक चाइना साउथ एसिया एक्स्पो सचिवालय रहेको छ।


## JAGDAMBA STEEL

देशको मेरुदण्ड

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६/९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२/६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

## Free Seminar

Study in Europe

American College, Cyprus
Join the Seminar with Mr.Tasos Anastasiou Director of Admissions

Subjects Offered
- Marketing
- Hotel Management
- Culinary Arts
- Business Administration
- Human Resource Management
- International Business
- Management Information System
- MBA

No visa interview
Now E-Visa

venue: OEC premises
Date: 5th November, 2017 Sunday (19 Kartik 2074)
Time : 2 PM onwards

OEC OVERSEAS EDUCATIONAL CENTER
Tel : 5555037, 5543012
E-mail : overseas@vianet.com.np
Opp. St. Xaviers School, Jawalakhel


## बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.

### बिराटनगर शाखाको ३५ दिने सार्वजनिक सूचना

देवदत्त घिमिरेको नाति, लक्ष्मी प्रसाद घिमिरेको छोरा, तेजकुमारी घिमिरेको पति मोरङ्ग जिल्ला, बिराटनगर महानगरपालिका वडा नं. १० बस्ने बर्ष ७८ को अनन्त घिमिरेको नाममा यस बैंकको बिराटनगर शाखामा खाता नं. ०३०८०००००६१७५२४ को बचत खाता रहेकोमा खाताबाला अनन्त घिमिरेको मिति २०७४/०५/२० गतेमा स्वर्गवास भएको भनी नेपाल सरकार, संघिय मामिला तथा स्थानिय बिकास मन्त्रालय, स्थानिय पञ्जिकाधिकारीको कार्यालय, बिराटनगर महानगरपालिका, मोरङ्गको, मिति २०७४/०६/०४ गतेको मृत्युदर्ता प्रमाण पत्र लगायतका कागजातहरू पेश गरी स्व. अनन्त घिमिरेको पत्नी श्रीमति तेज कुमारी घिमिरेले उक्त रकमको भुक्तानी पाउं भनि निवेदन गर्न आउनु भएकोले सर्वसाधारणलाई यो सूचना प्रकाशित गरिएको छ । निवेदकको निवेदन बमोजिम यस बैंकको उक्त खातामा रहेको उक्त रकमको भुक्तानी निज निवेदकले भने बमोजिम दिन नपर्ने कुनै कारण भए वा अन्य कसैको हक लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन म्यादभित्र यस बैंक अफ काठमाण्डू लिमिटेडको बिराटनगर शाखामा आफनो लिखित प्रमाण कागजहरू सहित दावी गर्न आउनुहुन अनुरोध गरिएकोछ । लेखिए बमोजिमको म्यादभित्र कोही कसैको दावी पर्न नआएमा बैंकको नियमानुसार भएर जाने र सोकोलागी बैंक जिम्मेवार नहुने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

## ताम्रकार कुलदेवता उग्रचण्डी माई संरक्षण समिति (ताम्रकार समाज) को
### १५ औं साधारण सभा सम्बन्धि अत्यन्त जरूरी सूचना

यही २०७३ असोज १ गते शनिबार र २ गते आइतबार हुने यस समितिको १५ औं साधारण सभाको कागजातहरु सम्पूर्ण सदस्यहरुको ठेगानामा पठाइसकेको छ । कथंदाचित कसैको कागजात नपुगेको भए यसै सूचनालाई आधार मानी यही २०७४ कार्तिक २५ गते भित्र नवीकरण तथा दर्ताको लागि यस समितिको सचिवालयमा वा फोन नं ५५४९४१२, ५००९२३९ मा सम्पर्क राख्नु हुनु हार्दिक अनुरोध गर्दछु । सो साधारण सभामा नयाँ कार्य समितिको निर्वाचन समेत हुने भएकोले निर्वाचन सम्बन्धी जानकारी लिन समितिको कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध गर्दछु । साधारण सभा सम्बन्धी सूचना यस समाजको वेभ साइट www.tamrakar.org मा पनि राखिएको छ ।

शम्भु गोविन्द ताम्रकार
महासचिव
ता. कु. दे. उ. मा. सं.स
(ताम्रकार समाज)
जावलाखेल ललितपुर

## शिखर अर्गनाईजेशन लि.
का.म.न.पा. ३, बाँसबारी, काठमाडौं, फोन नं : ०१-४३७१४२१

### बिशेष साधारण सभा सम्बन्धि सुचना

यस शिखर अर्गनाइजेशन लि. को बिशेष साधारण सभा निम्न मिति, स्थान, र समयमा बस्ने भएकोले सो साधारणसभामा उपस्थित हुन सबै शेयरधनी महानुभानहरुलाई उक्त साधारण सभामा पेश हुने प्रस्ताव सहितको पत्र पठाइएको छ उक्त पत्र नभएमा यसै सुचनालाई आधारमानी साधारण सभामा उपस्थित भई दिनुहुन सबै शेयरधनी महानुभावहरुलाई अनुरोध छ ।

**साधारण सभा पेश हुने छलफलका बिषयहरू :**

१) पुँजी बृद्धिका लागि कम्पनीको प्रबन्ध पत्रको दफा ६ (क) (ख) संसोधन गर्ने प्रस्ताव सम्बन्धमा
२) बिबिध

**साधारण सभा हुने स्थान मिति र समय :**

मिति : २०७४/०८/०४ गते
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा. ३, बासबारी, काठमाडौं ।
समय : विहानको १०:०० बजे

केदारनाथ शर्मा
संचालक अध्यक्ष

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ कात्तिक १७, अक्टोबर ३, २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० का रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०३।०८ | १०३।०८ |
| युरो १ का रू. | १२०।११ | १२०।११ |
| पाउन्ड स्टर्लिङ १ का रू. | १३६।१८ | १३६।१८ |
| स्विस फ्रन्क १ का रू. | १०३।१६ | १०३।१६ |
| अस्ट्रेलियन डलर १ का रू. | ७९।३६ | ७९।३६ |
| क्यानाडियन डलर १ का रू. | ८०।२५ | ८०।२५ |
| सिङ्गापुर डलर १ का रू. | ७५।८० | ७५।८० |
| जापानी यन १० का रू. | ९।०४ | ९।०४ |
| चिनियाँ युआन १ का रू. | १५।५९ | १५।५९ |
| साउदी अरब रियाल १ का रू. | २७।४९ | २७।४९ |
| कतारी रियाल १ का रू. | २८।३१ | २८।३१ |
| थाई भाट १ का रू. | ३।११ | ३।११ |
| सं. अरब इमिरट दिराम १ का रू. | २८।०७ | २८।०७ |
| मलसियन रिङ्गिट १ का रू. | २४।३७ | २४।३७ |
| दक्षिण कारियन वन १०० का रू. | ९।२७ | ९।२७ |

#### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रू. | १२।२९ |
| डनिस क्रानर १ का रू. | १६।१४ |
| हङकङ डलर १ का रू. | १३।२१ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

## हामा बहुउदेश्यीय सहकारी संस्था लि.को कर्जा नतिर्ने ऋणीको धितो लिलाम हुने सुचना

यस संस्थाको कार्यालय त्रिपुरेश्वरबाट तपशिलमा उल्लेखित ऋणीले ब्यक्तिगत कर्जा शिर्षक अन्तरगत लिएको ऋण कर्जा को समय समयमा तिर्नु बुझाउनु पर्ने सावा ब्याज नतिरि नबुझाई ऋण कर्जा सम्बन्धि शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएको र पटक पटक लिखित एंव मौखिक तर ताकेता गर्दा समेत कर्जा चुक्ता नगरेको हुंदा दैनिक पत्र पत्रिकामा ३५ दिने सुचना प्रकाशित गरि सम्पुर्ण सावा ब्याज र सो मा लागेको हर्जाना ब्याज समेत चुक्ता गर्न अनुरोध गरेकोमा कर्जा चुक्ता गर्ने तर्फ बेवास्ता गरेकोले सहकारी ऐन २०४८ को दफा ३९ तथा सहकारी नियमावली २०४९ को नियम २५ बमोजिम सुरक्षणमा रहेको तपशिलमा उल्लेखित अचल सम्पत्ति जहां जे जस्तो अवस्थामा छ सोहि अवस्थामा तपशिलमा उल्लेखित मिति र स्थानमा लिलाम विक्रि गरिने हुंदा लिलाम डांक बढावढ गरि लिन इच्छुक महानुभावहरु सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ धितो जमानत दिनु हुने ब्यक्तिलाई पनि सुरक्षणमा रहेको अचल सम्पत्ति लिलाम विक्रि गरिने बारे सुचना पठाई सकिएको छ। उक्त सुचना प्राप्त नभएमा यसैलाई सुचना मानी जानकारी गराउंदछौ ।

तपशिल

| कर्जावालाको नाम थर र ठेगाना | कर्जा शिर्षक | २०७४/७/१६ गते सम्मको सांवा,ब्याज,हर्जाना समेत | लिलामी हुने धितोको विवरण | लिलामी हुने मिति स्थान र समय |
|---|---|---|---|---|
| शर्मिला रायमाझि<br>बाजे : भैरव बहादुर के.सी.<br>बाबु : कृष्ण बहादुर खत्री<br>पति : कोमल कुमार रायमाझि<br>का.जि.जोरपाटी गा.वि.स. वडा नं.८ आरुवारी | ब्यक्तिगत | रु.९७६०३०५।२२ | ऋणी र ऋणीको भाई सुमन के.सी.को नाममा मा.पो.का. कलंकीमा दर्ता श्रेस्ता कायम रहेको का.जि.टल्कुडुडे चौर गा.वि.स. वडा नं. ६ स्थित कि.नं. १८७ को क्षे.फ. २-९-२-० (१३१९।५४ व.मि.) र कि.नं.१९२ को क्षे.फ.२-४-३-०(११६८।५१ व.मि.) जग्गा र लिगलगापात समेत | मिति : २०७४।८।२१<br>संस्थाको कार्यालय त्रिपुरेश्वर, वडा नं.११<br>दिनको १ बजे देखि ४ बजे सम्म |

नोट: (१) लिलाम हुने दिन ऋणी निजको प्रतिनिधि तथा धितो जमानी दिने ब्यक्तिलाई लिखित सुचना पठाइने छ पत्र प्राप्त नभएमा यसै सुचनाबाट सुचना प्राप्त भएको मानिने छ।
(२) लिलाम अन्तिम पटक सवैभन्दा बढि कवोल गर्ने व्यक्तिले आफूले कबूल गरेको अंकको १०% ले हुने रकम नगदै धरौटि बापत तुरुन्त बुझाउनु पर्ने छ।
(३) डांक बढावट गर्दा सवैभन्दा बढि अंक बोल्ने ब्यक्तिलाई चल अचल सम्पत्ति दिने वा नदिने सम्पुर्ण अधिकार संस्थामा सुरक्षित रहने छ।
(४) लिलाम सकार गर्ने ब्यक्तिले लिलाम स्विकृत भएको सूचना पाएको ७ दिन भित्र बांकि रकम बूझाई सकार गरी नलिएमा धरौटि वापत जम्मा भएको १०% रकम स्वत जफत हुने छ।
(५) धितो लिलाम विक्रिबाट सम्पुर्ण रकम असुल उपर नभएमा ऋणी तथा धनजमानी दिनेको अन्य जायजेथाबाट असुल उपर गरिने छ।
(६) तोकिएको लिलामको दिन बिदा परेमा सो को भोलि पल्ट लिलाम कारवाहि गरिने छ। साथै लिलामी कारवाहि गर्दा गर्दै नभ्याएमा भोलिपल्ट पुन: लिलाम कार्य हुने छ।
(७) लिलाम हुने दिन कुनै कारण लिलाम कार्य स्थगित गर्नु परेमा संस्थाले लिलाम कार्य स्थगित गरि पुन समय तोकी संस्थाको सुचना पाटिमा सुचना प्रकाशित गरिनछ ।
(८) लिलाम हुने जग्गा सम्बन्धि केहि कुरा बुझ्नु परेमा सम्बन्धित संस्थाको कार्यालयमा सम्पर्क गरी बुझ्न सकिने छ।

**हामा बहुउदेश्यीय सहकारी संस्था लि.**
प्रधान कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ
फोन नं.४२१९९३५, ४२२८८७५

## उपभोक्ताको मनमा रहने पुन:स्मरणको कार्य




नेपाल समाचारपत्र

काठमाडौं

अहिलेको डिजिटल प्लेटफर्मको निरन्तरको विकास र सामाजिक सञ्जालको क्रान्तिकारी प्रभावित पार्ने कदमले अहिलेका उपभोक्ता परम्परागत ब्रान्ड अभियानले प्रभावित हुन निकै कठिन हुँदै गएको छ। उनीहरू बजारशास्त्र अभियान उपभोक्ताको मनमा पहिलो स्थानमा रहने प्रयासमा ब्रान्डलाई परिवर्तन गरिरहेका छन्। तसर्थ, हिजोआज हरेक ठूला ब्रान्ड र कम्पनीद्वारा उपभोक्तामाझ ब्रान्ड मन पराउने र ब्रान्ड रुचाउने सिर्जना गर्नु सबैभन्दा नयाँ लक्ष्य हो।

नेपालमा, धेरै ब्रान्डले यो बाटो अंगालेका छैनन्। नेपालमा, केही स्थानीय ब्रान्डले विगतका समयमा यस्तो माध्यम अपनाएर सफल रूपमा आफ्नो ब्रान्डको सिर्जनात्मक उपस्थिति दर्शाएका थिए। यी ब्रान्डले उपभोक्तासँग भावनात्मक प्लेटफर्म तयार पारेर सम्बन्ध बिस्तार गरेका थिए। तर यसलाई निरन्तरता दिनु र ब्रान्ड मनपराउने सोही माध्यमलाई कायम गर्नु एउटा चुनौतीको रूपमा आएको छ।

कोका-कोलाले पनि उपभोक्ताको भावनात्मक विषयमा समझदारी बनाउनका लागि विभिन्न परिष्कृत तहका अभियान तयार पारेको छ। भर्खरै मात्र, कोका-कोला ब्रान्डले सोही भावनात्मक मार्गद्वारा नेपाली उपभोक्तासँग सम्बन्ध बढाउने प्रयासलाई अगाडि बढाएको छ। त्यस्ता अभियानमा 'फेरि उठ्नेछ नेपाल', 'कोकाकोला मोमोत्सव', विश्व अभियान 'शेयर अ कोक' आदि रहेका छन्।

नेपालमा कोका-कोलाको इतिहासमा पहिलोपटक, कम्पनीले सम्बन्धका लागि स्थान सिर्जना गर्न आफ्नो ब्रान्ड लोगोलाई त्यसको लेबलबाट हटाएको थियो। यस्तो अभ्यास ठूलो ब्रान्डको तर्फबाट अनपेक्षित रहेको हुन्छ जबकी त्यसको लोगो नै ब्रान्डको परिचय हो। नेपाली उपभोक्ताका लागि विशेष र फरक लेबल बनाइएको थियो र लेबलबाट ब्रान्डको लोगो हटाउन सहमत भएको थियो, जसले सम्बन्धहरूलाई मनाउन र उत्साहित बनाउन विशेष सन्देशका लागि ठाउँ सिर्जना गरेको थियो।

कुनै बहुराष्ट्रिय कम्पनीले त्यस्तो सशक्त अभियान स्थानीय बजारका लागि त्यस्तो गहिरो भावनात्मक सन्देशका साथमा सिर्जना गरेको देखेको छु। अनेकौं पटक, प्रत्येक बजार र देशले ठूला ब्रान्डका लागि कयौं अवसर सिर्जना गरेका हुन्छन्, जसमा स्थानीय चाडवाडको प्रयोग र उनीहरूको उपभोक्तासँग सम्पर्क गर्ने अवसर सिर्जना गरेका हुन्छन्। यदि यसलाई निकै राम्रोसँग प्रयोग गर्न सकिएमा उनीहरूको मनसम्म पुग्ने उत्कृष्ट माध्यमको रूपमा हुन सक्दछ। उपभोक्तासँग मनदेखि नै सम्बन्ध गाँस्ने र ब्रान्डको मनदेखि नै पुन:स्मरण गराउने कार्य उनीहरूको मस्तिष्कमा ब्रान्डको पुनस्मरण गराउनुभन्दा प्रभावकारी उपाय हो।

जब ब्रान्डले आफ्ना उपभोक्तासँग सम्बन्ध गाँस्न स्थानीय बाटोबाट निकै ठूलो कदम उठाउँछ, त्यो आफ्ना उपभोक्ताका अझ ठूलो र उच्च सम्मानित ब्रान्डको रूपमा कायम रहन्छ। आगामी दिनमा अन्य ब्रान्डले पनि उनीहरूको उपभोक्ताहरूसँग सम्बन्ध जोड्न यस्तै मार्ग अपनाउनेछन् र स्थानीयलाई आबद्ध गरेर बनाईएको फरक किसिमका प्रवर्द्धनात्मक अभियानको साक्षी हामी हुन पाउनेछौं। यसले विश्वस्तरमा सोचौं, स्थानीयस्तरमा गरौं भन्ने नारालाई सार्थक बनाउँछ।

*(दिपु लामा, डाइरेक्टर, क्लाइन्ट सर्भिसिङ्को विचारमा आधारित)*

# रियल मेड्रिडलाई हराउँदै टोटनहयाम प्रिक्वार्टरमा

लन्डन, (एजेन्सी)

युएफा च्याम्पियन्स लिगअन्तर्गत समूह एचबाट इंग्लिस प्रिमियर लिग टोली टोटनहयाम हट्सपोरले प्रिक्वार्टरमा स्थान पक्का गरेको छ।

बुधबार राति वेम्बली रंगशालामा भएको खेलमा घरेलु टोलीले डिफेन्डिङ च्याम्पियन रियल मेड्रिडलाई ३-१ गोल अन्तरले स्तब्ध तुल्याउँदै अन्तिम १६ स्थान सुरक्षित गऱ्यो। टोटनहयामको शानदार जितमा डेले अल्लीले दुई गोलको योगदान गरेका थिए। खेलको २७औं मिनेटमा केरियन ट्रिप्पिएरको पासमा अल्लीले गोलको खाता खोलेका थिए।



पहिलो हाफसम्म एक गोलले अघि रहेको टोटेनहयामले डेली अल्लीको व्यक्तिगत दोस्रो गोलमार्फत खेलको ५६औं मिनेटमा अग्रता दोब्बर पारेका थिए। डी एरिया नजिकैबाट उतकृष्ट प्रहार गर्दै अल्लीले टोटनहयामको अग्रता दोब्बर पारेका थिए।

यसै गरी खेलको ६५औं मिनेटमा टोटनहयामले काउन्टर-एटचाकमा सृजना गरेको अवसरलाई गोलमा परिणत गरेको थियो। हेरी केनको पासमा क्रिस्टियन एरिक्सनले उत्कृष्ट गोल गर्दै टोलीलाई ३-० को अग्रतामा राखेका थिए। रियलले खेलको ८०औं मिनेटमा एक गोल फर्काउन सफल भयो। स्टार स्ट्राइकर क्रिस्टियानो रोनाल्डोले रियलका लागि फर्काएको उक्त सान्त्वना गोलमा आफ्नो नाम लेखाउन सफल भए। जितसँगै टोटनहयाम ४ खेलमा १० अंकसहित नकआउट चरणमा पुग्दा रियलले अर्को चरण पुग्न कम्तीमा अर्को खेलसम्म कुनुपर्ने भएको छ। यसै समूहमा रहेका बोरुसिया डर्टमन्ड र एपोएल निकोसियाले १-१ गोलको बराबरी खेल्दै अंक बाँडे। डर्टमन्ड र निकोसियाको चार खेलबाट समान दुई-दुई अंक रहेको छ।

### सिटी पनि अन्तिम १६ मा

च्याम्पियन्स लिगको समूह 'एफ'अन्तर्गतको खेलमा जित्दै इंग्लिस क्लब म्यानचेस्टर सिटीले पनि अन्तिम १६ मा स्थान बनाएको छ। बुधबार राति इटालियन सिरी 'ए' क्लब नेपोलीलाई ४-२ गोल अन्तरले हराएर सिटीले नकआउट पुग्ने ढोका खोलेको थियो। यसै खेलमा गोल गरेर सर्जियो अगुएरो सिटीका सर्वाधिक गोलकर्तासमेत बनेका छन्।

आक्रामक शुरुआत गरेको नेपोलीले खेलको २१औं मिनेटमै अग्रता लिएको थियो। ड्रायस मर्टेन्सको पासमा लोरेन्जो इन्सिन्याले गोल गर्दै घरेलु टोलीलाई अग्रता दिलाएका थिए। तर खेलको ३४औं मिनेटमा इल्के गुन्डोगनको क्रसमा डिफेन्डर निकोलास ओटामेन्डिले गोल गर्दै सिटीलाई खेलमा फर्काए।

४८औं मिनेटमा सिटीका लागि जोन स्टोन्सले हेडमार्फत गोल गर्दै सिटीलाई खेलमा अग्रता दिलाए। तर लेरोय सानेको फलमा पाएको पेनाल्टीलाई फ्रेलो फिल्होले गोलमा परिणत गरेपछि नेपोलीले फेरि बराबरीमा पुग्यो। बराबरी गोल फर्काएको सात मिनेटपछि नै अगुएरोले काउन्टर-एटचाकमा गोल गर्दै सिटीलाई खेलमा पुनः अग्रता दिलाए। उक्त गोलसँगै अगुएरो म्यानचेस्टर सिटीको इतिहासमा सबैभन्दा बढी गोल गर्ने खेलाडी पनि बने। खेलको इन्जुरी समयमा रहिम स्टर्लिङले गोल गरेपछि सिटीले ४-२ को सहज जित आत्मसात गऱ्यो।

चार खेलमा १२ अंक बटुल्दै सिटी समूह 'एफ'को अग्रस्थानमा रहँदा तीन अंकका साथ नेपोली तेस्रोमा छ। यसै समूहको अर्को खेलमा युक्रेनको शख्तार डोनेस्कले नेदरल्यान्ड्सको फेयेनूर्डलाई ३-१ ले हराउँदै ९ अंक बटुल्न सफल भएको छ। शख्तार समूह दोस्रो स्थानमा रहेको छ।

### लिभरपुल र सेभियाको जित

च्याम्पियन्स लिग फुटबलअन्तर्गत बुधबार राति भएको समूह 'ई'को खेलमा इङ्ल्यान्डको लिभरपुलले स्लोभेनियाको मारिबोरलाई ३-० ले हराउँदा स्पेनको सेभियाले पनि रसियाको स्पार्टा मस्कोलाई २-१ ले पराजित गऱ्यो। यस समूहमा चार खेलबाट आठ अंक जोडेको लिभरपुल शीर्ष स्थानमा रहँदा दोस्रो स्थानको सेभियाको समान खेलबाट सात अंक भएको छ।

## धरहरा

### बेमौसमको बाजा



नेपाल प्रहरीको अनुसन्धानमाथि पटकपटक प्रश्न उठ्छ किन यो उत्तर धरहराले खोज्न थालेको पनि वर्षौं भइसक्यो अहिलेसम्म कारण पत्ता लगाउन सकेको छैन।

प्रहरी भनेको त समयमा नै परिचालित हुने फौज हो भन्ने सोचाइ धरहराको थियो तर त्यो गलत रहेछ। निर्वतमान आईजीपी उपेन्द्रकान्त अर्यालको बिदाइ गर्न लागेको देखेर तीन छक परेको छ धरहरा।

अर्याल आईजीपीबाट अवकास पाएको पनि एक वर्ष बित्न लाग्यो। प्रहरी प्रधान कार्यालयले भने भर्खर आएर औपचारिक रूपमा बिदाइ गर्न लागेको छ। आज तामझामका साथ अर्यालको बिदाइ भन्दै चिसोमा चुस्कीको व्यवस्थासहितको कार्यक्रम आयोजना गर्न लागेको देखेपछि धरहरले भन्यो बेमौसमको बाजा बजाउन किन लाग्या होला नेपाल प्रहरी? केही बुझ्नेन धरहराले। हजुरहरूले केही बुझ्ेको भए जानकारी पाउँ है पाठकवृन्द?

# राजधानीमा थप जिम खाना

काठमाडौं, (नेस)

स्वस्थ नागरिक राष्ट्रको आवश्यकता भन्ने नारालाई मूर्तरूप दिने उद्देश्यले राजधानीमा नेक्स्ट लेभल जिम तथा फिटनेस सञ्चालनमा आएको छ।

बिहीबार एक कार्यक्रमबीच मिस्टर युनिभर्स, मिस्टर इन्डिया तथा मिस्टर महाराष्ट्र संग्राम चौग्यलले उक्त फिटनेस सेन्टरको उद्घाटन गरे। नागार्जुन नगपालिका ठूलो भऱ्याङस्थित स्थानमा सञ्चालनमा आएको फिटनेस सेन्टरबाट शारीरिक सुगठनमा लाग्ने र स्वस्थ हुन चाहने त्यस स्थानका बासिन्दाले फाइदा लिन सक्ने आयोजकले जनाएका छन्। करिब १ करोड १० लाखको लगानी रहेको फिटनेस सेन्टर चार जनाको लगानीमा सञ्चालनमा आएको हो। जसमा महेश महर्जन, मिलन अधिकारी, अरूणकुमार प्रधान र पासाङ पाखिनको लगानी रहेको छ।

फिटनेसमा अत्याधुनिक शारीरिक सुगठनको सामग्री उत्पादन गर्ने कम्पनी फिटलाइनको उपकरण तथा सामग्री राखिएको छ। उद्घाटनकै क्रममा विश्वमा शारीरिक सुगठनको इभेन्ट म्यानेजमेन्टमा ख्याति कमाएको कम्पनी बडी पावरका सीईओ निक अर्टनलगायत प्रतिनिधिहरूको समेत उपस्थिति रहेको थियो। निकले २९ देशमा आफ्नो कम्पनीले शारीरिक सुगठनको इभेन्ट अर्गनाइज गरिसकेको भन्दै नेपाल अब ३०औं देश हुने बताए। उनले नेपालका नागरिक आतिथ्यपूर्ण र हंसमुख रहेको भन्दै यहाा शारिरीक सुगठनको प्रचुर सम्भावना रहेको बताए।

शारीरिक सुगठन क्षेत्रमा नेपालले विश्व एरिनमा आफ्नो पहिचान बनाउँदै आएको छ। हालै मात्र दिल्लीमा आयोजित विश्व पावरलिफ्टिङ च्याम्पियनसिपमा नेपाली खेलाडीहरूले १/१ स्वर्ण, रजत र कांस्य पदक प्राप्त गर्न सफल भएका थिए।

# नेपाली महिला क्रिकेट टोली घोषित

काठमाडौं, (नेस)

थाइल्यान्डमा हुने महिला विश्व टी-२० क्रिकेट प्रतियोगिताअन्तर्गत एसियाली क्षेत्रको छनोट खेल खेल्न १४ सदस्यीय नेपाली महिला टोलीको घोषणा भएको छ। टोलीको कप्तानी रुबिना क्षेत्री बेलबासीले गर्नेछिन् भने उपकप्तानमा सीता राना मगर रहेकी छिन्। अन्य छनोट खेलाडीमा ज्योति पाण्डे, सरिता मगर, नेरी थापा, रोमा थापा, इन्दु वर्मा, करुणा भण्डारी, सोनु खड्का, लक्ष्मी चौधरी, रितु कनौजिया, शबनम राई, काजल श्रेष्ठ र संगीता राई रहेका छन्।



वैकल्पिक खेलाडीमा कविता कुँवर, नीतु भण्डारी र रेखा रावललाई राखिएको छ। यसअघि २२ सदस्यको टोली छनोट भएकामा त्यसबाट ५ खेलाडी फ्यालिएका थिए। टोलीमा नअटाउने खेलाडीहरू शोभा आले, बिनु बुढा मगर, अञ्जली चन्द, एलिसा क्षेत्री र सरस्वती चौधरी हुन्।

| नेपालको चारै खेल नोभेम्बरमै हुने | |
|---|---|
| २० | थाइल्यान्ड |
| २१ | हङकङ |
| २३ | यूएई |
| २६ | चीन |

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी), नेपालको पुरुष राष्ट्रिय टोलीका प्रमुख प्रशिक्षक जगत टमाटा, नेपाली राष्ट्रिय महिला क्रिकेटका प्रशिक्षक सामसन जंग थापा तथा नेपाली राष्ट्रिय टोलीकी कप्तान रुविनाको छलफलबाट खेलाडी छानिएको थियो। सो छनोट प्रतियोगिताको फाइनल जितेमा नेपालले आगामी वेस्टइन्डिजमा हुने विश्वकप टी-२० मा खेल्न पाउनेछ।

## भेट्रान कप फुटबल शुरू

हेटौंडा, (नेस)

हेटौंडा-७, नागस्वतीमा भेट्रान कप राष्ट्रिय फुटबल प्रतियोगिता शुरू भएको छ। उद्घाटन खेल भरतपुर भेट्रान चितवन र सानो गौचरन काठमाडौंबीच भएको थियो। निर्धारित ४० मिनेटसम्म गोल हुन नसकेपछि टाइब्रेकरमा सानोगौचरनले भरतपुर भेट्रान चितवनलाई ४-३ अन्तरले हरायो।

दोस्रो खेलमा वीरगञ्ज युनाइटेडले रोशन श्रेष्ठको निर्णायक गोलसँगै सनसाइनिङ कैलालीलाई १-० ले पराजित गऱ्यो। तेस्रो खेलमा एबीसी पोखराले वीरगन्ज युथ एकेडेमीलाई ३-० अन्तरले हराएको थियो। म्यान अफ दि म्याच हरि खड्काको २ र मानकाजी गुरुङको १ गोलको मद्दतले वीरगन्जलाई घर फर्काइएको थियो। राष्ट्रिय र स्थानीय गरी ११ टिमको सहभागिता रहेको प्रतियोगिता विजेताले ६० हजार र उपविजेताले ४० हजार नगद प्राप्त गर्नेछन्। म्यान अफ दि सिरिजले नगद ५ हजार रुपियाँ हात पार्नेछ। प्रतियोगिता कात्तिक १८ गतेसम्म चल्नेछ।

## खुदी बजारमा भलिबल सम्पन्न

लमजुङ, (नेस)

लमजुङमा ठूली एकादशी मेलाका अवसरमा मर्स्याङ्दी गाउँपालिकाको खुदी बजारमा जिल्लास्तरीय 'ऐतिहासिक एकादशी मेला रनिङ सिल्ड भलिबल प्रतियोगिता' गरिएको छ। दुई दिनसम्म चलेको प्रतियोगिताको फाइनल खेल बेसीशहरस्थित रूद्र फर्निचर टिम र खुदीको हिमचुली आमाविका बीचमा भएको थियो। कुल १२ टिमले भाग लिएको प्रतियोगितामा सदरमुकाम बेसीशहरस्थित रूद्र फर्निचर टिम पहिलो भयो। पहिलो हुने टोलीले २० हजार नगद, ट्रफी प्राप्त गर्दा दोस्रो हुने हिमचुली आमाविको टिमलाई १० हजार नगद दिइएको थियो।

# किर्गिस्तानमा नेपाल फेरि पराजित

नेपाल समाचारपत्र

काठमाडौं

किर्गिस्तानमा जारी एएफसी यू-१९ च्याम्पियनसिप फुटबलमा १० खेलाडीमा सीमित नेपालले अर्को पराजय बेहोरेको छ।

किर्गिस्तानको बिस्केकस्थित डोलेन ओमुरजाकोभ रंगशालामा बिहीबार भएको खेलमा नेपाल बहराइनसँग ४-० गोल अन्तरले हारेको हो। यो हारसँगै नेपालले आगामी वर्ष इन्डोनेसियामा हुने एएफसी यू-१९ च्याम्पियनसिप फुटबलमा छनोट हुने आशा पनि क्षीण भएको छ।

यसअघि नेपाली युवा टोलीले पहिलो खेलमा किर्गिस्तानसँग २-० को हार आत्मसात गरिसकेको थियो।

समूह 'ए'अन्तर्गत खेलमा नेपालले आगामी खेलहरूमा कात्तिक १८ गते संयुक्त अरब इमिरेट्स (यूएई) विरुद्ध र कात्तिक २२ गते ओमानसँग खेल्नेछ।

समूहमा शीर्ष हुने टोली सीधै अन्तिम चरणका लागि छनोट हुने भएकाले नेपालका लागि बाँकी यी दुई खेल जिते पनि समूह चरण पार हुने सम्भावना निकै कम रहेको छ।

बहराइनले २०औं मिनेटमा अली हसनको गोलबाट नेपाललाई १-० ले पछाडि पारेको थियो। पहिलो हाफसम्म नेपाल १-० ले मात्रै पछि थियो।

तर बहराइनविरुद्ध नेपाली टोलीको खेल डिफेन्समा बढी अड्किएपछि दोस्रो हाफमा तीन गोल बेहोर्न पुगेको थियो।

जसमा ६९औं मिनेटमा अलीले दोस्रो गोल गरे भने अन्तिमतिर मुबारक र हुसेनले तीन मिनेटभित्र एक-एक गोल थपेका थिए।

# एथ्लेटिक्स फिजिक्समा उदाउँदै रजनी




कविरस शर्मा

केही महिनाअघि काठमाडौं जिल्ला शारीरिक सुगठन तथा फिट्नेस संघले दोस्रो मिस्टर काठमाडौं शारीरिक सुगठन प्रतियोगिता आयोजना गरेको थियो। जसमा महिला एथ्लेटिक्स फिजिक्समा नेपाल व्यायाम मन्दिरकी रजनी श्रेष्ठले पहिलो स्थान हासिल गरिन्। ११ प्रतिस्पर्धीलाई हराउँदै उनले उपाधिसहित २० हजार नगद तथा अन्य उपहारसमेत हात पारेकी थिइन्।

जितबाट प्राप्त हुने पुरस्कारभन्दा पनि रजनीले पाको उमेरमा एथ्लेटिक्स फिजिक्समार्फत उदीयमान खेलाडीको रूपमा परिचय बनाउन सफल भइन्। हेर्दा पाको नदेखिएकी उनी उमेरले ३४ वसन्त छोइसकेकी भए पनि उनको स्फुर्तिको राज व्यायाम नै हो। महिला एथ्लेटिक्स फिजिक्समा प्रथम अन्तर्राष्ट्रिय पदक हासिल गरेकी ननिता महर्जन पनि यसै प्रतियोगिताको पहिलो संस्करणबाट उदायकी खेलाडी हुन्।

ननिताबाटै प्रेरित रजनीले पनि तीन वर्षअघि मात्र व्यायामलाई आफ्नो दैनिकीको रूपमा जोडेकी छिन्। जसको प्रतिफल उनले यस प्रतियोगिताको दोस्रो संस्करणमा पहिलो स्थान जितेर करिअर सफल बनाइन्। कुनै पनि व्यक्तिका लागि ३० वर्षपछिको उमेर व्यायामका लागि सहज हुँदैन।

शारीरिक कठिनाइहरू नै यसको प्रमुख चुनौती हो। अझ त्यसमाथि पनि नेपाली महिला खेलाडीको हकमा यो उमेरमा प्रतियोगिताका लागि नै लक्षित गरेर आफूलाई तयार पार्नु भनेको फलामको चिउरा चपाउनुसरह नै हो। तर ती सबै चुनौतीहरूसँग जुधेर रजनीले जुन सफलता हासिल गरिन् त्यसको श्रेय आफ्नो श्रीमान् समीर श्रेष्ठलाई दिन चाहन्छिन्।

ललितपुर निवासी रजनी पारिवारिक जिम्मेवारी र गृहस्थी जीवनमा बाँधिँदै आए पनि श्रीमान् समीर श्रेष्ठ र ससुरा धर्म श्रेष्ठको साथले नै यहाँसम्म पुऱ्याएको उनी बताउँछिन्। पछिल्लो समय नेपाली महिलाहरूमा व्यायामप्रति रूचि बढ्दै गए पनि शारीरिक सुगठन प्रतियोगितामा भने पुरुषहरूको तुलनामा महिलाहरूको सहभागिता कमै देखिन्छ। नियमित व्यायाम गरे पनि पारिवारिक असहयोग र अझै विधमान सामाजिक बन्देजका कारण कतिपय नेपाली महिलाहरू शारीरिक सुगठन खेल प्रतियोगितामा सहभागी हुँदैनन्।

तर रजनीको हकमा भने यसलाई विपरीत मान्न सकिन्छ। उनले सफलताको श्रेय आफ्नो परिवारलाई दिन्छिन्। विशेषतः उनका श्रीमान् समीरले नै उनलाई व्यायामप्रतिको मोह जगाएको बताउँछिन्। उनले भनिन्- 'मेरो ससुरा र श्रीमान् दुवै व्यायाममा रुचि भएका व्यक्तिहरू हुन्। एकप्रकारले व्यायाम घरको माहोलसँग नै जोडिएको थियो। शुरुका दिनमा मलाई व्यायामको बेसिक ज्ञान मेरो श्रीमान्ले नै सिकाउनुभएको थियो। विस्तारै व्यायाममा जम्न थालेपछि मात्र उहाँकै सहयोगमा म जिमखाना जान थालेकी हुँ।'

शारीरिक सुगठन मेहनतका साथसाथै खानपिनमा पनि बढी नै ध्यान दिनुपर्ने खेल हो। अन्य समयमा एक घण्टा र प्रतियोगिताको समयमा बिहान र बेलुका गरी दैनिक तीन घण्टा कसरत गरेकी रजनीसँग खानपिनको सन्दर्भमा जिज्ञाशा राख्दा प्रतियोगिता आउन एक महिना अघिदेखि नुनरहित खाना खाएको बताइन्। योबाहेक उनले करिब डेढ महिना अघिदेखि उसिनेको खानामा नै केन्द्रित भएको राज खोलिन्।



१७ वर्षीय छोराको आमा रजनी मोरङ मधुमल्लाकी स्थानीय बासिन्दा हुन्। दुर्गम क्षेत्रमा जन्मे पनि उनले व्यायाम क्षेत्रको विकासका लागि आफ्नो जन्मथलोमा जिमखाना पनि खोलेकी थिइन्। जिमखाना खोलेपछि शुरुका दिनमा व्यायाम गर्न स्थानीयहरूको ओइरो लागेको भए पनि अहिले त्यसो नभएको उनी बताउँछिन्। व्यायामप्रति स्थानीयमा देखिएको कम चासो र आफ्नो व्यस्त समयका कारण उनले अहिले जिमखाना नै बन्द गरिसकेका छन्। घरेलु प्रतियोगितामा स्वर्ण जितेकी उनले यतिमा नरोकिने बताइन्। दृढ संकल्प रहेको रजनीको अहिले अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाललाई पदक दिलाउने योजना रहेको छ। महिला एथ्लेटिक्स फिजिक्सको अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालका तर्फबाट पदक जित्ने आफ्नो लक्ष्य रहेको उनी बताउँछिन्। जसमा नेपालकै जेठो व्यायामशाला नेपाल व्यायाम मन्दिरका अध्यक्ष नारायण प्रधान र प्रशिक्षकहरूको सक्दो सहयोग र निर्देशनले थप ऊर्जा थपेको उनले बताइन्।




Subscribe the balanced and credible Nepal Samacharpatra.
Please call Corporate Office (4261179, 98510 69830, 9841 336729), Gaushala (98511 87322, 98433 37052),
amal Pokhari (98600 07570, 9841834632), Kalimati (98511 29457, 4233172), Patan (9841 507317, 9841 336729, 9860309746), Jhochhen (98510 93762, 4233172
Bhaktapur (9841 585321, 98510 93762), Banepa/Dhulikhel (9849 316660) from 10 am - 5 pm for more details.

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ